# परिच्छेद एक

# zf|wkl/ro

## १.१ विषय परिचय

प्रवासमा जन्मिएर पनि नेपाली समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेका अग्रणी समालोचकका रूपमा स्थापित प्रतापचन्द्र प्रधान (वि.सं. २०१०-) पेसागत रूपमा प्राध्यापन कार्यमा संलग्न छन् । कथा, निबन्ध लेखनमा कलम चलाए पनि उनले समालोचनालाई आफ्नो लेखनको मूल क्षेत्र बनाएका छन् । उनले खोजपूर्ण र ओजपूर्ण किसिमका समालोचना प्रस्तुत गरेर नेपाली समालोचनामा गहकिलो योगदान पुऱ्याएका छन् । हालसम्म उनका 'माध्यमिककालीन नेपाली कवितामा शृङ्गार' (२०३७), 'नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि' (२०४०), 'नेपाली कथावलोकन' (२०४०), 'आयामिक कथाकार इन्द्रबहादुर राई' (२०५७), 'उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला' (२०५८), 'प्रतिनिधि आधुनिक नेपाली लामा कविता' (२०५९) र 'सन्दर्भ : उपन्यासको' (२०६२) गरी सातओटा समालोचना सङ्ग्रह प्रकाशित छन् । यी बाहेक उनका थुप्रै फुटकर समालोचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका छन् । त्यस्तै 'आधुनिक नेपाली उपन्यासको विकासमा भ्रमर उपन्यासको योगदान', 'साहित्यकार रूपनारायण सिंहका सम्पूर्ण कृतिहरू', 'दार्जीलिङका दिवङ्गत साहित्यिक प्रतिभाहरू', 'पाश्चात्य साहित्यको रूपरेखा' लगायतका समालोचना ग्रन्थहरू प्रकाशोन्मुख छन् (शोधनायकबाट उपलब्ध व्यक्तिवृत्त, अन्तिम पातो) । यस शोध पत्रमा यिनै विभिन्न समालोचनाहरूद्वारा नेपाली समालोचनामा गहकिलो योगदान पुऱ्याउने समालोचक प्रतापचन्द्र प्रधान र उनका समालोचनाहरूको अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.२ शोधकार्यको समस्या

प्रतापचन्द्र प्रधानको जीवनी, व्यक्तित्व, कृतित्व, समालोचना यात्रा के-कस्तो छ र उनको समालोचनाहरुको अध्ययन विश्लेषण र मूल्याङ्कन तथा उनको योगदान र स्थान निर्धारण के-कसरी गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

आफ्ना दर्जनौं समालोचना र तिनमा व्यक्त विविध प्रवृत्ति एवं मूल्यका माध्यमबाट नेपाली समालोचनामा विशिष्ट योगदान पुऱ्याएका प्रतापचन्द्र प्रधान र उनका समालोचनाहरूको अध्ययनमा केन्द्रित यस शोधकार्यका शोधसमस्यासँग सम्बन्धित उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. प्रतापचन्द्र प्रधानको समालोचकीयताको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु ।

२. प्रतापचन्द्र प्रधानको जीवनी, व्यक्तित्व, कृतित्त्व र समालोचना यात्रा प्रस्तुत गर्नु ।

३.	प्रधानका समालोचनाहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु ।

४.	नेपाली समालोचना परम्परामा प्रधानको योगदान र स्थानको निर्धारण गर्नु ।

## १.४ पूर्वकार्यको सर्वेक्षण

सन् १९६७/६८ तिर सन्त जोसेफ कलेज, दार्जीलिङबाट निस्कने 'नर्थ पोइन्टर' पत्रिकामा प्रकाशित "मृत आत्माको अधुरो सपना" कथाबाट साहित्य यात्रा प्रारम्भ गरेको भए तापनि (शोधनायकबाट प्राप्त जानकारी) वि.सं. २०३० देखि मात्र प्रतापचन्द्र प्रधानको लेखनयात्रा प्रारम्भ र सार्वजनिक भएको देखिन्छ । त्यसबेलादेखि हालसम्म साहित्य, समालोचना, जीवनी र इतिहासजस्ता विधामा कलम चलाएर प्रसिद्ध बनेका प्रधानका समालोचनाहरूका बारेमा गरिएको अध्ययनको विवरण यसप्रकार रहेको छ ।

प्रा. राजेन्द्र सुवेदीले "नेपाली उपन्यास : परम्परा र प्रवृत्ति" (२०६४ साझा प्रकाशन) मा प्रतापचन्द्र प्रधानलाई दाजु पुस्ताको रूपमा चिनाएका छन् ।

राजनारायण प्रधान (सम्पा.) ले 'दार्जिलिङका कथा र कथाकार' भाग दुईमा प्रतापचन्द्र प्रधानलाई कथाकार र समीक्षकका रूपमा चिनाएका छन् (२०३९ : पृ. २०३) ।

वासुदेव त्रिपाठीको सम्पादनमा त्रि.वि.बाट प्रकाशित पत्रिका २०३९ को पृ. ४० मा प्रतापचन्द्र प्रधानलाई समालोचकका रूपमा उल्लेख गरिएको छ ।

चूडामणि बन्धुको सम्पादनमा ने.रा.प्र.प्र. बाट प्रकाशित 'कविता' (२०४२) पत्रिकामा पनि प्रतापचन्द्र प्रधानलाई समालोचकको रूपमा चिनाइएको छ ।

तारानाथ शर्माको 'नेपाली साहित्यको इतिहास' मा प्रतापचन्द्र प्रधानलाई जाँगरिला समालोचकका रूपमा समावेश गरिएको छ (शर्मा, २०५१ : २६६) ।

जयदेव भट्टराईले 'साहित्यकार परिचय र अभिव्यक्ति' मा प्रतापचन्द्र प्रधानलाई समालोचक र लेखकको रूपमा परिचित गराएका छन् (भट्टराई, २०५४ : २७७) ।

शैलेन्द्रप्रकाश नेपाल र अन्य सम्पादक रहेको 'वाङ्मय समालोचना' मा पनि प्रतापचन्द्र प्रधानलाई समालोचककै रूपमा चिनाइएको छ (२०५५ : पृ. २६१) ।

देवमणि प्रधानले 'हिमालचुली' (२०३९, कार्तिक ३ गते) पत्रिकाको प्रतिभा परिचयको मध्य भागमा प्रतापचन्द्र प्रधानलाई समालोचकका रूपमा परिचित गराएका छन् ।

कृष्णहरि बराल र नेत्र एटमले "उपन्यास सिद्धान्त र नेपाली उपन्यास" (२०५५) मा उपन्यास सिद्धान्तको चर्चा गर्ने क्रममा प्रतापचन्द्र प्रधानको उपन्यासः परम्परा र पृष्ठभूमि (२०४०) पुस्तकलाई पहिल्याउँदै अगाडि बढेको भन्दै प्रतापचन्द्रको प्रशंसा गरेका छन् ।

सुरेन्द्र चौहानले प्रतापचन्द्र प्रधान : जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन ( २०५८) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा प्रतापचन्द्र प्रधानको जीवनी, व्यक्तित्व

र कृतित्वको बारेमा विस्तृत र सुव्यवस्थित अध्ययन गरी निष्कर्षमा प्रतापचन्द्र प्रधानलाई समालोचकका रूपमा चिनाएका छन् ।

यसका साथै अन्य नेपाली साहित्यको इतिहास र समालोचना विधाको परम्परामा केन्द्रित ग्रन्थ एवं शोधपत्रहरूमा पनि उनको नाम समावेश भएको देखिन्छ ।

यी अध्ययनमध्ये केहीले प्रधानको परिचय र नामोल्लेख प्रस्तुत गरेर उनलाई स्थापित गराउने काम गरेका छन् । यी कार्यहरूले प्रतापचन्द्र प्रधानका पुस्तकाकार समालोचनाहरूको समग्र अध्ययन गर्न नसकेकाले उनको पुस्तकाकार समालोचनाका बारेमा समग्र अध्ययन गर्नु आवश्यक देखिन्छ । त्यसैले यस शोधपत्रमा उनका समालोचनाका रूपमा एकीकृत अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र उपयोगिता

नेपाली समालोचनामा विभिन्न विधामा केन्द्रित विविध प्रकारका सातओटा समालोचना ग्रन्थ र अन्यत्र छरिएका समालोचनाहरू लेखेर महत्त्वपूर्ण योगदान गरी एक अग्रणी समालोचकका रूपमा स्थापित भएका प्रधानका विषयमा गरिएका पूर्व अध्ययनहरू संक्षिप्त वा अपूर्ण र सामान्य प्रकारका भएकाले समालोचक प्रधान, उनको समालोचकीयता र उनका समालोचनाहरूको विशिष्ट अध्ययनमा केन्द्रित यो शोधकार्य स्वतः औचित्यपूर्ण र महत्त्वपूर्ण रहेको छ । यसले एकातिर प्रधानको बारेमा गरिनुपर्ने अध्ययनको आवश्यकतालाई परिपूर्ति गर्छ भने अर्कोतिर प्रधानको बारेमा गहन अध्ययन प्रस्तुत गरी उनलाई वरिष्ट समालोचकका रूपमा स्थापित तुल्याउन मद्दत गर्छ । त्यसैले पनि यो शोधकार्य औचित्यपूर्ण छ ।

समालोचक प्रधानका बारेमा जान्न चाहने शोधार्थी, विद्यार्थी र अन्य पाठक सबैका लागि यो ग्रन्थ उपयोगी रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

शोधकार्यको शीर्षकले सङ्केत गरे अनुसार यस शोधकार्यमा मुख्यतः प्रतापचन्द्र प्रधानको समालोचक व्यक्तित्व, उनको समालोचना यात्रा एवं प्रवृत्ति र उनका पुस्तकाकार समालोचनाहरूको अध्ययन गरिएको छ । उक्त अध्ययनका लागि आवश्यक पर्ने प्रधानको जीवनी र समालोचनाको सैद्धान्तिक पक्षलाई पनि यहाँ समावेश गरिएको छ । समालोचनाबाहेक प्रधानका अन्य साहित्यिक र गैरसमालोचनात्मक कृतिको चर्चा यहाँ समावेश गरिएको छैन ।

## १.७ शोधविधि

यस शोधकार्यमा आगमनात्मक र निगमनात्मक दुवै शोधविधिको प्रयोग गरिएको भए पनि मुख्यतः आगमनात्मक विधिको अवलम्बन गरिएको छ । त्यस क्रममा सामग्रीको

सङ्कलन, वर्गीकरण, व्याख्या, विश्लेषण र निष्कर्षको व्यवस्थित पद्धतिको अनुसरण गरिएको छ ।

### १.८ सामग्री सङ्कलन विधि

यस शोधकार्यमा मूलतः सामग्री पुस्तकालयीय सङ्कलन विधिको प्रयोग गरिएको छ भने आवश्यकता अनुसार क्षेत्रकार्यको पनि उपयोग गरिएको छ । त्यस क्रममा शोधनायक र उनका निकटस्थसँगको भेटघाट, वार्ता, उनीसँगको लिखित अन्तर्वार्ता एवं उनीबाट प्राप्त लिखित जानकारीको प्रयोग गरिएको छ ।

### १.९ शोधपत्रको रूपरेखा

यस शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : समालोचनाको विधागत सिद्धान्त

परिच्छेद तीन : प्रतापचन्द्र प्रधानको जीवनी, व्यक्तित्व, कृतित्त्व र समालोचना यात्रा

परिच्छेद चार : प्रतापचन्द्र प्रधानका समालोचनाहरूको अध्ययन

परिच्छेद पाँच : उपसंहार

यसरी सिङ्गो शोधपत्रलाई माथि उल्लिखित विभिन्न पाँच परिच्छेदअन्तर्गत प्रस्तुत गरिएको छ भने आवश्यकता अनुसार परिच्छेदगत शीर्षकहरूलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी व्यवस्थित ढाँचामा प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई

# ;dfnf|rgfsf| ljwfut :j¿k

## २.१ समालोचना : परिभाषा र तात्पर्य

प्रस्तुत शोधको प्रमुख अभीष्ट प्रतापचन्द्र प्रधानका समालोचनाकृतिहरूको अध्ययन र योगदानको निक्यौंल गर्नु हो । त्यसका लागि प्रथमतः समालोचना के हो र यसका कार्य तथा तात्पर्य के कस्ता छन् भन्ने आधारभूत प्रश्नको उत्तर पहिल्याउनु पनि आवश्यक हुन्छ । अतः समालोचनाको सैद्धान्तिक स्वरूपको अनुशीलन गर्ने काम तलका उपशीर्षकमा गरिएको छ ।

### २.१.१ समालोचनाको व्युत्पत्ति र अर्थ

'समालोचना' साहित्यिक कृतिको अध्ययन, आस्वादन र बोध गरेपछि त्यसबारे व्यक्त गरिएको एक किसिमको प्रतिक्रिया वा विचार हो । विश्वमै सर्वप्रथम साहित्य-सिर्जना भएको अनि त्यसपछि मात्र समालोचना कार्य भएको देखिन्छ । संस्कृत साहित्यमा समालोचनालाई सङ्केत गर्न 'नाट्यशास्त्र', 'काव्यशास्त्र', 'सौन्दर्यशास्त्र' जस्ता शब्दहरू प्रयुक्त भएका देखिन्छन् । पूर्व पश्चिम दुवैतर्फ साहित्य सिर्जनापश्चात् नै उपर्युक्त विभिन्न विधासँग सम्बन्धित 'शास्त्र' शब्दहरू आएका छन् । अरस्तुको 'काव्यशास्त्र' आउनुभन्दा पूर्व होमर, एस्किलस, सोफोक्लिज, युरिपाइडिज आदि कवि नाटककारहरूको साहित्य-सिर्जनाको लामो यात्रा पार भइसकेको देखिन्छ । पूर्वीय साहित्यमा पनि संस्कृति नाटककारहरूको रचना (इन्द्रध्वजोत्थानादि) पछि भरतमुनिको 'नाट्यशास्त्र' देखिएको हो (शर्मा, २०५६/०५७ : १६) । यसरी साहित्यकै पृष्ठभूमिमा समालोचनाको निर्माण भएको देखिन्छ ।

नेपालीमा आलोचना, समीक्षा, विवेचना, मूल्यनिर्णयजस्ता शब्दहरू समालोचनाकै समानार्थीका रूपमा देखिन्छन् । यसरी नै क्रिटिसिज्म, एप्रिएसन, रिभ्यू, ओपिनियन्जस्ता अङ्ग्रेजी शब्दहरू परस्पर समानार्थी रूपमा देखिन्छन् (कँडेल, २०५५ : ख) । संस्कृत व्युत्पत्ति अनुसार आलोचनाको अर्थ 'अवलोकन' अर्थलाई बहन गर्ने 'लुच' धातुमा 'णिच्' प्रत्यय लागेर 'लोच' बनेपछि यस 'लोच' शब्दमा 'यू' प्रत्यय थपिएर 'अन' आदेश हुँदा 'लोचन' शब्द व्युत्पादन हुन्छ । 'लोचन' शब्दमा समग्रबोधी 'आ' उपसर्ग र स्त्रीत्वबोधी 'आ' प्रत्यय लागेपछि 'आलोचना' शब्द व्याकरण सम्मत र सार्थक रूपमा निर्माण हुन्छ (सुवेदी, २०६१ : ८) । यही 'आलोचना' मा 'सम्' उपसर्ग थपिँदा 'समालोचना' शब्द बनेको देखिन्छ । 'समालोचना' शब्दको अर्थ 'नेपाली बृहत् शब्दकोश' (२०६० : १२३५) मा निम्न तीनवटा रहेका छन् :

१. कुनै विषयवस्तु वा कुरामा राम्रा/नराम्रा पक्षको मूल्याङ्कन निष्पक्षताका साथ गर्ने काम,

२.	कुनै साहित्यका विशेषता वा साहित्यिक कृतिका गुण दोषको वस्तुगत विवेचना र

३.	कुनै ग्रन्थ, लेख, व्यक्ति आदिका गुण दोषको सम्यक विवेचना गरिएको लेख वा प्रबन्ध, आलोचना, समीक्षामा । उपर्युक्त तीन खालका अर्थहरूबाटै 'समालोचना' शब्दको अर्थ प्राप्त गर्न सकिन्छ ।

### २.१.२ समालोचनाको परिभाषा

सिर्जनापछि समालोचना कार्य भएजस्तै समालोचनाको लेखन तथा प्रकाशन हुन थालेपछि समालोचनाको व्याख्या, विश्लेषण, टीका, टिप्पणी हुन थाल्यो । यसपछि समालोचनामा निहित रहेका विशेषताहरूलाई आधार बनाएर समालोचनाको परिचय तथा परिभाषा दिने क्रम प्रारम्भ भयो । समालोचनाका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न धारणा राखेका छन् । उक्त समालोचना सम्बन्धी धारणाहरू नै समालोचनाको परिभाषा बन्न पुगेको देखिन्छ । पूर्वीय काव्यशास्त्रीहरूले पनि समालोचना, शास्त्रका बारेमा विभिन्न लक्षण बताएका छन् । यसरी नै पाश्चात्य चिन्तक, समालोचना शास्त्रीहरूले समालोचनालाई परिभाषित गरेको देखिन्छ । नेपाली विद्वान, साहित्यकार एवम् समालोचकहरूले पनि समालोचनाको परिभाषा विभिन्न किसिमले गरेका छन् ।

पूर्वीय काव्यशास्त्रको चिन्तन परम्परामा रचनाको पारख गर्ने कामलाई आलोचनाशास्त्र भन्ने गरियो । नाट्यशास्त्री भरतपछिका धेरै आचार्यहरूले यस आलोचना परम्परालाई गति दिने काम गरेका छन् । प्रायः रस, अलङ्कार, ध्वनि, रीति, वक्रोक्ति र औचित्य जस्ता तत्त्वलाई काव्यरचना प्रक्रियामा स्थान र महत्त्व दिंदै पूर्वीय समीक्षा परम्परामा कल्पना भाव र बुद्धिको प्रयोगलाई पनि आवश्यक ठानेको देखिन्छ (सुवेदी, २०६१ : १२) ।

'इन्साइक्लोपिडिया ब्रिटानिका' ले समालोचनालाई साहित्य र ललितकला सम्बन्धी कुनै पनि वस्तुको गुण वा सौन्दर्यको मूल्याङ्कनको अर्थमा लिएको छ । यसबाट कृति विशेषका लेखकका उपलब्धि र प्राप्तिलाई प्रष्ट पार्ने साधन समालोचना हो भन्ने कुराको बोध हुन्छ (थापा, २०५८ : २६) । यसरी नै आलोचनाको पहिचान प्रस्तुत गर्ने क्रममा अङ्ग्रेजी साहित्यका इतिहासकार हड्सन (१७९ : २६१) ले पनि आफ्नो विचार प्रस्तुत गर्दै भनेका छन् : "सिर्जनात्मक साहित्यले जीवन र रगत्को व्याख्या गर्दछ भने समालोचनाले त्यस व्याख्याको पनि व्याख्या गर्दछ ।" । म्याथ्यू आर्नोल्ड (१८८८ : १८) ले समालोचनालाई यसरी चिनाएका छन् "समालोचना संसारमा ज्ञात र विचरित सर्वोत्कृष्ट कुराको ज्ञान प्राप्त गर्ने र त्यसलाई अरूमा प्रचार गर्ने तटस्थ प्रयास हो ।" आर्नोल्डले समालोचना कार्यलाई शोधकार्य झैं मानेका छन् । साथै उनले समालोचना, समालोचना र पाठक सक्रिय र उत्कृष्ट रहनुपर्ने कुरा समेत बताएका छन् ।

नेपाली साहित्यका केही प्रसिद्ध समालोचकहरूले पनि समालोचना सम्बन्धी आ-आफ्नो विचार प्रस्तुत गरेका छन् । समालोचक यदुनाथ खनालले आफ्नो समालोचनात्मक कृति 'समालोचनाको सिद्धान्त' (२०२३ : ३) मा समालोचनालाई यसरी सरल र स्पष्ट रूपमा चिनाएका छन् : "पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीको बारेमा झन विशेष कुरा जान्नु, उसको मूल खोज्नु समालोचना हो ।" खनालले समालोचनालाई एक किसिमको खोज, अनुसन्धान मानेको देखिन्छ भने खनालका विचारमा साहित्य 'जे छ' अर्थात् वस्तुतासँग सम्बन्धित देखिन्छ । रामकृष्ण शर्मा (२०२४ : ४१-४२) का विचारमा "सुख-दुःख, राम्रो-नराम्रो, मनपर्दो-नपर्दो इत्यादि कुराको मस्तिष्कमा जब विवेचना हुन्छ, त्यसको परिणाम स्वरूप समालोचनाको जन्म हुन्छ ।" आलोचकको मस्तिष्कमा सृजना-सामग्रीप्रतिको विवेचनात्मक व्यवहार जब जन्मन्छ, तब समालोचकीय मूल्यले स्वरूप ग्रहण पर्दछ भन्ने सङ्केत गरेको देखिन्छ । कृष्णचन्द्रसिंह प्रधान (२०२५ : ६) को समालोचना सम्बन्धी धारणा यस्तो रहेको छ : "कृतिको आन्तरिक स्थितिको सूक्ष्म निरीक्षण गरेर त्यसका विशिष्ट गुणलाई प्रकाशमा ल्याई प्रत्येक दृष्टिकोणले परीक्षण गरेर निश्चित मूल्य निर्धारण गर्नु समालोचनाको कार्य हो ।" यसरी नै समालोचक घनश्याम कँडेल (२०५५ : ग) ले समालोचनालाई यसरी चिनाएका छन् : "वास्तवमा समालोचना एकातर्फ साहित्यकारका कृतिको सहृदयतापूर्वक गरिने व्याख्या र पूर्वाग्रहविहीन भएर त्यसबारे गरिने निर्णय हो भने अर्कातर्फ कृतिका जङ्गलभित्र प्रवेश गर्ने क्रममा पाठकको मार्गनिर्देशक पनि हो ।" । कृतिकार, कृति र पाठकलाई ध्यानमा राखी वस्तुगत रूपमा गरिने व्याख्या, विश्लेषण नै समालोचना हो भन्ने कँडेलको आशय रहेको देखिन्छ । यसैगरी तारानाथ शर्मा (२०२७ : २४२) ले समालोचनालाई यसरी चिनाएका छन् : "आलोचना (समालोचना) फटाहालाई लाटो पारुञ्जेल पोल्ने सिस्नु हो ।" शर्माका विचारमा समालोचना निकै गहन चुनौतीपूर्ण कार्य हो । समालोचक राजेन्द्र सुवेदी (२०६१ : १९) ले समालोचनालाई यसरी परिभाषित गरेका छन् : "सृजनाजगत्का विशाल भीडबाट कुनै खास स्रष्टालाई टिपेर उसका सृजनात्मक कर्मकै आधारमा स्रष्टाको स्थान ठम्याइदिनु र स्रष्टाको मूल्य पहिल्याइदिनु समालोचना हो ।" समालोचक सुवेदीको उक्त परिभाषालाई हेर्दा के स्पष्ट हुन्छ भने कुनै पनि स्रष्टा वा सृष्टिको आगमन समयलाई हेरी मूल्य निरूपण गर्ने काम नै समालोचना हो ।

समालोचनालाई विभिन्न विद्वानहरूबाट परिभाषित गर्ने अनेक प्रयास भएका हुँदा यसका पनि विभिन्न परिभाषाहरू उपलब्ध रहेको कुरा उपर्युक्त सन्दर्भबाट स्पष्ट भएको छ । अतः निष्कर्षमा के भन्न सकिन्छ भने कुनै पनि सिर्जनात्मक रचनाको अध्ययन, चिन्तन र मननपछि त्यसको वस्तुगत र कलात्मक वैशिष्ट्यको विवेचना तथा मूल्याङ्कन गर्ने कलालाई समालोचना भनिन्छ ।

### २.१.३ समालोचनाको प्रकार्य

समालोचना आफैंमा एउटा गहन र प्राज्ञिक कार्य हो । समीक्षा, विवेचना, टिप्पणी, मूल्य निरूपणजस्ता अनेक कार्यहरू यससँग सम्बन्धित देखिन्छन् । काव्यशास्त्रद्वारा निर्धारित मापदण्डका आधारमा कुनै पनि कृतिको व्याख्या, विवेचना, मूल्याङ्कन तथा सौन्दर्योद्घाटन गर्ने समालोचनाका मुख्य कार्य रहेका छन् ।

कुनै पनि कृतिको आन्तरिक स्थितिको सूक्ष्म निरीक्षण गरेर त्यसका विशिष्ट गुणलाई प्रकाशमा ल्याई प्रत्येक दृष्टिकोणले परीक्षण गरेर निश्चित् मूल्य निर्धारण गर्नु समालोचनाको कार्य हो (प्रधान, २०५५ : ६) । समालोचना शब्दले सङ्केत गर्ने अन्य कार्यहरू प्रशस्त छन्, तर समालोचनाको मूल क्षेत्र आज साहित्यिक कृतिका विधा विशेषको गहन आलोचना कार्य हो भन्ने बुझिन्छ (सुवेदी, २०६१ : २२) । निष्कर्षमा भन्दा साहित्यिक कृतिको सूक्ष्म निरीक्षण गरी मूल्यको निरूपण गर्नु नै समालोचनाको कार्य हो ।

## २.२ समालोचनाका विविध रूप र प्रयोग

'समालोचना' शब्दले विभिन्न अर्थलाई आफूमा समाविष्ट गरेको भए पनि साहित्यिक क्षेत्रमा समालोचना भन्दा कुनै स्रष्टा वा उसका कृतिका बारेमा वस्तुगत रूपमा गरिएको व्याख्या विश्लेषण एवम् मूल्याङ्कन भन्ने बुझिन्छ । स्थान, कार्य र समयले गर्दा समालोचनाका अनेक रूप देखिएका हुन् । प्रत्येक समालोचकको समीक्षाको आधार पृथक्-पृथक् हुनाले र उक्त समालोचना कार्यमा समालोचकको वैयक्तिक प्रभाव समेत पर्नाले समालोचनाका विविध रूप देखिएका हुन् ।

कुनै एक समालोचकले पनि अनेक प्रकारका समालोचना लेखेको पाइन्छ । यस्तो हुनाको कारण के हो भने उसले कुनै समालोचना लेखमा सिद्धान्तलाई मूल आधार बनाएको हुन्छ भने कुनै लेखमा आफ्नो वैयक्तिक विचारलाई मूल आधार बनाएको हुन्छ । साहित्यका मूल्य र वैशिष्ट्यलाई सैद्धान्तिकरण गर्न थालिएपछि सैद्धान्तिक समालोचनाको जन्म भएको हो । अरस्तुको 'काव्यशास्त्र' र भरतमुनिको 'नाट्यशास्त्र' क्रमशः पश्चिम र पूर्वका आरम्भिक सैद्धान्तिक समालोचना कृति हुन् । पाठकले साहित्य सिर्जनाको पठन र आस्वादन गरेपछि पाठक वा समालोचकमा उक्त साहित्यिक कृतिप्रति कस्तो प्रभाव पर्छ त्यस आधारमा गरिएको समालोचना व्यावहारिक समालोचना हो । यस्तो समालोचना गर्दा समालोचकले कुनै सिद्धान्तको प्रयोग गरेर या प्रयोग नगरी स्वतन्त्र रूपमा गर्न सक्दछ । यस्तो व्यवहारिक समालोचनालाई प्रभाववादी समालोचना पनि भनिन्छ ।

उपर्युक्त सैद्धान्तिक र प्रायोगिक समालोचनाका पनि विभिन्न प्रकार छन् र तिनको अनुशीलन पनि आवश्यक देखिन्छ ।

### २.२.१ सैद्धान्तिक समालोचना

साहित्य सिर्जना थालिएपछि साहित्य सिद्धान्तको निर्माण हुन थाल्यो र यो परम्परा हालसम्म पनि चल्दै आएको देखिन्छ । सैद्धान्तिक समालोचनामा कृतिका वस्तु, रूप आदिलाई आधार बनाएर कृतिको व्यावहारिक समालोचना गर्नुको सट्टा समालोचनाको मापदण्डका रूपमा सामान्य सिद्धान्तहरूको निर्माण गरिन्छ र तिनका आधारमा कृतिका वस्तु, रूप आदिलाई केलाउने एवम् कृतिका विशेषताहरूको निरूपण गर्ने प्रयास गरिन्छ (कँडेल, २०५५ : घ) । सैद्धान्तिक समालोचनामा कुनै स्थिर सैद्धान्तिक दृष्टिले साहित्यिक कृतिको वस्तुगत विवेचना गरिन्छ ।

साहित्यका मूल्य र वैशिष्ट्यलाई सैद्धान्तीकरण गर्न थालिएपछि सैद्धान्तिक समालोचनाको प्रारम्भ भएको देखिन्छ । साहित्यको बारेमा सैद्धान्तिक समालोचना गर्ने काम पूर्व र पश्चिम दुवैतिर सुरुदेखि नै हुँदै आएको पाइन्छ । सैद्धान्तिक समालोचनाका प्रकारको अनुशीलन पनि आवश्यक देखिन्छ ।

#### २.२.१.१ पूर्वीय सैद्धान्तिक समालोचना

'समालोचना' सिर्जनाको अनुवर्ती रूप भएकाले पूर्वीय सैद्धान्तिक समालोचना पनि पूर्वीय साहित्य (काव्य, नाट्य) लाई आधार मानेर निर्माण गरिएको देखिन्छ । पूर्वीय साहित्यमा भरतको 'नाट्यशास्त्र', भामहको 'काव्यालङ्कार', दण्डीको 'काव्यादर्श', आनन्दवर्द्धनको 'ध्वन्यालोक', कुन्तकको 'वक्रोक्ति जीवितम्', मम्मटको 'काव्यप्रकाश', विश्वनाथको 'साहित्यदर्पण' र जगन्नाथको 'रसगङ्गाधर' जस्ता ग्रन्थहरू सैद्धान्तिक आलोचना (समालोचना) का आदर्श नमुना हुन् ।

उपर्युक्त पूर्वीय सैद्धान्तिक आलोचना (समालोचना) आउनु पूर्व संस्कृतमा प्रशस्त नाटक, महाकाव्यहरू लेखिसकिएका थिए । भास, कालिदास जस्ता पूर्वीय नाट्य प्रतिभाहरूका नाटकको अध्ययन गरेपछि नै भरतमुनिले 'नाट्यशास्त्र' सैद्धान्तिक ग्रन्थको निर्माण गरेका हुन् । यसैगरी छैटौं शताब्दीका भामहको 'काव्यालङ्कार' (काव्यसम्बन्धी सैद्धान्तिक ग्रन्थ) आउनु पूर्व पूर्वीय साहित्यमा वाल्मीकि रचित 'रामायण', व्यास रचित 'महाभारत', भारवि रचित 'किरातार्जुनीयम्', कालिदास रचित 'रघुवंश', 'कुमार सम्भवम्' जस्ता महाकाव्यहरूको लेखन भइसकेको देखिन्छ (शर्मा, २०६३ : १०१) । भामहले यिनै काव्यहरूको अध्ययन पश्चात् आफ्नो लाक्षणिक ग्रन्थ 'काव्यालङ्कार' प्रस्तुत गरेको देखिन्छ । पूर्वीय (संस्कृत) साहित्यिक कृतिहरू (काव्य, नाट्य) को स्वरूप, कथावस्तुको स्रोत, कथावस्तुको संयोजन, पात्रविधान, रस, अलङ्कारको प्रयोग, भाषाशैलीको प्रयोग एवम् काव्य (नाट्य) कला आदिको सम्यक् अध्ययन पश्चात् पूर्वीय साहित्यिक चिन्तकहरूले सोही अनुकूल सिद्धान्तहरू प्रतिपादन गरेको पाइन्छ ।

पूर्वीय साहित्यशास्त्रमा साहित्य विवेचनाका विभिन्न सम्प्रदायहरू प्रचलित छन् । यी सम्प्रदायहरू साहित्यबारे देखापरेका विभिन्न दृष्टि वा चिन्तन भएकाले कुनै एक सिद्धान्तलाई मात्र सर्वाङ्गपूर्ण मान्न सकिँदैन । केही चिन्तकहरूले साहित्यको वाह्य शरीर पक्षलाई विशेष महत्त्व दिएका छन् भने केही चिन्तकहरूले काव्यको आन्तरिक आत्मपक्षलाई विशेष महत्त्व दिइएको देखिन्छ । समालोचनाका यस सन्दर्भमा पूर्वीय काव्य शास्त्रीहरूले रस, अलङ्कार, रीति, वक्रोक्ति र ध्वनिलाई प्रमुख मानेर साहित्यको अध्ययन र समीक्षा गर्ने काव्यसिद्धान्तको विकास गरेका छन् ।

आदि नाट्यशास्त्री भरतमुनिले नाटकमा रसको अपरिहार्यतालाई स्वीकार गरेका छन् अर्थात् उनले नाटकमा रसको महत्तालाई प्रस्तुत गरेका छन् । यसैगरी भामहले अलङ्कारलाई काव्यमा अनिवार्य तत्त्वका रूपमा मानेका छन् । पछिल्ला चिन्तकहरू दण्डी, रुद्रट आदिले पनि अलङ्कारलाई प्रधानता दिएका छन् । वामनले रीति (शैली) लाई काव्यको आत्मा मानेका छन् । पछिल्ला आचार्यहरू मम्मट, विश्वनाथ आदिले भरत प्रतिपादित रसलाई काव्यको आत्मा मानेका छन् । आनन्दवर्धनले चाहिँ ध्वनिलाई काव्यको आत्मा मानेका छन् । उपर्युक्त सम्प्रदायलाई शरीर र आत्मासँग तुलना गरेर अध्ययन गर्न सकिन्छ । अलङ्कारवादी सिद्धान्त काव्यको वाह्य रूपपक्षसँग सम्बन्धित छ भने रसवादी र ध्वनिवादी सिद्धान्त काव्यको आन्तरिक वस्तु पक्षसँग सम्बन्धित देखिन्छ ।

नेपाली साहित्यका राममणि आ.दी.को ‘कवितारीति’ (१९६६), कुलचन्द्र गौतमको ‘अलङ्कार चन्द्रोदय’ (१९७८), रत्नध्वज जोशीको ‘मानसालङ्कार’ (२००२), सोमनाथ सिग्द्यालको ‘साहित्य प्रदीप’ (२०१५), बदरीनाथ भट्टराईको ‘संस्कृत साहित्यको सिंहावलोकन’ (२०२०), हेमाङ्गराज अधिकारीको ‘पूर्वीय समालोचना सिद्धान्त’ (२०२९), गोविन्दप्रसाद भट्टराईको ‘पूर्वीय काव्य सिद्धान्त’ (२०३१), केशवप्रसाद उपाध्यायको ‘पूर्वीय काव्य सिद्धान्त’ (२०३४) जस्ता कृतिहरू पूर्वीय सैद्धान्तिक समालोचना हुन् ।

### २.२.१.२ पाश्चात्य सैद्धान्तिक समालोचना

पश्चिममा साहित्य सिर्जनाको प्रारम्भ भएपछि, उक्त साहित्यिक रचनाको बारेमा केही टीका-टिप्पणी, व्याख्या-विश्लेषण हुन थाल्यो । उक्त व्याख्या-विश्लेषण टीका-टिप्पणीले एकातिर सिर्जनालाई सघाउ पुऱ्याउन थाल्यो भने अर्कातिर नवीन सिद्धान्त प्रतिपादन समेत हुन थाल्यो । उदाहरणका लागि ग्रिसेली महाकवि होमरका ‘इलियड’ र ‘ओडेसी’, एस्किलस, सोफोक्लिज जस्ता नाटककारहरूका नाटकको अध्ययन पश्चात् प्लेटो, एरिस्टोटल आदि चिन्तकहरूले काव्य-नाटक सम्बन्धी नवीन धारणा अगाडि ल्याए । पछि एरिस्टोटलका काव्य-नाट्य सम्बन्धी तिनै धारणाहरू सिद्धान्तका रूपमा प्रतिपादन हुँदै गएको देखिन्छ । यसरी एरिस्टोटलदेखि रिचर्डस, इलियटसम्मका चिन्तकहरूका साहित्य सम्बन्धी चिन्तन नै पाश्चात्य सिद्धान्तहरू हुन् । यिनै सिद्धान्तका मापदण्डका आधारमा गरिएका समालोचनाहरू

नै पाश्चात्य सैद्धान्तिक समालोचना हुन् । एरिस्टोटलको 'काव्यशास्त्र' रिचर्डसको 'साहित्यिक समालोचनाको सिद्धान्त' जस्ता कृतिहरू मूलतः सैद्धान्तिक समालोचनाकै ग्रन्थ हुन् ।

नेपाली साहित्यमा वासुदेव त्रिपाठीको 'पाश्चात्य साहित्यको सैद्धान्तिक परम्परा', अभि सुवेदीको 'पाश्चात्य काव्य सिद्धान्त', ताराकान्त पाण्डेयको 'प्रगतिवाद र कविता' देवी गौतमको 'प्रगतिवाद परम्परा र प्रवृत्ति' जस्ता कृतिहरू पाश्चात्य सैद्धान्तिक कृति हुन् (थापा, २०५८ : ३२) ।

### २.२.२ व्यवहारिक (प्रायोगिक) समालोचना

पाठकले साहित्य-सिर्जनाको पठन र आस्वादन गरेपछि सिद्धान्त सापेक्ष वा निरपेक्ष रहेर उक्त सिर्जनाबारे निजी प्रतिक्रिया, राय, विचार वा धारणा व्यक्त गर्न थालेपछि व्यवहारिक समालोचनाको जन्म भएको हो । पश्चिममा 'प्राक्टिकल क्रिटिसिज्म' का नामबाट परिचित यस समालोचनालाई नेपालीमा प्रायोगिक समालोचना पनि भनिन्छ ।

सामान्यतया विश्वमा स्थापित सैद्धान्तिक समालोचनाका आडमा कुनै कवि वा उसका कृतिको चिरफार गरेर मूल्याङ्कन गर्ने काम व्यवहारिक समालोचना हो (पोखरेल, २०५६ : ८) तापनि समालोचकले सिद्धान्त निरपेक्ष भएर पनि आलोच्यकृतिको अध्ययन गरेका हुन सक्छ । कवि वा लेखकले आफ्नो कृतिमार्फत के अभिव्यक्त गर्न खोजेको छ र ऊ सो कुरा व्यक्त गर्न कतिसम्म सफल छ यिनै प्रश्नहरूका परिधिमा रहेर समालोचकले कुनै पनि कृतिबारे आफ्नो मन्तव्य दिएको हुन्छ । व्यावहारिक वा प्रायोगिक समालोचनामा मूलतः कृति र कृतिकारको अध्ययन र मूल्याङ्कन गरिएको हुन्छ । यस्तो अध्ययन र मूल्याङ्कनका क्रममा शास्त्रीय सिद्धान्तहरू पृष्ठभूमिमा रहेका हुन्छन् । कहिलेकाँही यस्ता साहित्यिक सिद्धान्तहरूको धेरथोर उपयोग पनि गरिन्छ तर वास्तवमा कवि कर्मको खास उपलब्धिकै बढी खोजी गर्ने चासो रहन्छ भनेर 'नेपाली साहित्यकोश' (२०५५ : १२४) ले व्यवहारिक समालोचनाको कार्य र उद्देश्यलाई स्पस्ट्याएको छ ।

पूर्वीय काव्यशास्त्रमा राजशेखरको 'काव्यमीमांसा' अभिनव गुप्तको 'ध्वन्यालोक-लोचनटीका', अर्जुन वर्मदेवको 'रसिक-सञ्जीवनी टीकाजस्ता' काव्यकृतिहरू पूर्वीय व्यवहारिक समालोचनाका कृतिहरू हुन् । पूर्वीय व्यवहारिक (प्रायोगिक) समालोचनाका तुलनामा पाश्चात्य व्यवहारिक (प्रायोगिक) समालोचनाको सङ्ख्या अत्यधिक छ । जोनसनको 'लाइभ्स अफ पोएट्स', जोन ड्राइडनको 'लिटरेरी एसेज', म्याथ्यु आर्नोल्डको 'एसेज अन क्रिटिसिज्म' त्यस्तै टी.एस. इलियटको 'सेलेक्टेड एसेज' जस्ता कृतिहरू पाश्चात्य व्यवहारिक समालोचनाका केही उल्लेख्य कृति हुन् ।

एम.एच. अब्राम्स (सन् १९९३ : ७) ले पाश्चात्य व्यवहारिक समालोचनाका चार प्रकारको चर्चा गरेका छन् र ती हुन् :

१.	अनुकरणात्मक समालोचना,

२.	अभिव्यञ्जनात्मक समालोचना,

३.	पाठक केन्द्रित समालोचना र

४.	निरपेक्ष, वस्तुगत वा कृतिपरक समालोचना ।

अब्राम्सका विचारमा जति पनि व्यवहारिक समालोचनाहरू छन् तिनलाई चार प्रकारमा समेट्न सकिने देखिन्छ ।

व्यवहारिक वा प्रायोगिक समालोचनामा सौन्दर्यशास्त्रीय आधारलाई र स्थापित सैद्धान्तिक मापदण्डलाई ध्यानमा राख्दै कृतिका रूप, वस्तु आदि पक्षलाई केलाउने र त्यसैका आधारमा कृतिको मूल्याङ्कन गर्ने काम गरिन्छ (कँडेल, २०५५ : घ) । कृति, कृतिकार तथा साहित्यको कालक्रमिक अध्ययन यसै व्यवहारिक समालोचनाअन्तर्गत गरिन्छ । अतः व्यवहारिक समालोचनाका मुख्यतः तीन भेद देखिएका छन् र ती हुन् -

१.	कृतिपरक समालोचना,

२.	स्रष्टापरक समालोचना र

३.	साहित्येतिहासपरक समालोचना ।

कृतिपरक समालोचनाले कृतिको विश्लेषण गर्दा लेखकीय पृष्ठभूमि, मनोविज्ञान तथा त्यसले पाठकलाई पार्ने प्रभाव अथवा परम्पराका सापेक्षतामा त्यसका मूल्य आदिको चर्चा गर्दैन केवल त्यही कृतिको वस्तुगत स्थितिलाई विश्लेषण गर्ने काम हुन्छ । यसले कृतिबाहिरको समाज, इतिहास आदिको विश्लेषण नगरे पनि कृतिभित्रका समाज तथा इतिहासको वस्तुगत एवम् तथ्यपरक अध्ययन गर्छ (शर्मा र लुइँटेल, २०६१ : २३२) । स्रष्टा वा लेखकलाई मूल आधार बनाएर गरिने समालोचनालाई स्रष्टापरक समालोचना भनिन्छ । यस समालोचना पद्धतिलाई आधार मानेर जीवनीपरक समालोचना लेखनको विकास भएको हो । व्यवहारिक समालोचनाको अर्को भेद साहित्येतिहासपरक समालोचना हो । राष्ट्रिय साहित्यको परम्पराले एउटा निश्चित दिशा लिएपछि नै इतिहास निर्माणतर्फ विद्वान्हरूको ध्यान पुग्न जान्छ । ऐतिहासिक समालोचनाका लागि पनि यस्तै कालिक पृष्ठभूमिको आवश्यकता पर्दछ (श्रेष्ठ, २०६१ : ६५) ।

व्यवहारिक समालोचनाका उपर्युक्त भेदहरूको अध्ययनबाट के कुरा स्पष्ट हुन्छ भने व्यवहारिक समालोचनाको विश्लेषण प्रभावपरक र निर्णयात्मक गरी मूलतः दुई प्रकारले गर्न सकिन्छ । यसरी व्यवहारिक समालोचनाअन्तर्गत विभिन्न प्रकारका समालोचना पद्धतिहरू देखिने र तिनलाई विभिन्न आधारमा विभिन्न ढङ्गले वर्गीकृत गर्ने प्रयास भएको देखिन्छ ।

### २.२.३ विश्वसाहित्यमा प्रचलित व्यावहारिक समालोचनाका प्रमुख पद्धतिहरू

पाश्चात्य जगत्मा साहित्य विद्वत् परम्परा अत्यन्त उन्नत र समृद्ध अवस्थामा रहेको छ । विद्वान्, समालोचक तथा साहित्यका चिन्तक वा विचारकहरूका साथै स्वयम् स्रष्टाहरूले विभिन्न काल विन्दुमा आ-आफ्ना अभिमत एवम् सिद्धान्तहरू प्रतिपादन गरेर विश्वसाहित्यलाई नै प्रभावित पारेका छन् ।

विश्वमा विद्यमान साहित्यलाई हेर्दा व्यावहारिक समालोचनाका विभिन्न विधि र पद्धतिहरूको विकास प्रशस्त मात्रामा भएको देखिन्छ । यसैगरी व्यवहारिक समालोचनाका अन्य नवीन पद्धतिहरूको विकास हुँदै जाने क्रम पनि निरन्तर भइरहेको छ । विश्वसाहित्यमा प्रचलित त्यस्ता समालोचना पद्धतिहरूमध्ये केही प्रमुख पद्धतिको परिचय यहाँ प्रस्तुत गरिएको छ ।

#### २.२.३.१ नीतिपरक समालोचना

'नीति' तत्त्वलाई केन्द्रमा राखेर साहित्य समालोचना गरिनुपर्छ, नीति तत्त्वकै आधारमा साहित्यको विश्लेषण एवम् मूल्याङ्कन गरिनुपर्छ भन्ने मान्यता राख्ने समालोचना पद्धति नै नीतिपरक समालोचना प्रणाली हो । नीतिपरक समालोचना आदर्शवादद्वारा अनुप्राणित छ । कुनै नैतिक आदर्शद्वारा वैयक्तिक र सामाजिक जीवनलाई मार्गप्रदर्शन गर्नु नै नीतिपरक समालोचनाका मुटुमा रहेको आदर्शवाद हो (त्रिपाठी, २०४९ : १४५) । नीतिपरक समालोचना प्रणालीका बारेमा स्पष्ट र विस्तृत जानकारीका लागि विभिन्न नीतिवादी वैचारिक चिन्तन प्रक्रियाहरूलाई नियाल्नु आवश्यक छ । पाश्चात्य साहित्यका प्रथम समालोचक प्लेटो (इ.पू. ४२७/३४८) का विचारमा काव्यको कसौटी सदाचार तथा सत्यको प्राप्ति भएकाले काव्य सधैँ सत्यको पक्षमा हुनुपर्छ र यो मानवकल्याणकारी तथा राष्ट्रलाई प्रगतिको पथतिर डोऱ्याउँने खालको हुनुपर्दछ । नीतिवादीहरू उपर्युक्त विचारमा केन्द्रित देखिन्छन् । मान्छे मूलतः विवेकशील प्राणी हो र उसका सभ्यता र संस्कृति भन्नु नै सहज पाशविक वृत्तिमाथि मानवीय गुणको, उसको विवेकशीलताको विजय हो भन्ने विचार नीतिवादीहरूको छ । नीतिपरक समालोचकहरू विवेक र नैतिक चेतनाले नै मान्छे मान्छे हुन्छ, पशुभन्दा फरक हुन्छ, भन्छन् (कँडेल, २०५३ : १४२) ।

नीतिपरक समालोचनाको विकासमा प्लेटोपछि ल्याटिन समालोचक होरेस, पुनर्जागरणकालका स्टिफेन ग्यासोन तथा सर फिलिप सिड्नीजस्ता समालोचकहरूले कविताका आनन्दात्मक र शैक्षिक उद्देश्य स्वीकार्दै नीतिपरक समालोचनालाई अगाडि बढाएका हुन् । यस प्रकारको समालोचनालाई अगाडि बढाउने अर्का सालोचक वेन जोन्सन (१८ औं शताब्दी) हुन् । बीसौं शताब्दीको पूर्वार्द्धमा नीतिपरक समालोचना मुख्यतया संयुक्त राज्य अमेरिकामा देखापर्छ । यस सम्प्रदायका समालोचकहरूलाई नवमानववादी समालोचक भनिन्छ (त्रिपाठी, २०४९ : १४४) । यसका नेता इर्विङबविट (१८६५-१९३३) र

पालइल्भरमोर (१८६४-१९३७) हुन् । नवमानववादी बबिट र मोरको मृत्यु भएपछि तथा रूपपरक र समाजपरक समालोचनाको प्रभाव बढ्न थालेपछि नीतिपरक समालोचना प्रणालीको केन्द्र भङ्ग हुँदै गएको देखिन्छ ।

### २.२.३.२ **जीवनीपरक समालोचना**

सामान्यतया जीवनी भन्नाले मानिसको जीवनको इतिवृत्त भन्ने बुझिन्छ । साहित्येतिहासका दृष्टिले जीवनीमा कवि-लेखकहरूको सृजनशील क्षण र प्रक्रियालाई प्रभाव पार्ने वैयक्तिक र सामाजिक सन्दर्भहरू मात्र ग्राह्य हुन्छन् (श्रेष्ठ, २०६१ : ३६) । कविकै जीवनीको उपयोग गर्दै उसका कृतिको जुन समीक्षा प्रस्तुत गरिन्छ त्यो जीवनीपरक समालोचना हो (गौतम, २०५० : ६०) । जीवनीपरक समालोचना लेखककेन्द्री परम्परित समालोचनाको एउटा प्रकार हो । कृतिकार र कृतिकाबीच निकट सम्बन्ध रहन्छ, कृतिमा कृतिकारले आफ्नो जीवनदृष्टि व्यक्त गरेको हुन्छ । तसर्थ कृतिकारलाई केन्द्रमा राखी कृतिको अध्ययन गरिनुपर्छ भन्ने समालोचना प्रणाली नै जीवनीपरक समालोचना प्रणाली हो । जीवनीपरक समालोचनाका व्याख्याताहरू वेलेक तथा बारेन (सन् १९४९ : ७५) का अनुसार जीवनीको उपयोग तीन किसिमले हुन सक्छ :

१. कृतिको व्याख्यामा उज्यालो पार्न,
२. कृतिकारको व्यक्तित्व बुझ्न र
३. कविको मनोविज्ञान र कविताको रचना प्रक्रियालाई खुलस्त पार्न ।

जीवनीको उपयोगका उपर्युक्त तीन किसिममध्ये कृतिको व्याख्यामा उज्यालो पार्नतर्फ नै समालोचक केन्द्रित हुनुपर्छ (गौतम, २०५० : ६५) ।

जीवनीपरक समालोचना प्रणाली विश्व साहित्य र समालोचनाका इतिहासमा अठारौं शताब्दीमा देखापरेको हो । यसका प्रमुख स्थापक र व्याख्याता प्रसिद्ध कवि तथा समालोचक ड्राइडेन हुन् । १९ औं शताब्दीका फ्रान्सेली समालोचक सेन्टव्युभले यस समालोचनालाई विशेष अवलम्बन गरेको देखिन्छ । यस समालोचनाको प्रभाव अन्य देशका साहित्य समालोचनामा समेत परेको पाइन्छ । नेपाली समालोचनाको प्रारम्भ नै जीवनीपरक समालोचनाबाट भएको देखिन्छ । वि.सं. १९४८ मा प्रकाशित मोतीराम भट्टको 'कवि भानुभक्ताचार्यको जीवनचरित्र' नामक कृति नै नेपाली समालोचनामा पहिलो जीवनीपरक समालोचना कृतिका रूपमा प्रस्तुत भएको छ ।

### २.२.३.३ **समाजपरक समालोचना**

समाजपरक समालोचना अठारौं शताब्दीमा विकोले होमरका र उन्नाइसौ. शताब्दीमा हर्डरले शेक्सपियरका कृतिमा सामाजिकताको अध्ययन गरेबाट प्रस्फुटित भई हिप्पोलाइट टेनको 'जाति, क्षण र युग' को मान्यता तथा सेटव्युभका जीवनीपरक

समालोचनाका सामाजिक पृष्ठभूमिका परिचर्चाबाट थालिएको हो (त्रिपाठी, २०४९ : १६७)। सामाजिक दृष्टिबाट साहित्यिक कृति तथा कृतिकारको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्ने पद्धतिलाई समाजपरक समालोचना पद्धति भनिन्छ (शर्मा र लुइटेल, २०६१ : १२६)। व्यक्तिको आन्तरिक व्यक्तित्व सामाजिक सन्दर्भ र चापबाट निर्मित हुन्छ भन्ने मान्यता समाजपरक समालोचनाको रहेको छ। यस समालोचना पद्धतिको मूल आधार नै समाज र सामाजिकता भएकाले यस समालोचनाको नाम समाजपरक समालोचना राखिएको हो।

ईशाको बीसौं शताब्दीको तेस्रो दशकमा समाजपरक समालोचनाको मार्क्सवादी धाराको विकास भयो। साहित्यको समाजशास्त्रीय अध्ययनको विकासमा मार्क्सवादको भूमिका उल्लेखनीय रहेको छ। वास्तवमा मार्क्सवाद भन्नाले कार्लमार्क्स र फ्रेडरिक एन्जेल्सका दार्शनिक, सामाजिक र राजनैतिक तथा आर्थिक विचारहरू आउँछन् (गौतम, २०५० : १९)। मूलतः कार्ल मार्क्सका विचारहरूलाई नै आदर्श मानी पछिल्ला चिन्तकहरू प्लेखानोभ, लेनिन, स्टालिन, क्रिस्टोफर कड्वेल, म्याक्सिम गोर्की आदिले साहित्य समालोचना गरेको देखिन्छ। अतः समाजपरक समालोचनाको मार्क्सवादी धाराको विकासका रूपमा उपर्युक्त चिन्तकहरू विशेष उल्लेखनीय मानिन्छन्।

मार्क्सका सिद्धान्त र विचारहरूको केही खण्डन र बढी मण्डन गर्दै मार्क्सवादी ( समाजशास्त्रीय) समालोचक र समालोचनाहरू देखिए भने स्वतन्त्र रही गैरमार्क्सवादी समालोचनाहरू पनि अगाडि बढ्दै गए। त्यसैले समाजपरक समालोचनाका दुई मुख्यमध्ये मार्क्सवादी धारा समाजवादी यथार्थवादसित सम्बन्धित छ। समाजवादी यथार्थवादलाई प्रगतिवाद पनि भनिएको पाइन्छ (पाण्डेय, २०५६ : ४२-४३)।

सैद्धान्तिक आधार एकै हुँदाहुँदै पनि ज्यादा वैयक्तिक मतभेद यस समालोचनाभित्र देखिन्छ। सूक्ष्म दृष्टिले हेर्दा प्रगतिवादी मार्क्सवादी समालोचनाका दुई प्रकार देखिन्छन् : (i) रुढ मार्क्सवादी र (ii) उदार मार्क्सवादी। मार्क्सवादी लेनिनवादी दर्शनको पूर्ण परिपालन गर्ने दृष्टिकोण रुढ मार्क्सवादी हो भने लोककल्याण वा सामाजिक न्याय र संसकृति विकासको उदार दृष्टिकोण अँगाल्ने उदार मार्क्सवादी हो। समाजपरक समालोचना जुन सुकै खेमामा बाँडिए पनि यस समालोचनाको अस्तित्त्व र प्रयोग आजसम्म पनि देखिन्छ। नेपाली साहित्यमा मार्क्सवादी समालोचना पद्धतिद्वारा धेरै समालोचकहरू प्रभावित भएका देखिन्छन्। यस्ता केही समालोचकहरू हुन्- हृदयचन्द्रसिंह प्रधान, आनन्ददेव भट्ट, सरिता ढकाल, गोविन्द भट्ट आदि।

### २.२.३.४ मनोविश्लेषणात्मक समालोचना

मानवमनलाई साहित्यले धेरै पहिलेदेखि महत्त्व दिँदै आएको भए तापनि मनोविज्ञानपरक समालोचना मूलतः फ्रयड, एडलर र युङ्ग जस्ता मनोविश्लेषणशास्त्रीका मनसम्बन्धी खोज र प्राप्त परिणाममा आधारित छ। मानवमनको स्वरूप र गतिविधिको

ज्ञान जति बढ्दै गयो, त्यति कलाकृति पनि मानवमनसँग निकट रूपमा सम्बद्ध भएकाले पाश्चात्य मनोविज्ञानपरक समालोचना पनि सरल र सक्षम हुँदै गयो (त्रिपाठी, २०४९ : १७०) । साहित्य तथा सङ्गीतहरू मनलाई आनन्द दिने कुराहरू हुन् । यौनवृत्तिको प्रवलता, त्यसको दमन, निषिद्ध यौन प्रवृत्तिको जीवन प्रभाव, अवचेतनको भूमिका, कुण्ठा, मनोविकृति जस्ता तत्त्वहरूको साहित्यमा खोजमेल र अध्ययन गर्नु नै मनोविश्लेषण समालोचनाको काम हो (गौतम, २०५० : ०६२) । मनोविश्लेषणात्मक समालोचनाले कृतिकार, कृति र कृतिगत चरित्र तथा पाठकको मानसिक स्नायविक तत्त्वको विश्लेषण गर्दछ ।

मनोवैज्ञानिक सिग्मन्ड फ्रायडले मानवमनलाई आकारात्मक र गत्यात्मक गरी दुई भागमा बाँडेर अध्ययन गरेका छन् । उनले आकारात्मकअन्तर्गत चेतन, अर्द्धचेतन र अचेतन गरी मनका तीन तहलाई प्रस्तुत गर्दै अचेतनमनको विशेष व्याख्या गरेका छन् । त्यस्तै उनले गत्यात्मक भागअन्तर्गत इद, इगो र सुपरइगोको चर्चा गरेका छन् । फ्रायडका अनुसार साहित्य-सृजना यथातथ्यको अङ्कन नभएर वास्तविकताबाट पलायन हो र साहित्यसृजनामा आफूलाई तल्लीन बनाएर साहित्यकारले आनन्दको अनुभव गर्छ र जीवनका वास्तविकतालाई बिर्सने प्रयास गर्छ (कँडेल, २०५३ : १४३) । फ्रायडकै शिष्य एल्फ्रेड एडलरले फ्रायडले झैं कामवृत्ति (लिविडो) लाई जीवनको मूल प्रेरणा नमानेर आत्मप्रकाशनलाई जीवनको मूल प्रेरणा मानेका छन् । एड्लरका विचारमा कला, साहित्य हीनभावनाको क्षतिपूर्तिको साधन हो । कला-साहित्यमा आत्मप्रकाशन हुने र त्यसले अरूको हृदयमा छुने भएकाले त्यहीबाट कलाकार साहित्यकारले हीन भावनाको निराकरण गर्न सक्ने देखिन्छ । फ्रायडका अर्का शिष्य कार्ल गुस्ताभ युङ्गको सिद्धान्त पनि फ्रायडको भन्दा नितान्त पृथक देखिन्छ । युङ्ग काव्य सृजनालाई फ्रायडले जस्तो दमित इच्छा, वासनाको अभिव्यक्ति नठानेर मनका गहिराइमा सम्पन्न हुने चेतनक्रिया ठान्दछन् । युङ्गका दृष्टिमा साहित्य उद्देश्यमूलक हुने देखिन्छ ।

फ्रायडवादको गहिरो प्रभाव कला, साहित्य, समालोचना र अन्य विविध क्षेत्रमा समेत परेको हुन्छ । यद्यपि यसको नजिकको सम्बन्ध भने मानवमनको व्याख्या विश्लेषण गरिएको साहित्यिक समालोचनाअन्तर्गत नै रहेको देखिन्छ । बीसौं शताब्दीको पूर्वार्द्धको प्रारम्भमै जन्मेको मनोविज्ञानपरक समालोचना-सिद्धान्तले मानवमनभित्रका अन्तरकुन्तरमा रहेका भावनाहरूको अध्ययन, व्याख्या विश्लेषण र मूल्याङ्कन गरेको छ । यस समालोचना प्रणालीको प्रयोग नेपाली साहित्य समालोचनामा पनि प्रशस्त मात्रामा हुँदै गएको देखिन्छ ।

### २.२.३.५ आदिमतापरक समालोचना

आदिमतापरक समालोचना प्रणाली बीसौं शताब्दीमा देखापरेका समालोचना प्रणाली हो । यो प्रणाली सामान्यतः मनोविज्ञानपरक समालोचनाकै विस्तार वा विशिष्ट संस्करण जस्तो देखापर्छ (त्रिपाठी, २०४९ : १८५) । आदिमतापरक समालोचनालाई आदि प्रकारपरक

समालोचना, पुराकथात्मक समालोचना, मिथकीय समालोचना र पुरावृत्तीय समालोचना पनि भनिन्छ (कँडेल, २०५३ : १४४) । मिथक भन्नाले त्यस्तो कथाको बोध हुन्छ, जसमा देवी, देवता, राक्षस आदि अति प्राकृतिक तत्त्वको ठूलो भूमिका रहन्छ । यसले अतिमानवीय भएर मान्छेकै समस्यालाई प्रस्तुत गर्दछ । मिथक सामूहिक मानव जातिको कथा हो र अवचेतन मनको सृष्टि हो । त्यो मानवजातिले आफ्नो विकासको शैशवावस्थामा कथेको कथा हो ( गौतम, २०५० : ४५५) । आदिमतापरक समालोचना प्रणाली कार्ल गुस्ताभ युङ्गको सामूहिक अवचेतन सिद्धान्तका मान्यताबाट प्रेरित विशिष्ट रूप हो । यसमा मानवशास्त्रीय र लोक संस्कृतिको समेत प्रभाव परेको पाइन्छ ।

यस समालोचना प्रणालीले मान्छे र उसको सभ्यताको तथाकथित आवरण तथा उसको चेतनमन र विवेकले जे-जस्तो परिवर्तनको हावी गरे पनि आनुवंशिक रूपमा मान्छे उही हो भन्ने ठान्छ । आदिमतापरक समालोचना प्रणाली उत्कृष्ट वा निकृष्ट जे भए पनि मान्छेलाई सम्पूर्णतः बौद्धिक प्राणी ठान्ने अतिवैज्ञानिकताबाट उब्जिएका समसामयिक असन्तुष्टिहरूकै उपज हो (त्रिपाठी, २०४९ : २०३) । मानवशास्त्रीय कृतिहरूले हामीलाई त्यस समग्र मानवतातिर प्रत्यावर्तित पार्न खोजेका छन्, जसले मानव प्रवृत्तिमा अन्तर्निहित आदिमतत्त्वहरूको मूल्य पनि स्वीकार गर्न सक्तछ भन्ने विल्वर स्कटको धारणा छ (पृ. २०३) ।

आदिमतापरक समालोचना प्रणाली मनोवैज्ञानिक सांस्कृतिक समालोचना प्रणाली हो । यस आदिमतापरक समालोचकलाई पुराकथात्मक मिथकीय समालोचना प्रणाली पनि भनिन्छ । यस समालोचना प्रणालीले लिखित-साहित्य र लोकसाहित्यका बीचमा सेतु (पुल) को काम गरेको हुन्छ । नेपाली साहित्यमा पनि यस समालोचना प्रणालीको धेर-थोर प्रभाव परेको देखिन्छ ।

### २.२.३.६ **रुसी रूपवाद**

उन्नाइसौं शताब्दीको अन्त्य र बीसौं शताब्दीको प्रथम चरणसम्ममा कलावाद उग्र उत्तेजनाको चरण पार गर्दै संयत कलावादतर्फ उन्मुख हुन लाग्यो । वस्तुतः यही कलावादी आन्दोलन नै रूपपरक समालोचनाको सबभन्दा निकटतम वैचारिक पूर्वबीज तथा उत्प्रेरक कारकसमेत हुन पुग्यो (त्रिपाठी, २०४९ : ३०५) । रूपपरक समालोचना प्रणालीअन्तर्गत पर्ने रुसी (रसियाली) रूपवादको थालनी इ. १९१० को दशकमा भएको देखिन्छ । मस्कोको 'भाषा वैज्ञानिक समुह' (१९१५) र पिटार्स वर्गका 'साहित्यिक भाषा अध्ययन समाज' (अपोयाज, १९१७ तिर) का स्थापनाबाट रुसी रूपवाद सुरु भएको हो (कँडेल, २०५३ : १४४) ।

पाश्चात्य रूपपरक समालोचनाका क्षेत्रमा ईशवीय बीसौं शताब्दीका पूर्वार्द्धमा देखापरेका अभियान मध्ये रुसी रूपवाद पनि एउटा महत्त्वपूर्ण अभियान हो । यसका अभियन्ताहरू हुनः 'काव्यभाषा अध्ययन समाज' का प्रवर्तक भिक्टर श्लोभ्स्की, 'मस्को भाषिक समूह' का प्रवर्तक रोमन याकोब्सन, यस्तै भ्यादिभिर प्रोप आदि । यस समालोचना

पद्धतिले कृतिविशेषको कलात्मक प्रविधि वा कलात्मक रूपमा जोड दिँदै अन्तर्विषयलाई रूपकै अधीनस्थ अङ्ग मान्दछ । सन् १९१० को दशकको प्रारम्भतिर रूपमा प्रादुर्भाव भएको प्रस्तुत रुसी रूपवाद स्टालिनवादी तथा समाजवादी-मार्क्सवादी सिद्धान्तको प्रभुत्वका कारण सन् १९३० को दशकमा नै अन्त्य हुन पुगेको देखिन्छ (श्रेष्ठ, २०६१ : ६०) ।

कुनै पनि कृतिमा वस्तुपक्ष र रूपपक्ष हुने भए पनि रूपवादीहरू कृतिको रूपपक्षबाट साहित्यिकताको निर्धारण हुने भन्दै साहित्यिक कृतिमा रूपलाई सर्वोपरि स्थान दिन्छन् । रूपवादीहरू साहित्यलाई शाब्दिक कला ठान्दछन् र शब्दचयन कविता रीतिको उपयोग, वाक्य गठन तथा लय निर्माणमा सीप देखाएर कवि या स्रष्टा साहित्यिक भाषालाई भाषाको अन्य प्रयोगबाट भिन्न पार्छ भन्छन् । रूपवादीहरूले कविता-काव्यमा प्रयोग भएको शब्द स्रष्टाको विचारको वाहक मात्र नभएर उक्त शब्द आफैँमा विचार पनि हो, साधन मात्र नभएर साध्य पनि हो भन्ने मान्यता प्रस्तुत गरेका छन् । रूपपरक समालोचनाअन्तर्गतको रुसी रूपवादले स्रष्टालाई नभएर उसको सृष्टिलाई विशेष महत्त्व दिन्छ ।

**२.२.३.७ नयाँ समालोचना**

रूपात्मक आलोचनाको बढी चल्तीको नाउँ 'नयाँ आलोचना' वा 'नव समीक्षा' हो । यसलाई ऐतिहासिक आलोचनातर्फ धारेहात लाएर उभिने आधुनिक समीक्षा मानिन्छ । आधुनिक आलोचनाको विशिष्ट प्रवृत्तिका रूपमा नयाँ आलोचना इङ्ल्यान्डमा जन्मेको र अमेरिकामा हुर्केको हो (शर्मा, २०४० : ६५) । यस 'नयाँ समालोचना' शब्दावलीको पूर्व प्रयोग पूवर्तवर्ती समालोचक स्पिनगर्नले गरिसकेको भए तापनि सन् १९४१ मा जोनक्रो ऱ्यान्समले 'न्यू क्रिटिसिज्म' प्रकाशित गरेपछि समालोचनाको क्षेत्रमा यस नयाँ अभियानको बलियो सूत्रपात भएको हो । यस 'नव (नयाँ) समालोचना' अङ्ग्रेजी (ब्रिटेन मूलतः अमेरिका) मा अत्यन्त विख्यात समालोचना सम्प्रदाय हो (त्रिपाठी, २०४९ : २७१) । कृतिमा केन्द्रित हुनु नै नयाँ आलोचनाको मूल अभिप्राय हो । यसलाई सौन्दर्यात्मक रूपबाट, आँङ्ल अमेरिकी आलोचना, अङ्ग्रेजी आलोचना, विश्लेषणात्मक आलोचना आदि नाम दिने चलन पनि पाइन्छ (गौतम, २०५० : २८४) ।

रसियाली रूपवादलाई सम्झाउने यो साहित्य-सिद्धान्त पनि इतिहासनिरपेक्ष नै देखिन्छ, किनभने यस साहित्य सिद्धान्तले पनि कृतिको भाषालाई विशेष प्रकारको भाषा मान्नाका साथै उक्त भाषालाई आफैमा पूर्ण र स्वायत्तता भएको वाचिक अभिव्यक्ति मान्दै कृतिलाई वाह्य संसारबाट विच्छिन्न एउटा अलग्गै भावजगत् मान्दछ । रूपपरक समालोचनाका रूपमा पनि चिनिने नव समालोचनालाई ऐतिहासिक (स्वच्छन्दतावादी वा प्रभाववादी आदि) समालोचनाको उग्र विरोध गर्ने आधुनिक समालोचना मानिन्छ ।

'नयाँ समालोचना' ले बढी प्रचार प्रसार र प्रश्रय पाउनमा अमेरिकी सरकारको सञ्चार माध्यमहरूको ठूलो हात रह्यो । प्रगति विरोधी यसको चरित्रलाई बडो नयाँ र

आधुनिक भनेर बढावा दिइयो । यति हुँदाहुँदै पनि १९४० को दशकको अन्तसम्म आइपुग्दा 'नयाँ समालोचना' तीव्र आलोचना र विरोधको विषय बन्यो (बराल, २०६४ : ५१) । तथापि यही विरोधको समय र तत्पश्चात् अर्थात् १९५० को दशकमा यस समालोचनाको तीव्र विकास भएको देखिन्छ । पूर्व-पश्चिम दुवैतर्फका साहित्य-समालोचनाहरूमा 'नयाँ समालोचना' को धेर थोर प्रभाव परेको देखिन्छ । यस 'नव समालोचना' ले साहित्यलाई विशेष प्रकारको भाषा मान्दै कृतिभित्र पद-पदावली, विम्ब-प्रतीक आदिमा जोड दिनु र पात्र, कथानक, सारवस्तु आदिको उपेक्षा गर्नु यसको सीमा र वैशिष्ट्य हुन् ।

### २.२.३.८ शैली वैज्ञानिक समालोचना

शैली वैज्ञानिक समालोचना साहित्यिक समालोचनाका क्षेत्रमा नवीन प्रणालीका रूपमा देखापरेको छ । बीसौं शताब्दीका द्वितीय, तृतीय र चतुर्थ दशकको अवधि शैली विज्ञानको पृष्ठभूमि निर्माण र सैद्धान्तिक एवं प्रायोगिक चासोको प्राथमिक समयावधि मानिन्छ भने यसै शताब्दीका उत्तरार्द्धका दशकहरूमा शैलीविज्ञान समालोचना सैद्धान्तिक र प्रायोगिक दुवै पक्षमा क्रमशः फस्टाउँदै आइरहेको छ । यसरी विकसित हुँदै गएको 'शैली विज्ञान' ले साहित्यिक कृतिको शैलीलाई हेर्ने समग्र ऐतिहासिक र कलात्मक पक्षलाई पूर्ण वेवास्ता गरी साहित्यलाई शब्दहरूको व्यवस्थित मेल र शाब्दिक कलाको खेल ठान्दछ । रूपवादीहरूको रूपप्रतिको तीव्र मोह र संरचनावादीहरूको पाठगत आग्रह भन्दा पनि पर पुगेर यसले साहित्य भनेको केवल भाषाको चमत्कार मात्र ठान्दछ । नेपाली समालोचनामा 'शैली विज्ञान' को विज्ञानलाई प्रयोग गर्ने मोहनराज शर्मा (सन् १९८९ : ५६७) कै भनाइमा पनि शैलीविज्ञान शाब्दिक कला हो भन्ने देखिन्छ ।

प्रतीक विज्ञान र अर्थविज्ञानको अभ्युदयका साथै सौन्दर्यशास्त्र र साहित्यशास्त्रीय विधा सिद्धान्त एवम् भाषाविज्ञानका नवस्थापनाबाट शैली विज्ञान प्रेरित रहेको छ (त्रिपाठी, २०४९ : २८७) । शैलीविज्ञानको ऐतिहासिक परम्परालाई खोज्दा यो पूर्वमा भरतमुनिसम्म र पश्चिममा प्लेटो, अरस्तुसम्म लम्बिन सक्छ । यति भएर पनि यसले वास्तविक स्वरूप आधुनिक कालमा मात्र प्राप्त गरेको हो । शैलीविज्ञानले प्रथमतः ध्वनि, रूप र वाक्य व्याकरणसम्मका भाषिक शैलीगत अध्ययनमा बढी रुचि लिएको हो जसलाई लघुशैलीविज्ञान पनि भनिन्छ (पृष्ठ ५५३) । 'नयाँ समालोचना' झैं यो समालोचना पनि कृतिकेन्द्री हुँदै आएको देखिन्छ । नयाँ समालोचना जस्तै निरपेक्ष प्रस्तुत शैली विज्ञान प्रयोगात्मक भाषाविज्ञानको हाँगो मानिँदै आएको छ तापनि स्वतन्त्र भएर विकसित हुने साहस पनि बटुल्दै छ । मोहराज शर्मा (२०४८ : ५) का अनुसार शैलीविज्ञानले एउटा स्वतन्त्र विज्ञानको रूप प्राप्त गरिसकेको छ ।

प्रसिद्ध समालोचक आई.ए. रिचर्डस र इम्पसनबाट प्रारम्भ भएको शैली वैज्ञानिक समालोचना प्रणालीको प्रयोग आज पूर्व-पश्चिम दुवैतिरका भाषा-साहित्यमा उत्तिकै

उपयोगमूलक बनेको छ । नेपाली भाषा-साहित्यमा मोहनराज शर्माको 'शैली विज्ञान' ( २०४८) शैली वैज्ञानिक समालोचनाको नमुना बनेको छ ।

**२.२.३.९ संरचनावादी समालोचना**

स्विट्जरल्यान्डका भाषाशास्त्री फर्डिनान्ड द ससुर (सन् १८५७-१९१३) को भाषासम्बन्धी सिद्धान्तबाट संरचनावादी समालोचना पद्धति प्रभावित छ । उनी भाषालाई सङ्केत मान्दछन् र बाह्य यथार्थलाई बर्जित गरेर ती सङ्केतहरू भित्रका तत्त्वहरूलाई समष्टि संरचना मान्ने कुरामा जोड दिन्छन् । सङ्केतहरू भित्रका तत्त्वहरूको अन्तर्सम्बन्धबाट नै संरचना तयार हुने मान्यता राख्ने यी भाषाशास्त्री कृतिको ऐतिहासिकताप्रति विमुख भएको पाइन्छ (श्रेष्ठ, २०६१ : ६१) । संरचनावाद भन्ने वित्तिकै भाषा, सङ्केत, चिन्ह र तिनको संरचनामा जोड दिने साहित्यिक सिद्धान्तको बोध हुन्छ । कार्ल वेकसन र आर्थर ग्याँज (सन् १९९१ : २६७) । यसलाई "बौद्धिक विश्लेषणको एक पद्धति" (अ मेथड अफ इन्टलेक्चुअल एनलाइसिस्) मान्दछन् ।

संरचनावादले आजको रूप प्राप्त गर्नुमा मानवशास्त्रीहरूको, मनोवैज्ञानिक र दार्शनिकहरूको, धर्म प्रकारक र भाषाशिक्षकहरूको तथा अमेरिकाली वैज्ञानिक उन्नति र आर्थिक समुन्नतिको पनि प्रत्यक्ष-अप्रत्यक्ष भूमिका छ (बन्धु, २०४० : १) । संरचनावाद गणित र भौतिकशास्त्रदेखि विभिन्न सामाजिक शास्त्रहरू तथा मानविकी लगायत भाषाशास्त्र, साहित्य र कलाका क्षेत्रमा पनि प्रचलित हुन पुगेको बहुशास्त्रीय अवधारणा हो (त्रिपाठी, २०४९ : ५५५) । यति भएर पनि साहित्यिक कृतिको रूप तथा संरचनाको अध्ययन गर्ने सामान्य साहित्य सिद्धान्त तथा प्रायोगिक समालोचनाकै मोटोमाटी तात्पर्यमा साहित्यिक समालोचनाका क्षेत्रमा संरचनावादको प्राथमिक चिनारी प्राप्त भएको छ (पृ. ५५९) । 'संरचनावाद' आफैंमा एउटा विधि वा पद्धति भएकाले यसका निश्चित मान्यताहरू छन् । यसले लेखकीय दृष्टिविन्दुको सट्टा पाठकीय दृष्टिविन्दुलाई अँगाल्छ । कृतिको बाह्य मूल्य तर्फ ध्यान नदिई यसले कृतिपरकतामा जोड दिन्छ । कृतिलाई आफैंमा पर्याप्त अवयवात्मक संरचनाका रूपमा स्वीकार्दै यसले कृतिको अन्तरङ्ग अध्ययनमा रुचि राख्छ ।

संरचनावादी समालोचनाले परम्परागत समालोचनाले महत्त्व दिएका विषयवस्तु र रूपको द्वैधतालाई अस्वीकार गर्छ । त्यसैगरी यस समालोचनाले अर्थ, भाषा र रूपका त्रिकोणात्मक अवधारणालाई समेत प्रत्यक्ष रूपमा मान्दैन । शैलीवैज्ञानिक समालोचनाले जस्तै यसले साहित्यिक कृतिका संरचनाका विभिन्न तह र श्रेणीका बीचको सह-सम्बन्ध र व्यवस्थामा जोड दिन्छ ।

### २.२.३.१० विनिर्माणवाद–उत्तरसंरचनावाद

संरचनावादमा निहित पाठकेन्द्रित चिन्तन क्रमिक रूपमा अर्थसर्जन र पाठकमुखी चिन्तनमा फेरिँदै जान थालेपछि संरचनाले नयाँ मोड लिन थाल्दछ । पाठ बहुअर्थी हुने, एउटा पाठबाट हजारौं पाठको सिर्जना गर्न सकिने चिन्तन साहित्यिक चिन्तनमा निकै फस्टाउन थाल्दछ । भाषावाद बहुलवादमा फेरिन्छ र पाठहरू अनेकार्थ र विनिर्माणका तहमा फेरिन्छन् । साहित्यिक चिन्तनको यसै क्रममा एउटा निश्चित मूल्य र मान्यताका साथ सुरुमा दर्शनका र पछि साहित्यिक मूल्यका दृष्टिले फ्रान्सबाट एउटा कला आन्दोलनको थालनी हुन्छ । त्यही आन्दोलन पछि अमेरिकामा गएर एउटा ठोस र सङ्गठित आन्दोलन र चिन्तनको रूपमा विकसित हुन्छ । यसैलाई साहित्यको इतिहासमा विनिर्माणवादको संज्ञा दिइएको छ (बराल, २०५६ : ७६) । यस विनिर्माणवादले उत्तर आधुनिक समयलाई र यस समयमा प्रतिपादन भएका मान्यताहरूमा समेत प्रभाव पारेको छ ।

'विनिर्माण' शब्दका निर्माता तथा प्रयोक्ता प्रसिद्ध फ्रान्सेली चिन्तक, दार्शनिक तथा भाषाविज्ञानी जाक डेरिक (१९३०) हुन् । खासगरी साहित्यिक कृति वा पाठको पठन तथा सामानयतः समालोचनाको नयाँ सिद्धान्तलाई जन्म दिंदै डेरिडाले नै यसको नामकरण गरेका हुन् । डेरिडाले यस नयाँ सिद्धान्तको नाम 'विनिर्माणवाद' (डिकन्स्ट्रक्सन) राखेका हुन् । नेपालीमा यस विनिर्माणवादलाई विसंरचनावाद, उत्तर संरचनावाद, विरचनावाद, विसङ्घटनावाद, विनिर्मितिवाद आदि विभिन्न नामले पनि चिन्न सकिन्छ ।

वास्तवमा उत्तरसंरचनावादकै स्वरूप लिएर विनिर्माणवाद देखापरेकाले यी दुईलाई पर्यायवाची मान्ने गरिन्छ । जे होस् नयाँ प्रकारको पठन अभ्यास यसको अभीष्ट भएको हुँदा यसले अमेरिकाको साहित्यालोचनामा झण्डै दुई दशकसम्म निकै ठूलो प्रभाव जमाउन सक्यो (श्रेष्ठ, २०६२ : ६०) । विनिर्माणवादले पाठका लागि पाठकको आवश्यक पर्ने र पाठकको दक्षता अनुसार पाठमा विभिन्न अर्थ लाग्ने र एउटै पाठका अनेक रूप हुन सक्ने मान्यता प्रस्तुत गरेको छ ।

छोटोमा विनिर्माणवाद उत्तरआधुनिक समालोचनाको एउटा प्रमुख सिद्धान्त एवम् पद्धति हो । यसका प्रवर्तक फ्रान्सेली चिन्तक जाक डेरिडा हुन् । डेरिडाले १९६० को दशकमा यस वादको प्रतिपादन गरेका हुन् । यस विनिर्माणवादलाई अगाडि बढाउने अन्य प्रखर चिन्तकहरू हुन् - पौल डि म्यान, जेफ्री हार्टम्यान, जे हिलिस मिलर र हेराल्ड ब्लुम । अन्य चिन्तक, समालोचकहरूले समेत यसको विकासमा प्रत्यक्ष-अप्रत्यक्ष सघाउ पुऱ्याएका छन् । यस विनिर्माणवादको प्रयोग फ्रान्सेली, अमेरिकाली साहित्यमा मात्र नभएर नेपाली साहित्यमा समेत यसको प्रभाव र प्रयोग भएको पाइन्छ । इन्द्रबहादुर राईको 'कठपुतलीको मन', ध्रुवचन्द्र गौतमको 'अग्निदत्त+अग्निदत्त' जस्ता कृतिहरू विनिर्माणवादी साहित्यिक कृति हुन् ।

### २.२.३.११ नारीवादी समालोचना

नारीमाथि हुँदै आएका सामाजिक, आर्थिक, शारीरिक र बौद्धिक शोषणकै क्रममा नारीहरू र नारीमुक्तिका पक्षधरहरूबाट नारीवादी तथा नारीमुक्तिको चिन्तन देखापरेको हो । वास्तवमा यो नै नारीवादी समालोचनाको पृष्ठाधार हो (बराल, २०६४ : ६४) । नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गर्ने हैकमवादी पुरुष मानसिकताका विरुद्ध स्वर उराल्ने काम 'अमेरिकी स्वतन्त्रता सङ्ग्राम' (ई. १७७७) र 'फ्रान्सेली राज्य क्रान्ति' (ई. १७७८) देखि नै प्रारम्भ भएको हो तापनि यसले विशेषतः दोस्रो विश्वयुद्ध (१९३९-४५) पछिको चरणमा सफलता पाएको देखिन्छ । ई. १९४९ मा प्रकाशित सिमोन द बुभाको 'द सेकेन्ड सेक्स' नामको कृतिले नारीवादी चिन्तनको बीजारोपण गऱ्यो (बराल र सुवेदी, २०५८ : १२४) । बुबाको यस कृतिमा समाजमा नारीको स्थिति र भूमिकाबारे प्रश्न उठाउँदै नारीको पहिचान सम्बन्धी विस्तृत समीक्षा गरेकी छन । यस ग्रन्थको मुख्य स्वर राजनैतिक भए पनि सर्वप्रथम बुभाले नै पुरुषले उपन्यासमा नारीको वर्णन कसरी गर्छ भन्ने कुराको परीक्षण गरेकी हुन् ।

नारीवाद (फेमिनिज्म) राजनीतिक समतामूलक विचार बोकेको र ई. १९६० को दशकमा सुरु भएको पुरुष प्रधान समाजका विरुद्धको नारी आन्दोलन हो । आदिम तथा सभ्य दुवै समाजमा पुरुष नै विख हुन् चाहे पितृसत्तात्मक पुरुषबाट होस् चाहे मावलीवादी पुरुषबाट होस्, नारीजाति सधैं भरि उत्पीडित नै रहेको छ (मिलेट, १९६९ : २५-४६) । केट मिलेटको उपर्युक्त पुरुषसम्बन्धी धारणाले पुरुषचरित्रको ऐतिहासिक तथ्य स्पष्ट भएको छ । मिलेटको आफ्नो 'सेक्सुअल पोलिटिक्स' (१९६९) कृतिमा नारीका हकहीत र अधिकारका बारेमा आवाज उठाएकी छन् ।

नारीवाद मूलतः एउटा व्यवहारवादी (प्रयोगवादी) आन्दोलन हो । यसले सामाजिक, सांस्कृतिक एवम् साहित्यिक पक्षमा रहेर उनीहरूका विचार, मूल्य, मान्यता, आस्था आदिलाई अगाडि बढाएर नारी हितमा सघाउ पुऱ्याएको छ । यसका साथै यसले नारी स्वतन्त्रता, मुक्ति र आत्मनिर्भरता प्रदान गर्न बल दिन्छ । पुरुषप्रधान समाजमा नारीले भोग्नु परेका समस्याहरूलाई अगाडि सार्दै पुरुष सरह नारीले पूर्ण नागरिक भई बाँच्न, कामकाज गर्न पाउनुपर्छ भन्ने यस आन्दोलनको सिद्धान्त एवम् उद्देश्य रहेको देखिन्छ । यस आन्दोलनको आशय लोग्ने मान्छेको विरोध गर्नु नभएर नारीलाई पुरुष सरह उभ्याउनु रहेको छ ।

सन् १९६०-७० को दशकमा सचेत रूपमा सुरु भएको नारीवादले अमेरिकामा विशेष लोकप्रियता पाउँदै गएको देखिन्छ भने बेलायतमा पनि नारी प्रकाशन गृहहरूको स्थापना भएर यसले सक्रिय स्वरूप लिएको देखिन्छ । बेलायतमा सन् १९७७ मा 'भिर्गो' नामक प्रकाशनले नारीहरूको स्वतन्त्र पुस्तक प्रथम पटक प्रकाशन गरेको छ भने सन्

१९७८ मा 'द ओमन प्रेस' को स्थापना समेत भएको छ (शर्मा र लुइँटेल, २०६१ : ३७३) । यस्ता कार्यहरूले नारीवादी आन्दोलन र समालोचना प्रणालीलाई जीवन्त तुल्याउने काम गरेका छन् ।

नारीवादी समालोचनाले विभिन्न आरोप र प्रत्यारोप सहनु परेको भए पनि यसले नारीको भावना, नारीको धारणा साथै नारीका सामाजिक, राजनैतिक, नैतिक आदि मूल्यको उपेक्षा भइरहेको सन्दर्भमा समाजको महत्त्वपूर्ण तर उपेक्षित वर्ग (नारी) लाई अगाडि ल्याएर नारीवादी समालोचनाको सैद्धान्तिक समस्याको समाधान गर्ने काम गरेको छ । यो कार्य यस क्षेत्रको महत्त्वपूर्ण उपलब्ध हो । नेपाली साहित्यमा पनि नारीवादी समालोचनाको प्रभाव र प्रयोग हुँदै गएको छ ।

### २.२.३.१२ **नव इतिहासवाद**

नव इतिहासवाद उत्तरआधुनिकतावादबाट प्रभावित भई उत्पन्न भएको साहित्यिक अवधारणा हो । संरचनावाद, नवसमालोचना, शैलीवैज्ञानिक समालोचना, रुसी रूपवाद, सिकागो सम्प्रदाय, विनिर्माणवाद जस्ता इतिहास निरपेक्ष समालोचनासँग विमति जनाउँदै नवइतिहासवाद समालोचनाको जन्म भएको हो । यस समालोचनाले कुनै पनि लेख रचनाहरूलाई ऐतिहासिक सन्दर्भबाट नछुट्याई तिनीहरूकोअध्ययन ऐतिहासिक, साँस्कृतिक, सामाजिक र वैचारिक पक्षहरूका आधारमा गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । सन् १९८२ मा 'जाँर' नामक पत्रिकाको विशेषाङ्क प्रकाशित गरेर अमेरिकाका स्टिफेन ग्रिनब्लाटले यस 'नव इतिहासवाद' को प्रारम्भ गरेका हुन् (श्रेष्ठ, २०६१ : ६३) । कुनै पनि कृतिको जन्मका लागि ऐतिहासिक तथा साँस्कृतिक स्थितिलाई कारकतत्त्व मान्ने यो सिद्धान्त माइकल फाउकल्टद्वारा परिपक्व बन्न पुगेको देखिन्छ ।

नवइतिहासवादीहरूका विचारमा कुनै पनि लेख रचना भनेको समकालीन, ऐतिहासिक, सामाजिक एवम् साँस्कृतिक घटनाहरूको उपज हो अनि कुनै पनि कृति कुनै समय र स्थानको प्रतिनिधि अथवा वैचारिक उत्पादन अथवा साँस्कृतिक निर्माण हो । यस्ता कृतिहरूले ऐतिहासिक घटनामा विशेष महत्त्व राखेका हुन्छन् । यद्यपि इतिहासवादभन्दा नवइतिहासवाद केही पृथक देखिन्छ । यस नवइतिहासवादले कृतिलाई साँस्कृतिक परिपाटीसँग सम्बद्ध गरेर सृजन प्रक्रियाबारे अध्ययन विश्लेषण गर्दछ । यो कार्य नवइतिहासवादमा पाइने नवीन विशेषता हो । यस नव इतिहासवादलाई साँस्कृतिक अध्ययन गर्ने विधि मानिन्छ ।

कुनै पनि कृतिलाई राम्ररी बुझ्नका लागि त्यसको लेखन र अन्य सामाजिक साँस्कृतिक मूल्य मान्यताहरू बीचको अन्तरसम्बन्धबारे अध्ययन गर्नु पर्दछ भन्ने मान्यता नै नवइतिहासवादको महत्त्वपूर्ण प्रमुख पक्ष हो ।

## २.३ निष्कर्ष

प्रस्तुत दोस्रो परिच्छेदको अध्ययनबाट निम्न बुँदाहरू स्पष्ट भएका छन् :

१) साहित्यिक कृतिको अध्ययन, आस्वादन र बोध गरेपछि त्यसबारे व्यक्त गरिएको विचार समालोचना हो ।

२) समालोचनाका लागि आलोचना, समीक्षा जस्ता समानार्थी शब्द प्रचलित रहेका छन् ।

३) सैद्धान्तिक व्यावहारिक मापदण्डका आधारमा कृतिको व्याख्या विवेचना, मूल्याङ्कन तथा सौन्दर्योद्घाटन गर्नु समालोचनाको कार्य हो ।

४) समालोचनाका मूलतः दुईवटा प्रकार देखिएका छन् : (क) सैद्धान्तिक समालोचना र (ख) व्यवहारिक समालोचना

५) व्यवहारिक समलोचनालाई प्रायोगिक समालोचना पनि भनिन्छ । विश्वसाहित्यमा प्रायोगिक/व्यवहारिक समालोचनाका विभिन्न नव-नव पद्धतिहरू विकसित भएका छन् ।

६) विश्वसाहित्यमा प्रचलित यस्ता समालोचना पद्धतिहरू हुन् : नीतिपरक समालोचना, जीवनीपरक समालोचना, समाजपरक समालोचना, मनोविश्लेषणात्मक समालोचना, नयाँ समालोचना, शैली वैज्ञानिक समालोचना, संरचनावादी समालोचना, रसियाली रूपवाद, विनिर्माणवाद, नारीवादी समालोचना, आदिमतापरक समालोचना, नव इतिहासवाद, मार्क्सवादी समालोचना आदि ।

७) नेपाली समालोचनामा पनि उपर्युक्त समालोचना पद्धतिहरूको प्रभाव र प्रयोग हुँदै गएको छ ।

**परिच्छेद–तीन**

# k|tfkrGb| k|wfgsf] hLjgL, JolQmTj, s[ltTj / ;dfnf]rgf ofqf

## ३.१ जीवनीगत परिचय

प्रतापचन्द्र प्रधानको पुख्र्यौली थलो काठमाडौं उपत्यकाको पाटन, ललितपुर हो । त्यहींबाट व्यापार गर्ने सिलसिलामा उनका पुर्खाहरू दार्जिलिङ गएका थिए । व्यापार व्यवसाय गर्ने क्रममा उनका हजुरबाजे उतैतिर घरजम गरेर बसेका थिए (शोधनायकबाट प्राप्त जानकारी) । उनका रणध्वज मुल्मी र राजवीर मुल्मी दुई छोरा थिए ।

प्रतापचन्द्र प्रधान राजवीर मुल्मीका तीन छोरामध्ये महिला छोरा कर्णबहादुर प्रधान र उनकी धर्मपत्नी जङ्गीमाया प्रधानका कोखबाट सात सन्तानमध्येको माहिलो छोराका रूपमा २०१० सालमा जन्मिएका थिए (ऐजन) ।

प्रतापचन्द्र प्रधानको बाल्यकाल दार्जिलिङको रमणीय पहाडी इलाकामा मावली घरमा बित्यो । त्यहाँको रममीण वातावरणमा प्रकृतिसँग खेल्दै, हिउँमा लडीबुडी गर्दै र अनेक बालखेलहरू खेल्दै उनले आफ्नो बाल्यकाल बिताएको देखिन्छ । उनको बाल्यकाल ममतापूर्ण व्यापारिक प्रभावयुक्त वातावरणका बीचबाट गुज्रेको थियो (शोधनायकबाट प्राप्त जानकारी) ।

प्रधानले माध्यमिक तहसम्मको शिक्षा सेन्टरोबटेस् माध्यमिक विद्यालयबाट ग्रहण गरे । उनी साढे तीन वर्षको उमेरमा विद्यालय भर्ना भए भने सन् १९६९ मा स्कुले शिक्षा पूरो गरे (शोधनायकबाट प्राप्त जानकारी) । त्यसपछि उनले सेन्ट जोसेफ कलेजबाट स्नातक सम्मको शिक्षा पूरा गरे । त्यस लगतत्तै काठमाडौं आएका प्रधानले त्रि.वि. बाट नेपाली (२०२३) र अङ्ग्रेजी (२०४८) विषयमा स्नातकोत्तर गरे । शिक्षाव्यसनी प्रधानले आफ्नो अध्ययनलाई त्यतिमै थाँती राखेनन् । वि.सं. २०६२ मा उनले त्रि.वि. बाटै विद्यावारिधिको उपाधि पनि हासिल गरे ।

अध्ययन-अध्ययनमा समर्पित प्रधानले औपचारिक शिक्षाका साथै व्यक्तिगत ढङ्गले स्वाध्ययनका माध्यमबाट गहन ज्ञान र शिक्षा प्राप्त गरेको देखिन्छ ।

प्रतापचन्द्र प्रधानले प्रचलित परम्परा अनुसार नै भक्तपुरमा कृष्णहरि कायस्थ र भवानीदेवी मल्ल (प्रधानाङ्ग) की पुत्री दीपासँग सन् १९८२ मा काठमाडौंमा विवाह गरेका हुन् (शोधनायकबाट प्राप्त जानकारी) । सन्तानमा एक पुत्र आविष्कारचन्द्र प्रधान मात्र भएका प्रतापचन्द्रको परिवार तीन जनाको सानो र सुखी परिवारका रूपमा रहेको देखिन्छ ।

उच्च मध्यम वर्गीय परिवारमा जन्मे-हुर्केका प्रधानका दम्पत्तिले नै अध्यापनको पेसा अँगालेका छन् । प्रधानले नेपाली र अङ्ग्रेजी भाषा-साहित्य पढाउँछन् । उनकी श्रीमती दीपा

प्रधान पनि त्रि.वि.कै प्रध्यापन पेसामा संलग्न छिन् । यसप्रकार प्राध्यापन नै प्रधानको एक मात्र पेसा बनेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

श्रीमान्-श्रीमती दुवैजनाले महाविद्यालयमा पढाउने जागिर गर्ने हुनाले प्रधानको आर्थिक अवस्था बलियो नै देखिन्छ । यही पेसाबाटै उनले आफ्नो जीवन निर्वाह गरिरहेका छन् । समग्र नेपालीको सापेक्षतामा हेर्दा उनको आर्थिक अवस्था राम्रो नै देखिन्छ ।

प्रधानको जन्म र हुर्काइको थलो भारतको दार्जिलिङ हो । स्नातकसम्मको अध्ययन भारतबाटै सम्पन्न गरेकाले त्यस बेलासम्म प्रधानको बसाइ स्वभावतः उतै हुने भइ नै हाल्यो । त्यसपछि काठमाडौं प्रवेश गरेका प्रधान हाल काठमाडौंको रानीबारी, लाजिम्पाट भन्ने ठाउँमा स्थायी रूपमा बसोबास गर्दछन् (शोधनायकबाट प्रापत जानकारी) ।

दिनचर्यालाई हेर्दा महाविद्यालया गएर अध्यापन गर्नु, घरमा दैनिक जसो अध्ययन-लेखनको कार्य सञ्चालन गर्नु, पत्रपत्रिका पढ्नु, टेलिभिजन हेर्नु आदि उनका हालका दिनचर्या बनेका छन् ।

प्रधानले माध्यमकि तहको अध्ययन गर्दादेखि नै आफ्नो लेखन यात्राको प्रारम्भ गरेका हुन् । त्यसबेला उनले विभिन्न साहित्यिक प्रतियोगिताहरूमा भाग लिने र पुरस्कृत समेत हुने गरेको जानकारी पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । प्रधानको पहिलो प्रकाशित रचना 'प्रेतात्माको अधुरो सपना' (सन् १९६२) हो । यो सन्त जोसेफ कलेजबाट निस्कने 'नर्थ पोइन्टर वार्षिक पत्रकामा प्रकाशित भएको थियो' (ऐजन) । त्यसपछि 'सिन्दूर', 'मधुपर्क', 'रूपरेखा', 'रत्नश्री' जस्ता पत्रिकाहरूमा उनका कथाहरू प्रकाशित भएका छन् ।

पुस्तकाकार कृतिमा चाहिँ 'माध्यमिककालीन नेपाली कवितामा शृङ्गार' (२०३७) उनको प्रथम प्रकाशित कृति हो । त्यसपछि उनका 'नेपाली कथावलोकन' (२०४०), 'नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि' (२०४०), 'पुरानो गोर्खा थुम दोर्लिङ : उहिले र अहिले' (इतिहास, २०४१), 'मास्टर रत्नदास प्रकाश : एक व्यक्ति अनेक अभिव्यक्ति' (२०४१, जीवनी), 'आयामिक कथाकार इन्द्रबहादुर राई' (२०५७), 'उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला' (२०५८), 'प्रतिनिधि आधुनिक नेपाली लामा कविता' (२०५९) र 'सन्दर्भ : उपन्यासको' (२०६२) जस्ता समालोचनात्मक, जीवन मूलक तथा इतिहासमूलक कृतिहरू प्रकाशित भएका देखिन्छन् । यसका साथै प्रधानका थुप्रै फुटकर समालोचनाहरू पनि प्रकाशित भएका छन् । प्रधानले निबन्ध र गीतका क्षेत्रमा पनि केही कृति लेखे पनि उनको लेखनको मूल क्षेत्र समालोचना विधा नै हो । कथाबाट लेखनारम्भ गरेका प्रधान पछिल्लो समयमा समालोचना विधामा नै एकोहोरिएर लागेका छन् । विद्यार्थी कालदेखि लेख्न सुरु गरेर अद्यावधि त्यसैमा सक्रिय बनिरहेकाले लेखकीय जीवन प्रतापचन्द्र प्रधानको जीवनीको एउटा महत्त्वपूर्ण पाटो बनेको छ ।

प्रत्येक मान्छेका आ-आफ्नै स्वभाव र रुचि हुन्छन् । प्रतापचन्द्र प्रधान पनि आफ्नै किसिमका स्वभाव र रुचि भएका व्यक्ति हुन. । प्रतापचन्द्र प्रधानको स्वभाव मिलानसार/सुकोमल र हार्दिक किसिमको छ । उनी सबैसित मिलेर हाँसीखुसी सम्बन्ध राख्न चाहन्छन् । अरूका दुःख, कष्ट सहन नसकेर रुन पुग्ने प्रधान कोमल स्वभावका छन् (शोधनायकबाट जानकारी अनुसार) ।

एकान्तमा बसेर चाहेको पुस्तक पढ्नु र लेखन गर्नु उनको एउटा महत्त्वपूर्ण रुचि हो (ऐजन) । उनको यसै रुचिले नै उनलाई एक वरिष्ठ समालोचक बनाएको हो । त्यस्तै नेपाली, हिन्दी लगायतका भाषामा प्रकाशित विभिन्न पत्रपत्रिकाको अध्ययन गर्नु उनको अर्को रुचि र दिनचर्या रहेको जानकारी पाइन्छ । त्यस्तै विभिन्न खेल हेर्नु र खेल्नु पनि उनको रुचि हो । फुटबल उनको सबैभन्दा मनपर्ने खेल हो ।

खानामा नेपाली सादा खाना (पिरो, तेल र मसला कम भएको), मन पराउने प्रधानले नेपालीपनलाई बिर्सनु हुँदैन भन्ने मान्यता राख्दछन् । पहिरनमा नेपालीपनलाई बिर्सनुहुँदैन भन्ने उनको अर्को मान्यता रहेको छ (दीपा प्रधानसँगको भेटवार्ताबाट प्राप्त जानकारी) ।

प्रधान सामाजिक गतिविधिमा पनि संलग्न रहेका छन् । यस क्षेत्रमा उनी साहित्यिक र गैरसाहित्यिक संघ संस्थामा आबद्ध रहेर आफूलाई सामाजिक रूपमा क्रियाशील तुल्याएको देखिन्छ । प्रधान 'सिर्जनशील साहित्य समाज' को कोशाध्यक्ष (वि.सं. २०४२-२०४६), 'महाशक्ति विद्यार्थी' को सहासचिव (वि.सं. २०५०-२०५२) र 'नेपाली साहित्यिक पत्रकार संघ' को सदस्य भएर काम गरिसकेका छन् भने हाल उनी 'एट्रेक्सन नेपाल' नामक संस्थामा कार्यकारी अध्यक्षका रूपमा संलगन रहेका देखिन्छन् । (शोधनायकबाट प्राप्त जानकारी) ।

प्रधानले आफूले गरेका उत्कृष्ट कार्यहरूका लागि विभिन्न सम्मान तथा पुरसकारहरू प्राप्त गरेका छन् । सर्वप्रथम उनले सन् १९६९ मा हाई स्कुल स्तरको कथा प्रतियोगितामा प्रथम पुरस्कार प्राप्त गरेका थिए भने सन् १९८० मा रत्नश्री सुवर्ण पदक प्राप्त गरेका थिए (ऐजन) । यसैगरी नेपाली साहित्यमा शोध गर्नका लागि उनले श्री ५ महेन्द्र वृत्ति (वि.सं. २०३४/०३६) प्राप्त गरेका थिए । त्यसपछि प्रधानले वि.सं. २०३६/०५७ मा ने.रा.प्र.प्र.बाट दिइने विद्वत वृत्ति प्राप्त गरी आधुनिक नेपाली लामा कविताका स्वरूप र प्रवृत्तिमा शोध लेखन कार्य पूरा गरी सो प्रतिष्ठानलाई बुझाइसकेका छन् (ऐजन) । यी सम्मान तथा पुरस्कारहरूले उनले नेपाली भाषा-साहित्यमा महत्त्वपूर्ण योगदान गरेको तथ्यलाई देखाउँछ ।

प्रधानले विदेश भ्रमणमा भारतका विभिन्न सहरहरू र भुटानको भ्रमण गरिसकेका छन् । स्वेदशमा चाहिँ देशका प्रायः सबै ठूला सहरहरू र अधिकांश पूर्वी गाउँहरू घुमिसकेका छन् । यसबाहेक अन्य देशको भ्रमण उनले गरेका देखिँदैन ।

प्रधानको परिवारमा साहित्यिक प्रतिभा भएका व्यक्तिहरू (आंशिक रूपमा ठूली दिदीबाहेक) नभएकाले उनले आफ्नो परिवारबाट लेख्ने प्रेरणा खासै पाएनन् । उनको साहित्यप्रतिको रुचि र साथीभाइसँगको सङ्गतले उनलाई लेखनतर्फ लाग्न प्रेरित गऱ्यो । उनको पहिलो पटक प्रकाशित कथालाई उनले कैयौँ पटक हेरेर दङ्ग परेका घटनाले (ऐजन) उनी आफ्ना प्रथम सिर्जनाबाट पनि उत्प्रेरित रहेको देखाउँछ ।

यसबाहेक प्रधानले आफ्ना अग्रज साहित्यकारहरू- सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, रूपनारायण सिंह, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम आदिका साथै पाश्चात्य साहित्यकारका कृतिहरूको अध्ययन गरेर तिनबाट प्रशस्त प्रेरणा र प्रभाव ग्रहण गरेको देखिन्छ ।

## ३.२ व्यक्तित्वगत तथा साहित्यिक परिचय

कुनै व्यक्तिले गरेका कार्यहरूबाट उसको व्यक्तित्वको निर्माण हुन्छ । यसका साथै पारिवारिक पृष्ठभूमि सामाजिक-सांस्कृतिक प्रभावहरू, जीवनभोगाइ, उसको भूमिका, व्यक्तिको प्रतिभा आदि पक्षहरूले पनि व्यक्तिको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् ।

प्रतापचन्द्र प्रधानको व्यक्तित्वमा पनि यिनै विभिन्न पक्षको प्रभाव रहेको छ । बाह्य रूपमा हेर्दा प्रधान गहुँगोरो अनुहार, फराकिलो निधार, कालो कपाल, काला आँखा, झट्ट हेर्दा निकै जोशिलो देखिने अनुहार भएको, पाँच फिट सात इन्च उचाइ र खाइलाग्दो शरीर भएका स्पष्ट वक्ताका रूपमा देखिन्छन् । यिनै विशेषताहरूले उनको बाह्य व्यक्तित्वको झलक प्रस्तुत गर्दछन् ।

आन्तरिक रूपमा हेर्दा प्रधान सिद्धान्तनिष्ठ, आँटिला, सहयोगी र बहिर्मुखी स्वभावका रहेका छन् । प्रधान आफूलाई लागेको कुरा स्पष्ट भनिदिने र अरूबाट पनि त्यस्तै अपेक्षा गर्ने पारदर्शी स्वभावका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

माथि उल्लेख गरिएका स्वरूप र स्वभावसँग सम्बन्धित अन्तर्बाह्य निजी व्यक्तित्व बाहेक प्रधानको सार्वजनिक व्यक्तित्व पनि रहेको छ । यही सार्वजनिक व्यक्तित्व नै उनको व्यक्तित्वको महत्त्वपूर्ण पक्ष हो र त्यसका विभिन्न पाटा नै हाम्रो रुचिका विषय हुन् । यसअन्तर्गत उनका सामालोचक, कथाकार, निबन्धकार, गीतकार, इतिहासकार, सम्पादक र प्राध्यापकीय व्यक्तित्व मुख्य रहेका छन्, जसको अध्ययन निम्नानुसार गरिएको छ :

यो प्रधानको कवित्वको सबैभन्दा महत्त्वपूर्ण पाटो हो । कथा विधाबाट लेखन यात्रा प्रारम्भ गरेका प्रधानको पहिलो समालोचना ‘कथाकार मैनालीको नासो : समाजको चित्रावली’ (२०३० : नेपाली साहित्य सम्मेलन, दार्जिलिङ) हो । त्यसपछि उनको ‘शृङ्गार परम्पराको सापेक्षतामा सूक्तिसिन्धु’ (रूपरेखा, काठमाडौं : २०३१) प्रकाशित भएको देखिन्छ ।

प्रधानका फुटकर समालोचना बाहेक पुस्तकाकार कृति पनि प्रकाशित भएका छन् । 'माध्यमिककालीन नेपाली कवितामा शृङ्गार' (२०३७) उनको पहिलो समालोचना कृति हो । त्यस्तै २०४० सालमा उनका 'कथावलोकन' र 'नेपाली उपन्यास : परमपरा र पृष्ठभूमि' गरी दुईओटा समालोचना कृतिहरू प्रकाशित भएका छन् । त्यसपछि १६ वर्षको लामो अन्तरालपछि उनको 'आयामिक कथाकार इन्द्रबहादुर राई' (२०५७) प्रकाशित भयो भने २०५८ सालमा 'उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला' प्रकाशित भयो । 'प्रतिनिधि आधुनिक नेपाली लामा कविता' (२०५९) र 'सन्दर्भ : उपन्यासको' (२०६२) उनका पछिल्ला पुस्तकाकार समालोचना कृतिहरू हुन् । यसका साथै उनका थुप्रै फुटकर समालोचनाहरू पनि प्रकाशित भएका छन् । यी सम्पूर्ण समालोचनाहरूले उनको समालोचक व्यक्तित्वको निर्माण गर्ने आधार तत्त्वको भूमिका निर्वाह गरेको देखिन्छ । समालोचक व्यक्तित्व उनको समग्र व्यक्तित्वको सबैभन्दा महत्त्वपूर्ण आयामका रूपमा स्थापित भएको छ ।

प्रधानले वि.सं. २०२९ मा सन्त जोसेफ कलेजबाट निस्कने 'नर्थ पोइन्टर' पत्रिकामा प्रकाशित 'प्रेतात्माको अधुरो सपना' शीर्षक कथाबाट आफ्नो साहित्यिक यात्राको थालनी गरेका हुन् । त्यसपछि उनका एक दर्जनभन्दा बढी कथा र आधा दर्जन जति सिनेकथा प्रकाशित-छायाङ्कन भएका छन् (ऐजन) । यी सम्पूर्ण कथाहरूबाट उनको कथाकार/सिनेकथाकार व्यक्तित्वको निर्माण भएको छ । 'त्याग', 'मेरो जीवनका मोडहरू', 'अनि फेरि एउटा कथा दोहोरिन्छ', 'त्यो पसलकी साहुनी', 'अकथा' आदि उनका महत्त्वपूर्ण कथाहरू हुन् ।

यो प्रधानको समग्र व्यक्तित्वको एक अर्को आयाम हो । उनको खास क्षेत्र समालोचना भए पनि केही फुटकर निबन्धहरू पनि प्रकाशित भएका छन् । 'अनुवाद कला' ( २०३२) बाट निबन्ध लेख्न थालेका प्रधानका 'मान्छे किन मनोरोगी हुन्छ ?' 'दार्जिलिङ्को योगदान : नेपाली साहित्यमा', 'औपन्यासिक परिप्रेक्ष्यमा लघु उपन्यास' लगायतका पौने दर्जन जति निबन्धहरू प्रकाशित भएका छन् । वि.सं.२०३९ पछाडि निबन्ध लेखनमा रुचि नदेखाएका प्रधानका निबन्धमा उनको समालोचना व्यक्तित्वको प्रशस्त प्रभाव परेको देखिन्छ ।

प्रधान गीतकार पनि हुन् । उनले धेरै गीतहरू रचना गरेका छन् र ती गीतहरू उदीतनारायण झा, दीपा झा, दीपक जङ्गम, किरण प्रधान, तारा थापा आदिको स्वरमा रेकर्डिङ भएका छन् । रेडियो नेपाल, नेपाल टेलिभिजन आदि सञ्चार माध्यमबाट उनका गीत प्रकाशित भएका छन् भने सिने क्षेत्रमा पछ्यौरी, गोधुली, तिलहरी आदि फिल्ममा उनका गीतहरू समेटिएका छन् । प्रायः रोमान्टिक भावधाराका गीत लेखे पनि उनका गीतमा पर्याप्त कवितात्मकता र कलात्मकता पाइन्छ । यी विभिन्न गीतहरूले उनको गीतकार व्यक्तित्वको निर्माण गरेका छन् र गीतकार व्यक्तित्व उनको व्यक्तित्वको एक उल्लेख्य पाटो बनेको छ ।

प्रधान एक सम्पादक पनि हुन् । उनको सम्पादकमा 'एक व्यक्ति अनेक अभिव्यक्ति' (२०४१) नामक कृति काशित भएको छ । यसमा विभिन्न लेखकका ४८ ओटा लेख, १३

ओटा अन्तर्वार्ता र ५४ ओटा मन्तव्य समाविष्ट गरिएको छ । यसका साथै उनले अन्य केही कृतिको सम्पादनमा पनि सहयोग गरेको देखिन्छ । यसरी सम्पादक व्यक्तित्व पनि उनको व्यक्तित्वको एक महत्त्वपूर्ण आयाम बनेको छ ।

प्रधान एक इतिहासकार पनि हुन् । उनको 'पुरानो गोर्खा थुम दोर्लिङ : उहिले र अहिले' (२०४१) शीर्षकको इतिहासमूलक पुस्तक प्रकाशित छ । आफ्नो प्रकाशोन्मुख कृति 'दार्जिलिङ र यसका विविध पक्ष' बाट एक अंश झिकी यो पुस्तिका प्रकाशित गराएको जानकारी पाइन्छ (प्रधान : २०४१, पृ. प्रकाशकीय) । यसतर्फ उनको यही एउटा मात्र पुस्तक प्रकाशित भए पनि दार्जिलिङको यथार्थ परिचय प्रस्तुत गर्ने लेखिएको यी कृति इतिहास लेखनतर्फको एक गतिलो प्रयास हो (खनाल :२०५८, पृ. २४) । यस कृतिबाट उनको इतिहासकार व्यक्तित्वको निर्माण भएको छ ।

प्रधान पेसागत रूपमा शिक्षण वृत्तिलाई अवलम्बन गरेका व्यक्ति हुन् । हाल उनी त्रिभुवन विश्वविद्यालयमा प्रध्यापनरत छन् । प्रधानले पद्मकन्या बहुमुखी क्याम्पस, पशुपति बहुमुखी क्याम्पस र सिद्धार्थ बनस्थली क्याम्पसमा अध्यापन गरिरहेका छन् । उनले अँगालेको यस पेसाबाट उनको प्राध्यापकीय व्यक्तित्वको निर्माण भएको छ । अतः यो पनि उनको व्यक्तित्वको एउटा महत्त्वपूर्ण पाटो हो ।

यसरी प्रधानका व्यक्तित्वका विभिन्न आयामहरू रहेका छन् र ती सबै आयामको समष्टि पुञ्जका रूपमा उनको सिङ्गो व्यक्तित्वको निर्माण भएको छ । उनको व्यक्तित्वका अन्य पक्षभन्दा समालोचक व्यक्तित्व नै बढी समृद्ध र सबैभन्दा महत्त्वपूर्ण रहेको छ । त्यसै कारणले नै प्रतापचन्द्र प्रधान सर्वप्रथम समालोचकका रूपमा चिनिन्छन् र त्यसपछि मात्र उनी गीतकार, कथाकार, सम्पादक, इतिहासकार, प्रध्यापक आदिका रूपमा चिनिन्छन् । तसर्थ यहाँ उनको समालोचक व्यक्तित्वलाई अध्ययनको मुख्य विषय बनाइएको छ ।

प्रतापचन्द प्रधानले परिशिष्ट-२ मा उल्लिखित विभिन्न कृतिहरूद्वारा आफ्नो लेखकीय जीवनको निर्माण गरेका छन् । यी सम्पूर्ण कृतिहरूको समष्टि नै उनको कृतित्त्व हो । उनको कृतित्त्व विभिन्न विधाहरूमा विस्तारित भएको छ र यो समृद्ध खालको रहेको छ । नौओटा पुस्तकाकार कृति पचासीओटा फुटकर समालोचना, उन्नाईसभन्दा बढी कथा, आठ ओटा निबन्ध र केही अन्य विधाका कृतिहरूबाट उनको कृतित्त्व बनेको छ । यी कृतिहरूका साक्ष्यका आधारमा उनको कृतित्त्व विविधतामय र समृद्ध रहेको देखिन्छ ।

प्रतापचन्द्र प्रधानले वि.सं. २०३२ सालदेखि निबन्ध लेखन सुरु गरेको देखिन्छ, तर वि.सं. २०३९ सालपछि भने उनको निबन्ध लेखनमा मन्दी आएको अनुमान गर्न सकिन्छ । यसबाट उनको निबन्ध लेखनप्रतिको रुचि पलायन हुँदै गएको स्पष्ट हुन्छ । प्रधानका निबन्धहरू स्वदेश तथा विदेशका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका भेटिन्छन् । प्रधानका निबन्धहरूको अवलोकन गर्दा विशुद्ध निबन्ध फेला पर्दैनन् । प्रधानका निबन्धहरूमा समालोचकीय रङ्ग लागेको पाइन्छ । त्यसैले उनका निबन्धहरूलाई विशुद्ध नभनेर समीक्षात्मक निबन्ध भन्न सकिन्छ ।

## ३.३ समालोचना यात्रा

प्रतापचन्द्र प्रधानले आभ्यासिक रुपमा पहिलेदेखि नै समालोचनामा कलम चलाउँदै आए पनि उनको प्रथम प्रकाशित समालोचना चाहिँ "कथाकार मैनालीको नासो : समाजको चित्रावली" ('दियालो', वि.सं. २०३०, वर्ष १३, अङ्क ७२/७३) हो । नेपाली साहित्यका प्रथम नेपाली आधुनिक कथाकारको प्रथम आधुनिक नेपाली कथाको समीक्षा गरेर उनले आफ्नो समालोचना यात्राको प्रारम्भ गरेको देखिन्छ । यहाँ उनले 'नासो' लाई नेपाली समाजको सजीव प्रतिविम्ब वा चित्रावलीका रुपमा चित्रण गरेका छन् । यस समालोचनाले प्रधानको कृतिपरक निर्णयात्मक समालोचकीयताको प्रदर्शन गर्नुका साथै उनको समालोचकीय क्षमताको पनि दिग्दर्शन गराउँछ ।

यस समालोचनाबाट प्रारम्भ भएको उनको समालोचना यात्रा आजसम्म पनि निरन्तर गतिशील छ र सो यात्रामा प्रधान सक्रिय रुपमा अगाडि बढिरहेका छन् । वि.सं. २०३० देखि हालसम्मको उनको ३७ वर्षको समालोचना यात्रा क्रमिक विकासको दिशामा अगाडि बढिरहेको र तात्त्विक रुपमा वैचारिक प्रवृत्तिगत भिन्नता धेरै देखानपरेका कारण उनको समालोचना यात्रालाई सहजताका लागि दशकीय आधारमा निम्न चार चरणहरुमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ ।

(१) पहिलो चरण (वि.सं. २०३० देखि वि.सं. २०३८ सम्म)

(२) दोस्रो चरण (वि.सं. २०४० देखि वि.सं. २०४९ सम्म)

(३) तेस्रो चरण (वि.सं. २०५० देखि वि.सं. २०५८ सम्म)

(४) चौथो चरण (वि.सं. २०५९ देखि यता)

### (१) पहिलो चरण

यो चरण प्रधानको सिङ्गो समालोचना यात्राको थालनी वा अभ्यासकाल र विविध प्रकारहरुमा विस्तारको उद्गम चरण हो । 'कथाकार मैनालीको **नासो** : समाजको चित्रावली' कृतिपरक समालोचनाबाट प्रारम्भ भएको यस चरणलाई 'शृङ्गार परम्पराको सापेक्षतामा **सूक्तिसिन्धु**' (२०३१), 'आयामिक साहित्यप्रति एक दृष्टि' (२०३१), 'कवि माधव घिमिरेका कविताको विकासक्रम' (२०३१), 'घामफूल उपन्यास : एक चिनारी' (२०३२), 'त्यो फेरि फर्कला ? नाटक : एक विवेचना' (२०३२) लगायतका समालोचनाहरुले विधागत विविधता र प्रकारगत विविधता दिँदै अगाडि बढाएका छन् । व्यवहारिक समालोचनाबाट प्रारम्भ भएको यस चरणलाई 'आयामिक साहित्यप्रति एक दृष्टिकोण', 'अनुवाद कला' (२०३२) आदि समालोचनाले सैद्धान्तिक आयाम दिएका छन् भने व्यवहारिक समालोचनामा पनि उनको सैद्धान्तिक चिन्तन प्रकट भएको छ । व्यवहारिकतर्फ साहित्यका कथा, उपन्यास, निबन्ध, कविता, नाटक जस्ता विधामा उनको लेखनी फैलिएको छ । त्यसअन्तर्गत कृतिपरक, विधापरक, इतिहासपरक, व्यक्तिप्रतिभा केन्द्रित, पत्रकारिता केन्द्रित (रुपरेखा र

नेपालबाहिरका नेपाली) लगायतका प्रकारहरुमा झ्याङ्गिएको छ । यस चरणका धेरै कृतिपरक समालोचनामा सिद्धान्तका आधारमा कृतिको विश्लेषण गर्ने निगमनात्मक विधिको प्रयोग भएको छ भने विधापरक र इतिहासपरक समालोचनामा सर्वेक्षणात्मक विधिको प्रयोग भएको देखिन्छ । प्रधानको समालोचनायात्राको प्रारम्भ भई उनी एक सफल समालोचकका रुपमा स्थापित हुनु र उनको समालोचकीयता विविध प्रकार एवं विधा र गुणवत्तायुक्त मूल्यतर्फ विस्तारित हुँदै जानु यस चरणको महत्वपूर्ण उपलब्धि हो । २०३० देखि २०३८ सम्म फैलिउको यस चरणमा प्रधानको 'माध्यमिककालीन नेपाली कवितामा शृङ्गार' (२०३८) भन्ने अन्वेषणात्मक समालोचनाको पुस्तक प्रकाशित भएको छ भने बाउन्नओटा समालोचनाहरु प्रकाशित भएका छन् । जुन परिशिष्ट २ मा दिइएको छ ।

### (२) दोस्रो चरण

सिलगुढीबाट प्रकाशित हुने 'हिमालचुली' दैनिक पत्रिकामा वि.सं. २०३९ मा प्रकाशित 'प्रयोजनपरक नेपाली भाषा र यसको उपयोगिता' समालोचनाबाट यस सङ्घर्षपूर्ण चरणको थालनी भएको हो । यस समालोचनाले विषयगत दृष्टिले नयाँपन ल्याउँदै प्रधानको समालोचना यात्रामा भाषावैज्ञानिक प्रकारको नयाँ मोड सिर्जना गरेको छ । यसबाट साहित्यतर्फ मात्र केन्द्रित प्रधानको द्रष्टाचेत भाषाविज्ञानतर्फ पनि आकृष्ट भएको देखिन्छ र यसले भाषावैज्ञानिक चेतलाई पनि देखाउँछ । यस चरणलाई 'नेपाली आयामिक लेखन र होलोग्राफ पद्धति : तुलनात्मक विवेचना' (२०४०) ले तुलनात्मक समालोचनाको नयाँ आयाम प्रदान गरेको छ भने 'नेपाली साहित्यमा तेस्रो आयामको परिचय' ले उत्तरआधुनिक चेतनसहित विकसित तुल्याउने काम गरेको छ । 'आयामिक चिन्तनको सन्दर्भमा घनत्ववाद', 'नेपालीमा आयामिक कविताको भाषिक विशेषता', 'उपन्यासको ऐतिहासिक परम्परा', 'पूर्वीय साहित्यमा उपन्यास' लगायतका १३ ओटा समालोचनाहरु तथा 'नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि' (२०४०), 'नेपाली कथावलोकन', 'मास्टर रत्नदास प्रकाश : एक व्यक्ति अनेक अभिव्यक्ति' (२०४१, जीवनी) जस्ता समालोचना शङ्ग्रहले यस चरणको निर्माण गरेका छन् । उपन्यास र कथा विधाका छुट्टाछुट्टै, समालोचना सङ्ग्रह प्रकाशित हुनु, भाषावैज्ञानिक र तुलनात्मक समालोचना देखिनु, उत्तरआधुनिक आयामिक चिन्तनको गहन विश्लेषणतर्फ आकृष्ट हुनु आदि यस चरणका महत्वपूर्ण सम्प्राप्ति हुन् ।

### (३) तेस्रो चरण

२०५० सालमा प्रकाशित 'गीतकार हाजिरमान राईका **मीठामीठा नेपाली गीत** : दार्जिलिङको नपाली कविताको वीज रुप' मा नेपाली लोकसाहित्यतर्फको चासो र आकर्षण देखापर्दछ । यहीबाट प्रधानको उर्वरकाल वा समालोचनायात्राको तेस्रो चरणको थालनी भएको छ । यस चरणका मनोवैज्ञानिक सिद्धान्तमा आधारित 'मनोवैज्ञानिक सन्दर्भमा औपन्यासिक पात्रको चरित्र विश्लेषणको आधार' (२०५०), तुलनात्मक विधिको सशक्त प्रयोग

भएको '**याया**, **चित्रलेखा** र **सुम्निमा**लाई एकै ठाउँमा राखेर हेर्दा', सैद्धान्तिक गहनता र तुलनात्मक विधिको सशक्त प्रयोग भएको 'नेपाली साहित्यमा आयामिक चिन्तन र पूर्णाकार मनोविज्ञान' लगायतका समालोचनाहरुले यस चरणलाई नयाँनयाँ आयाम प्रदान गर्दै थप विकासको उचाइतर्फ डोऱ्याएका छन् । 'आयामिक कथाकार इन्द्रबहादुर राई' (२०५७) र 'उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला' (२०५८) जस्ता समालोचना ग्रन्थहरुले उनको समालोचकीयतालाई थप उचाइ र गहिराइ प्रकट भएको देखिन्छ । यिनमा प्रधानको मर्मबोधी द्रष्टाचेत र व्यक्तिप्रतिभा केन्द्रित समालोचनाको समृद्ध रुप प्रकट भएको छ । यी पुस्तकाकार ग्रन्थबाहेकका अन्य दशओटा समालोचनाहरुबाट यो चरणको निर्माण भएको छ ।

सिद्धान्तका आधारमा निगमनात्मक विधिबाट कृतिपरक समालोचना गर्नु, लोकगीततर्फ आकर्षित भई त्यसलाई कविताको वीजरुपका रुपमा विश्लेषण गर्नु, तुलनातमक समालोचना गर्नु, विषयको गहिराइमा पसेर चिन्तनमूलत, दृष्टिकोण प्रस्तुत गर्नु, कृषतिको समीक्षा गर्दा कृति सुहाउँदो चिन्तन वा मापदण्डको प्रयोग गर्नु र केही प्रभावपरकता देखिए पनि निर्णयात्मक मत प्रस्तुत गर्नु आदि उनका यस चरणका मुख्य मुख्य प्रवृत्तिहरु हुन् ।

### (४) चौथो चरण

वि.सं. २०५९ मा 'प्रतिनिधि आधुनिक नेपाली लामा कविता' पुस्तकाकार समालोचना ग्रन्थ र 'नेपाली नारी साहित्यकारहरु : उहिले र अहिले' समालोचनाबाट यस चरणको प्रारम्भ भएको हो । यतिबेला एकातिर 'नेपाली नारी साहित्यकारहरु : उहिले र अहिले' मा नारी साहित्यकारसम्बन्धी नितान्त नयाँ विषयवस्तु र आंशिक रुपमा नारीवादी चेतनाको अभिव्यक्ति भगएको छ भने अर्कातिर 'प्रतिनिधि आधुनिक नेपाली लामा कविता' मा उत्तरआधुनिक एवं प्रयोगवादी ढाँचाका लामा कविताहरुको विवेचना र सम्पादन गरिएको छ । यिनै दुई रचनामा व्यक्त नौला समकालीन विषयवस्तु नारीवादी चेतना र उत्तरआधुनिक दृष्टिकोण नै अघिल्लो चरणबाट यस चरणलाई भिन्न गर्ने मुख्य भेदक प्रवृत्तिहरु हुन् भन्न सकिन्छ ।

यसका साथै यस चरणमा प्रधानको 'सन्दर्भ : उपन्यासको' (२०६२) नामक उपन्यास विधा केन्द्रित समालोचना सङ्ग्रह प्रकाशित भएग्को छ; जसमा प्रधानका पूर्वप्रकाशित र केही नयाँ गरी १२ ओटा समालोचनाहरु सङ्गृहीत छन् । यसका अतिरिक्त प्रधानका 'साहित्यकार हरिभक्त कटुवाल : लघुवृत्त' (२०६२), 'कथाकार इन्द्रबहादुर राईको कथायात्रा र उनको कथाकारिताको विवेचना' (२०६४) लगायतका धेरै फुटकर समालोचनाहरु विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित भएका छन् । उनका 'साहित्यकार रुपनारायण सिंहका सम्पूर्ण कृतिहरु', 'आधुनिक नेपाली उपन्यासको विकासमा **भ्रमर** उपन्यासको योगदान', 'पाश्चात्य

साहित्यको रुपरेखा' र 'दार्जिलिङका दिवङ्गत साहित्यिक प्रतिभाहरु', प्रकाशोन्मुख कृतिहरु हुन् (समालोचकबाट प्राप्त लिखित सूचना अनुसार) ।

हाल पनि प्रधान एक उर्वर समालोचकका रुपमा क्रियाशील रहेका छन् । त्यसको साध्य उनका प्रकाशित विभिन्न समालोचनाहरु हुन् । उनी प्रकाशोन्मुख कृतिहरुको तयारीमा जुटेको जानकारी पाइन्छ (लेखकबाट प्राप्त जानकारी अनुसार) । उनी निरन्तर क्रियाशील छन् र उनले नेपाली समालोचनालाई महत्वपूर्ण योगदान दिने र उनको समालोचना यात्रा नयाँ मोड सहित थप विकसित हुने सम्भावना बाँकी नै छ । यद्यपि जति हाल सार्वजनिक भइसकेका छन् । तिनै समालोचनाका आधारमा पनि उनको ३७ वर्षे समालोचना यात्रा समृद्ध नै छ र उनी एक वरिष्ठ अग्रणी समालोचकका रुपमा स्थापित भइसकेका छन् र यसै क्रमलाई निरन्तरता दिंदै उनी हाल त्रि.वि.वि. बाट काजका रुपमा भारत बनारस मा कार्यरत छन् । (शोधनायकबाट प्राप्त पछिल्लो जानकारी) ।

## परिच्छेद-चार

# k|tfkrGb| k|wfgsf ;dfnf]rgfx¿sf] ljZn]if0ffTds cWoog

### ४.१ विषय परिचय

यस परिच्छेदमा प्रतापचन्द्र प्रधानका समालोचनाहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ । प्रधानका सातओटा समालोचना ग्रन्थ प्रकाशित छन् भने यसबाहेक अन्य थुप्रै फुटकर समालोचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएररहेका छन् । शोधकार्यको सीमाका कारण यहाँ फुटकर समालोचनाहरूको छुट्टाछुट्टै विश्लेषण गरिएको छैन । त्यसैले यहाँ उनका ग्रन्थाकार समालोचनाहरूको मात्र अध्ययन गरिएको छ । फुटकर समालोचनाको चाहिँ सर्वेक्षणात्मक अध्ययन मात्र गरिएको छ ।

समालोचनाहरूको अध्ययन-विश्लेषण कृतिपरक ढङ्गले गरिएको छ र त्यस क्रममा समालोचनाको मूल्याङ्कन गर्दा अँगाल्नुपर्ने आवश्यक दृष्टिकोणहरूलाई पनि यहाँ कृतिपरकताभित्रै समावेश गरी प्रयोग गरिएको छ । त्यसो गर्दा कुनै, विशेष वाद वा प्रणालीलाई नभएर समालोचनाको विधा सिद्धान्तलाई नै आधार मानिएको छ । यसो गर्दा नै प्रधानका समालोचनाहरूको न्यायपूर्ण अध्ययन हुन सक्दछ । उनका समालोचना कृतिको अध्ययन गर्ने क्रममा कृति प्रकाशन वर्षलाई मुख्य आधार मानी क्रमिक रुपमा राखिएको छ ।

### ४.२ 'माध्यमिककालीन नेपाली कवितामा शृङ्गार'

'माध्यमिककालीन नेपाली कवितामा शृङ्गार' नाथ पब्लिसिङ हाउस, वाराणसीबाट वि.सं. २०३७ मा प्रकाशित र 'अन्वेषणात्मक कृति' का रूपमा चिनाइएको पूर्वआधुनिक नेपाली कवितामा व्यक्त शृङ्गारको अन्वेषण-विश्लेषणमा केन्द्रित कृति हो । प्रधानको पहिलो पुस्तकाकार समालोचना ग्रन्थका रूपमा रहेको यो कृतिमा मूलतः प्रधानको ऐतिहासिक चेतयुक्त विधाकेन्द्रित र शोधखोजपरक समालोचकीयता प्रकट भएको छ र यो कविता विधामा केन्द्रित छ ।

यस ग्रन्थमा विधागत र प्रवृत्तिगत समालोचकका रूपमा प्रस्तुत भएका (चौहान, २०५५-०५७, पृ. ६५) प्रधानले यस ग्रन्थको पहिलो परिच्छेदमा 'काव्यमा शृङ्गार रस' शीर्षक दिई पूर्वीय रस सिद्धान्तका आधारमा शृङ्गार रसको सैद्धान्तिक चिनारी प्रस्तुत गरेका छन् । यस विषयलाई यहाँ 'रस सम्प्रदाय', 'रस सामग्री', 'शृङ्गार रस र यसको अर्थ', 'शृङ्गार रसको निष्पत्ति', 'शृङ्गार रसको भेद', 'काव्यमा शृङ्गार रसको भूमिका', 'नायक-नायिकाका भेद' जस्ता उपशीर्षकअन्तर्गत प्रस्तुत गरेका छन् । त्यसपछिको दोस्रो मूल शीर्षक- 'साहित्यमा मनोविज्ञान र काम वासना' मा पनि सैद्धान्तिक समालोचकीयता प्रकट भएको छ । तेस्रो परिच्छेदमा नेपाली कवितामा भएको शृङ्गारको क्रमिक विकास र यसका आधारहरू प्रस्तुत गरिएको छ । यस अन्तर्गत प्रधानले प्राथमिक र माध्यमिक कालमा

देखिएको शृङ्गार धाराको ऐतिहासिक पृष्ठभूमि, सामाजिक पृष्ठभूमि र नेपाली समाजको मानसिक धरातल तथा शिक्षादीक्षा र साहित्यक सम्पर्कको प्रभाव जस्ता विषय प्रस्तुत गरेका छन् । 'प्राथमिक कालको नेपाली कवितामा शृङ्गार' शीर्षकअन्तर्गत कविता-काव्यको उदाहरणसहित प्राथमिक कालको कवितामा व्यक्त शृङ्गारको चर्चा गर्नुका साथै यस कालको शृङ्गारिक प्रयोगका मूलभूत प्रवृत्तिहरूको रेखाङ्कन गरिएको छ । मौलिक रचनामा कम र अनुदितमा ज्यादा प्रकट हुनु, अङ्गी रसको रूपमा कम र अङ्ग रसको रूपमा ज्यादा मुखरित हुनु, परिपुष्ठ स्थिति नदेखिई प्रारम्भिक प्रस्फुटन मात्र देखिनु आदि यस कालको शृङ्गारका प्रवृत्तिहरू हुन् भन्ने प्रधानको धारणा छ (प्रधान, २०३७ : २८-२९) । त्यसपछिको परिच्छेदमा माध्यमिक कालको सीमा निर्धारण गरिएको छ । यस क्रममा प्रधानले ऐतिहासिक तथा सामाजिक परिप्रेक्ष्यमा परिवर्तन हुनु, शिक्षा-दीक्षा र साहित्यिक सम्पर्कका नयाँ दिशा उद्घाटित हुनु, लेखोट र छापाखानाको विकास हुनु, सामूहिक साहित्यिक वातावरणको सिर्जना हुनु, जस्ता पृष्ठभूमिगत आधारको चर्चा गर्दै वि.सं. १९४१-१९४२ लाई माध्यमिक कालको पूर्व सीमाका रूपमा निर्धारण गरेका छन् (ऐजन, पृ. ३०) । त्यस्तै पहनमानसिंह स्वाँरको 'अटलबहादुर' (१९६२), 'माधवी' (१९६५-१९६६) को प्रकाशन र त्यसले प्रवाह गरेको आधुनिक सचेतना, 'लालित्य' (१९६९) ले प्रकाशन, नेपाली व्याकरणहरूको निर्माण हुनु, गोरखा भाषा प्रकाशिनी समितिको स्थापना (१९७०) हुनु, 'ऋतुविचार', 'सत्यकलि सम्वाद' जस्ता आधुनिकता प्रदर्शन गर्ने काव्य प्रकाशित हुनु, पत्रपत्रिकाको प्रकाशन हुनु, आधुनिक शिक्षाको प्रारम्भ हुनु र शृङ्गार धाराका विरोधमा स्वर र कार्यहरू प्रकट हुनु जस्ता आधारहरूलाई प्रस्तुत गर्दै माध्यमिक कालको उत्तरवर्ती सीमा निर्धारण गरिएको छ । वि.सं. १९४१ देखि २०३८ सम्मको अवधि नेपाली कविताको माध्यमिक काल हो र त्यसै अवधिमा शृङ्गारले सशक्त रूपमा मुखरित हुने अवसर पाएको छ भन्ने दृष्टिकोण व्यक्त भएको छ (ऐजन, पृ. ३०) । यसरी प्रधानले विभिन्न आधारहरू प्रस्तुत गर्दै माध्यमिका कालको निर्धारण गरेको भए तापनि उत्तरसीमाको पर्याप्त आधार प्रस्तुत गर्न नसकेको देखिन्छ । यहाँ प्रधानले शृङ्गारको प्रकटीकरण र दार्जिलिङको साहित्यिक गतिविधिलाई उत्तर सीमा निर्धारणमा बढी महत्त्व दिएका छन् ।

'माध्यमिक कालका नेपाली शृङ्गार कविताको क्रमिक विकास प्रक्रिया' मूल शीर्षक अन्तर्गत उक्त अवधिका प्रमुख शृङ्गारिक रचनाहरूको विवरण गर्दै 'मनोद्वेग प्रवाह', 'केदार कला', 'पिकदूत', 'आनन्द लहरी', 'भ्रमर गीत', 'शृङ्गार दर्पण', 'सूक्ति सिन्धु' आदि प्रमुख रचनाहरूको संक्षिप्त समीक्षा गर्नुका साथै लहरी काव्य परम्परा र बाह्रमासा तथा ऋतुकाव्य परम्पराको संक्षिप्त सर्वेक्षण पनि गरिएको छ । 'सूक्तिसिन्धु' यस कालका शृङ्गारिक कविताहरूको चरमोत्कर्ष हो र त्यसपछि यो धारा ह्रासोन्मुख दिशातिर लाग्यो भन्ने समालोचकको दृष्टिकोण यहाँ अभिव्यक्त भएको छ (ऐजन, पृ. ४०) । त्यसपछिको सातौं

शीर्षकमा माध्यमिक कालका नेपाली शृङ्गार कविताको विकास प्रक्रियाका विभिन्न चरणहरूको रेखाङ्कन विवेचन गरिएको छ । प्रधानका अनुसार मोतीरामको आगमनदेखि 'कविता कल्पद्रुम' आउनुपूर्व अर्थात् वि.सं. १९४१ देखि १९६० सम्मको अवधि माध्यमिकाकालीन शृङ्गारिक कविताको पहिलो चरण हो यो 'सुन्दरी' (१९६३-०६६) सम्म गतिशील रहेको छ भने कविता कल्पद्रुम (१९६२-१९६३) र 'सुन्दरी' (१९६३) देखि पछाडिको १९७४ सम्मको अवधि दोस्रो चरण र त्यसपछिको अवधि तेस्रो चरणका रूपमा रहेको छ (ऐजन, पृ. ४८-५५) । माध्यमिककालीन शृङ्गारिक कविताको यो चरण विभाजन वैज्ञानिक र वस्तुवादी देखापर्छ । प्रधानले यस्तो चरण विभाजन गर्दा तार्किक आधार र तथ्य प्रस्तुत गरेका छन् ।

आठौं मूल शीर्षक 'विभिन्न चरणका प्रमुख कवि र तिनका कृतिको विश्लेषण' अन्तर्गत माध्यमिकालीन शृङ्गारिक धाराका मोतीराम भट्ट, राजीवलोचन जोशी, शिखरनाथ सुवदी, लक्ष्मीदत्त पन्त, तीर्थराज पाण्डे, पहलमान सिंह स्वाँर आदिलाई पहिलो चरण अन्तर्गतका, दुर्गाप्रसाद शर्मा, दधिराज मरासिनी, चक्रपाणि चालिसे, लेखनाथ पौड्याल, सोमनाथ सिग्द्येल, शम्भुप्रसाद ढुङ्गेल र देवीदत्त पराजुलीलाई दोस्रो चरणअन्तर्गतको र कृष्णप्रसाद रेगमी, देवीदत्त पराजुली, श्यामजीप्रसाद अर्याल आदिलाई तेस्रो चरणका कविका रूपमा चिनाउँदै तिनको कवित्व र तिनका केही महत्त्वपूर्ण कविताकृतिको संक्षिप्त समीक्षा गरिएको छ । यसमा प्रधानको व्यक्तिप्रतिभा केन्द्रित र कृति केन्द्रित समालोचकीयता प्रकट भएको छ । प्रधान प्रमुख कविमा केन्द्रित भएका छन् र ती कविका कवितालाई उदाहरण प्रस्तुत गर्दै वस्तुगत ढङ्गले संक्षिप्तमा विवेचना गर्दै तिनमा शृङ्गारिक भाव के-कसरी व्यक्त भएको छ भन्ने कुराको विश्लेषण गरेका छन् ।

नवौं परिच्छेदमा प्रधानले 'सूक्तिसिन्धु' (१९७४) विवादका सम्बन्धमा आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । यस क्रममा प्रथमतः 'सूक्तिसिन्धु' को परिचय दिँदै यसलाई माध्यमिक कालका सम्पूर्ण नेपाली शृङ्गार धाराका प्रतिनिधि कविताहरूको एक विशिष्ट सङ्कलनका रूपमा चिनाएका छन् । उनका दृष्टिमा 'सूक्तिसिन्धु' लाई सम्पूर्ण माध्यमिककालीन नेपाली शृङ्गार धाराको प्रतिनिधि सङ्कलन पुस्तकका साथै यस कालको प्रतिचरमोत्कर्ष र उपसंहार समेतको एउटा सूचक मान्न सकिन्छ (ऐजन, पृ( ८९) । प्रधानले 'सूक्तिसिन्धु' विवादको मूल्याङ्कन गर्ने क्रममा प्रथमतः यस विवादका हस्ती नेपालका वरिष्ठ समालोचक द्वोय यदुनाथ खनाल र रामकृष्ण शर्माले यस सम्बन्धमा व्यक्त गरेका दृष्टिकोणहरूलाई अलग-अलग बुँदाअन्तर्गत उल्लेख गर्नुका साथै यस विवादमा संलग्न उक्त सङ्ग्रहका सम्पादक श्यामजी प्रसाद अर्याल र कृष्णचनद्रसिंह प्रधानका मतहरूलाई इमान्दारीपूर्वक प्रस्तुत गरेका छन् । त्यसपछि मात्र 'सूक्तिसिन्धु' सम्बन्धी मतमतान्तरहरूको विवेचना गर्ने काम भएको छ । प्रधानका दृष्टिमा भिन्नभिन्न व्यक्तित्व र दृष्टिकोण भएका

समालोचकहरूका नीतिसापेक्ष र नीतिनिरपेक्ष दृष्टिकोणबाटै यो विवाद जन्मिएको हो । माध्यमिककालीन शृङ्गारिक धाराको ऐतिहासिकता वा परिप्रेक्ष्यको ज्ञान नभएका यस सङ्कलनका कवि र कविताको वास्तविक स्वरूप एवम् प्रवृत्तिको पहिचान गर्न दुवै समालोचक चिप्लिएका छन् भन्ने प्रधानको मत छ (ऐजन, पृ. ९४) । उनका दृष्टिमा यो क्षयोन्मुख कविताको नमुना वा कुनै नयाँ क्रान्ति नभई माध्यमिककालीन शृङ्गारिक नेपाली कविताको प्रतिनिधि सङ्कलन र उक्त धाराका प्रतिनिधि रचनाहरूको प्रतिचरमोत्कर्षको पूर्वाभास पनि हो (ऐजन, पृ. ८४)

'उपसंहार' खण्डमा प्राथमिक काल अङ्ग रस भएर प्रकट भएको शृङ्गार माध्यमिक कालमा अङ्गी रस भएर गद्य र पद्य दुवै विधामा प्रवाहित भएको छ र यो नै माध्यमिक कालको मूलभूत पहिचान हो भन्ने धारणा प्रस्तुत गरिएको छ । यो धाराका कविता विलासी राणाहरूको रुचि अनुकूल लेखिएकाले दरवारमुखी प्रवृत्ति प्रकटिएको यो प्रवृत्ति 'सूक्तिसिन्धु' पछि ह्रासोन्मुख दिशातिर ओरालो लागेको र लेखनाथ, बालकृष्ण सम आदिका कृतिको आगमनसँगै आधुनिक काल थालनी भई यो कालसँगै शृङ्गारिकताको अवसान भएको निष्कर्ष झिकिएको छ । समको 'मुटुको व्यथा' बाट आधुनिक काल प्रतिष्ठापित भएको हो भन्ने दृष्टिकोण पनि यहाँ व्यक्त भएको छ (ऐजन, पृ. ९६) । समग्र निचोडलाई सारपूर्ण ढङ्गले प्रस्तुत गर्दै यस ग्रन्थको समापन गरिएको छ ।

प्रधानले स्नातकोत्तर तहमा शोधकार्य सम्पन्न गरेको 'नेपाली कवितामा शृङ्गार : मोतिरामदेखि सूक्तिसिन्धुसम्म' शोधग्रन्थकै थप परिमार्जित र परिष्कृत प्राप्तिका रूपमा रहेका यस कृतिमा केही प्रारम्भिक प्रयासका कमजोरी शेष रहे पनि शीर्षकले लिएको 'माध्यमिककालीन नेपाली कवितामा रहेको शृङ्गार रसको विवेचना गर्ने' लक्ष्यमा यो ग्रन्थ सफल नै रहेको छ । परिच्छेदलाई मूल शीर्षककै रूपमा प्रस्तुत गरी त्यसअन्तर्गत अन्य उपशीर्षकहरूको समेत विन्यास गरिएको छ, जहाँ तिनै अङ्कन सहितका मूल शीर्षकलाई परिच्छेद मान्न सकिने स्थिति छ । त्यसो मान्दा प्रस्तुत कृति दश परिच्छेदमा संरचित छ । यस ग्रन्थमा चौहान (वि.सं. २०५५-०५७, पृ. ६५) ले भने जस्तो प्रभाववादी छाप नभई निर्णयात्मकता र स्पष्टतानै प्रबल रहेको छ ।

### ४.३ 'नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि' को विश्लेषणात्मक अध्ययन

दीपा प्रकाशनबाट वि.सं. २०४० मा प्रकाशित यो ग्रन्थ प्रधानका 'प्रज्ञा', 'मधुपर्क', 'गरिमा' लगायतका साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशित उपन्याससम्बन्धी लेखहरूको सङ्कलन हो । प्रधानको 'रहरको सपना' (पूर्ववत्, पृ. २०४०, पृ. उ आत्मस्वीकृति) का रूपमा रहेको यो पुस्तक 'औपन्यासिक परम्परा', 'सैद्धान्तिक पृष्ठभूमि' र 'नेपाली उपन्यास' गरी तीन खण्ड र ती खण्डअन्तर्गतका १४ ओटा समालोचनात्मक लेखहरूबाट निर्माण भएको छ ।

पहिलो खण्डमा उपन्यासको ऐतिहासिक परम्परा, पूर्वीय साहित्यमा उपन्यासको स्थान, आधुनिक उपन्यासका प्रारूप र प्रारम्भिक चेष्टा, आधुनिक उपन्यासको विकासक्रम जस्ता उपन्याससँग सम्बन्धित विभिन्न पक्षबारे सैद्धान्तिक र ऐतिहासिक विमर्श प्रस्तुत गरिएको छ । उनका दृष्टिमा आधुनिक उपन्यासले समसामयिक जीवनजगत्को यथातथ्य चित्रण गर्नाका साथै मानव समाजगत वस्तु-तथ्यको पनि सजीव र कलात्मक चित्रण गरेको पाइन्छ (प्रधान, २०४०; पृ. ६) । दोस्रो परिच्छेदमा पूर्वीय साहित्य एवम् काव्यशास्त्रीय परम्परामा 'उपन्यास' शब्दको प्रयोग, त्यसको शब्दतात्त्विक अर्थ, विकास प्रक्रिया र बङ्गला-हिन्दीमा भएको उपन्यास लेखनको प्रारम्भिक प्रयासको रेखाङ्कन गर्ने काम भएको छ । पहिलो खण्डअन्तर्गतको परिच्छेद तीनमा आधुनिक उपन्यासका प्रारूप र प्रारम्भिक चेष्टाको उल्लेख गरिएको छ । यहाँ प्रधानले पूर्वीय पाश्चात्य जगत्मा आधुनिक उपन्यासका प्रारूप वा पृष्ठभूमिका रूपमा देखपारेका प्राचीन र मध्यकालीन गद्याख्यानहरूको चर्चा गरेका छन् । उनका अनुसार प्राथमिक र मध्यकालीन गद्याख्यान र खासगरी पाश्चात्य साहित्यका रामोन्स एवम् नोभेलाहरूकै विकसित रूप उपन्यास हो (ऐजन, पृ. २२) । यहाँ प्रधान पूर्वीय-पाश्चात्य साहित्यका प्राथमिक-मध्यकालीन गद्याख्यान तिनमा व्यक्त औपन्यासिक प्रचेष्टाको चित्रणमा केन्द्रित भएका छन् । चौथो परिच्छेदमा आधुनिक उपन्यासको विकासक्रमको विवेचना गरिएको छ । उनका दृष्टिमा ड्यानियल डिफोको 'रविन्सन क्रुसो' (१७१६) उपन्यासबाट विश्व साहित्यमा आधुनिक कालको प्रारम्भ भएको हो र यो उपन्यास प्रकाशित भएपछि विश्व-उपन्यासमा नै परम्परागत रूपमा प्रचलित रहिआएका अतिकाल्पनिक, अतिरञ्जनात्मक तथा अतिभौतिक अपत्यारिला घटनाहरू एक किसिमले वहिष्कृत हुन थाल्छन् र त्यसका अतिक्ति यस भौतिक जगत्कै जैविक यथार्थमूलक घटनाहरूको प्रस्तुतीकरणमा लेखकहरूको ध्यान केन्द्रित हुन पुगेको पाइन्छ भन्ने उनको विश्लेषण रहेको छ (ऐजन, पृ. २४) । प्रधानले यहाँ पाश्चात्य साहित्यमा आधुनिक उपन्यासको प्रवर्तन भएदेखि त्यसको किवासक्रममा देखिएका विभिन्न धारा, मोड एवम् प्रवृत्तिहरूको संक्षिप्त विवेचना गरेका छन् । त्यहाँ प्रधानको पाश्चात्य औपन्यासिक परम्पराप्रतिको ज्ञान र ऐतिहासिक दृष्टिकोण प्रकट भएको छ । प्रधानको वस्तुपरक इतिहासपरक समालोचकीयताले यहाँ स्थान पाएको छ ।

दोस्रो खण्डलाई उपन्यासको 'सैद्धान्तिक पृष्ठभूमि' भनिएको छ । यस खण्डको 'पारिभाषिक तात्पर्यका दृष्टिले उपन्यास' शीर्षकको पहिलो लेखमा विभिन्न विद्वानहरूले दिएका परिभाषाहरूलाई समावेश गर्दै उपन्यासलाई चिनाउने वा परिभाषित गर्ने काम भएका छ । प्रधानले यहाँ उपन्यासलाई आधुनिक स्वरूपको बृहत् गद्य आख्यानका रूपमा चिनाउँदै यसलाई आधुनिक गद्य महाकाव्य पनि भन्न सकिने मत प्रकट गरेका छन् (ऐजन, पृ. ३८) । अर्को लेख 'तत्त्वगत विवेचनाका आधारमा उपन्यास' मा उपन्यासको संरचना

पक्षको विवेचना गर्दै त्यसका मूलभूत सामग्री वा तत्त्वहरूको विवेचना गरिएको छ । प्रधानले कथानक, औपन्यासिक पात्र वा चरित्र, औपन्यासिक वातावरण, औपन्यासिक संवाद, भाषाशैली, उद्देश्य र आकार वा निश्चित आयामलाई उपन्यासका तत्त्वका रूपमा प्रस्तुत गर्दै तिनको सूक्ष्म विश्लेषण गरेका छन् । प्रधानले कथानकको चर्चा गर्दै अरिस्टाटेलले प्रस्तुत गरेका मान्यताहरूको व्याख्या-विश्लेषण गर्दै 'भ्रमर' उपन्यासका आधारमा उदाहरणसहित उक्त मान्यतालाई स्पष्ट पार्ने काम गरेका छन् । पछिल्ला अन्य विद्वानहरूका आंशिक सर्वेक्षण भए पनि उनको कथानकसम्बन्धी विश्लेषण अरिस्टोटलकै सैद्धान्तिक प्रस्थापनामा अडिएको देखिन्छ । यस सन्दर्भमा उपन्यासको रूप पक्षको विश्लेषण गर्दै उपन्यासलाई घटनाप्रधान उपन्यास, चरित्रप्रधान उपन्यास, नाटकीय उपन्यास र इतिवृत्तात्मक उपन्यास गरी चार प्रकारमा वर्गीकरण गरेका छन् र ती प्रकारहरूको संक्षिप्त विश्लेषण पनि गरिएको छ । उनका अनुसार घटनाप्रधान उपन्यास वर्णनात्मक शैलमिा लेखिएको हुन्छ र यस किसिमका उपन्यासमा मूलतः कथानक तत्त्व नै केन्द्रीय तत्त्वका रूपमा रहन्छ । घटनाको क्रमिक विकासमा देखापर्ने द्वन्द्व वा सङ्घर्ष तथा कौतुहल नै घटनाप्रधान उपन्यासको मूल आकर्षण वा विशेषता हो भन्ने उनको व्याख्या छ (ऐजन, पृ. ५५) । उनका दृष्टिमा कथानकको प्रस्तुतीकरणमा भन्दा बढी पात्रको चारित्रिक विशेषताको उद्घटन एवम् विश्लेषणमा नै लक्षित चरित्रप्रधान उपन्यास मूलतः आत्मकथात्मक तथा चित्रात्मक शैलीमा लेखिएको हुन्छ (ऐजन, पृ. ५७) । त्यस्तै नाटकीय उपन्यास नाटकीयताको प्रधानता भएको उपन्यास हो भने इतिवृत्तात्मक उपन्यास आदिमतादेखि वर्तमानसम्मको एउटा विशेष कहानीलाई अँगालेर लेखिएको ऐतिहासिक स्वरूपको उपन्यास हो भन्ने उनको विश्लेषण छ । प्रधानले यस्ता प्रकारका उपन्यासका विशेषताहरूको विश्लेषण गर्दै तिनका उदाहरण पनि प्रस्तुत गरेका छन् ।

प्रधानले पात्र वा चरित्रको उपन्यासमा प्रमुख भूमिका हुने बताउँदै जीवनबाट आमन्त्रित औपन्यासिक पात्र खास गरी मानव मात्रको प्रतिनिधि स्वरूप देखापर्छ र यिनै पात्रका माध्यमबाट उपन्यासकारले खास जीवनदर्शन वा औपन्यासिक उद्देश्य प्राप्त गर्ने धृष्टतासमेत देखाएको हुन्छ भने मत प्रस्तुत गरेका छन् (ऐजन, पृ. ६७) । यद्यपि मानवेत्तर मात्र पनि हुन सक्नेतर्फ पनि उनी सचेत छन् । यहाँ प्रधानले चरित्रचित्रणका अन्य पक्षको पनि चर्चा गर्दै मूल पात्र, गौणपात्र र अति गौण पात्रको बारेमा पनि छोटो चर्चा प्रस्तुत गरेका छन् । त्यस्तै यहाँ चरित्रको विश्लेषण र तिनको मनोवैज्ञानिक अध्ययन, चरित्र निर्माणको मूल स्रोत र चरित्रचित्रणको महत्त्व जस्ता विषयमा पनि प्रकाशन पारिएको छ ।

यहाँ औपन्यासिक वातावरण वा परिवेशको चर्चा गर्दै वातावरण भन्नाले उपन्यासका आन्तरिक तथा बाह्य समयावधिमा प्रवाहित औपन्यासिक कार्य (घटना) व्यापारसँग सम्बन्धित विशेष देश, काल र परिस्थिति अथवा कुनै समाज, जाति वा वर्गको आचार-

विचार, सभ्यता एवम् संस्कृतिका साथै सामाजिक, सांस्कृतिक, राजीतिक, ऐतिहासिक आदि परिवेशको चित्रणलाई बुझिन्छ भन्ने संश्लेषित किसिमको मत प्रस्तुत गरिएको छ (ऐजन, पृ. ८४) । प्रधानले संवादलाई पनि उपन्यासको एउटा अलग्गै तत्त्वका रूपमा विश्लेषण गर्दै यसलाई संक्षिप्तमा चिनाउने काम गरेका छन् । यसै गरी उपन्यासको अर्को तत्त्वका रूपमा रहेको भाषाशैलीको विश्लेषण गर्दै उपन्यासका वर्णनात्मक शैली, आत्मकथात्मक शैली, पत्रात्मक शैली, डायरी पद्धति शैली, चित्रात्मक शैली र चेतनप्रवाहात्मक शैलीको संक्षिप्त चर्चा पनि यहाँ भएको छ । त्यस्तै प्रधानले उद्देश्यलाई महत्त्वपूर्ण तत्त्वका रूपमा विवेचना गर्नुका साथै उपन्यासको आयाम पक्षलाई पनि तत्त्वका रूपमा विश्लेषण गर्दै त्यसका विविध प्रकारका आकारहरूको विवेचना गरेका छन् । यसै आधारमा उपन्यास लघु उपन्यास, मध्यम उपन्यास र बृहत् उपन्यास हुने उनको ठम्याइ छ ।

यसै खण्डको 'अन्य साहित्यिक विधासँग उपन्यासको तुलनात्मक विवेचना' शीर्षक लेखमा साहित्यका अन्य विधासँग उपन्यासको सम्बन्ध कस्तो रहन्छ भन्ने कुराको तुलनात्मक विश्लेषण प्रस्तुत गरिएको छ । यस क्रममा यहाँ उपन्यास र रोमान्स, उपन्यास र कथा, उपन्यास र काव्य तथा उपन्यास र नाटक विधाका बीचमा रहेको सम्बन्धको तुलनात्मक विवेचना गरिएको छ । यस्तो तुलनात्मक अध्ययनपश्चात् प्रधानले साहित्यमा आधुनिक उपन्यासको छुट्टै महत्त्व र मान्यता रहेको छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ( ऐजन, पृ.१०६) । यस खण्डको अन्तिम लेखका रूपमा रहेको 'साहित्यमा उपन्यासको महत्त्व' शीर्षक लेखमा संक्षिप्त रूपमा उपन्यासको महत्त्वमाथि प्रकाश पारिएको छ ।

खण्ड तीनमा प्रधानले नेपाली उपन्यासको अध्ययनलाई प्रस्तुत गरेका छन् । यस क्रममा प्रधानले नेपाली उपन्यासको प्रारम्भिक पृष्ठभूमि र कालविभाजनको संक्षिप्तमा चर्चा गर्दै नेपाली उपन्यासलाई निम्न तीन कालमा विभाजन गरेका छन् :

१. प्राथमिक काल : वि.सं. १८२७ देखि १९४५ सम्म

२. माध्यमिक काल : वि.सं. १९४६ देखि १९९० सम्म र

३. आधुनिक काल : वि.सं. १९९१ देखि हालसम्म । (ऐजन, पृ. ११३)

यस ग्रन्थको एघारौं लेखका रूपमा रहेको 'प्राथमिक कालको नेपाली गद्य आख्यान परम्परा' मा नेपाली उपन्यासको पृष्ठभूमिका रूपमा रहेको १९४५ सालभन्दा अगाडिको गद्याख्यान परम्पराको संक्षिप्त सर्वेक्षण र समीक्षा गरिएको छ । उनका अनुसार नेपाली उपन्यासको प्रारम्भिक रूप यस कालका केही रचनामा देख्न सकिन्छ (ऐजन, पृ. ११७) । त्यसपछिको समालोचना 'माध्यमिक काल र माध्यमिकालीन नेपाली गद्याख्यान परम्परा' शीर्षकमा आबद्ध छ र यसले उपन्याससमेत देखापरेको माध्यमिककालीन नेपाली गद्याख्यान परम्पराको अध्ययन प्रस्तुत गरेको छ । यस क्रममा प्रधानको ध्यान औपन्यासिक रचनाहरूमा ज्यादा पर्न गएको देखिन्छ । प्रधान यस कालका कृति, तिनका स्रोत र प्रवृत्तिको विश्लेषण

गर्न सक्षम नै छन् । यिनै माध्यमिकालीन उपन्यास एवम् गद्याख्यानका आधारभूमिमा नै आधुनिक नेपाली उपन्यासको प्रवर्तन-प्रतिष्ठापन भएको हुनाले तिनको नेपाली उपन्यास परम्परामा विशिष्ट महत्त्व छ भन्ने उनको मत छ ।

यस ग्रन्थको समालोचनाक्रमको तेह्रौँ स्थानमा रहेको 'आधुनिक नेपाली उपन्यासको प्रतिष्ठापन र यसको पूर्वार्ध चरण' लेखमा नेपाली आधुनिक उपन्यासको प्रवर्तन १९९१ मा रुद्रराज पाण्डेको 'रूपमती' बाट भयो र त्यो क्रमशः 'सुमती', 'भ्रमर', 'मुलुकबाहिर' आदि उपन्यास हुँदै प्रतिष्ठापनतर्फ अगाडि बढ्यो भन्ने विश्लेषण प्रस्तुत भएको छ । प्रधानले आधुनिक नेपाली उपन्यासको प्रवर्तन-प्रतिष्ठापन गर्ने यी उपन्यासहरूको संक्षिप्त विश्लेषण गर्दै यिनमा रहेका आधुनिकताका लक्षणहरूको उत्खनन् गरेका छन् । उनको मूल्याङ्कन सटिक र वस्तुपरक नै रहेको छ । उनका दृष्टिमा नेपाली उपन्यासको आधुनिकीकरणको पहिलो पाइलो नेपालभित्रै (रूपमती) बाट थालिए पनि त्यसको परिमार्जित र स्तरीय रूप भने प्रवासको पृष्ठभूमि दार्जिलिङबाटै रूपनारायण सिंहको 'भ्रमर' बाट प्रस्तुत भयो (ऐजन, पृ. १३२) ।

यस ग्रन्थको अन्तिम समालोचना 'आधुनिक नेपाली उपन्यासको विकासक्रम र यसको उत्तरार्ध चरण' मा १९९१ सालदेखि प्रवर्तन भएको आधुनिक नेपाली उपन्यासको विकासक्रम के कसरी अगाडि बढ्यो भन्ने कुराको विश्लेषण रेखाङ्कन गर्दै त्यसको उत्तरार्ध चरणको विश्लेषण गरिएको छ । यस क्रममा प्रधानले २०३५ सालसम्म देखापरेका विभिन्न धारा र प्रवृत्तिको पनि संक्षेपमा समग्र रूपमा चित्रण गरेका छन् । विषयगत व्यापकता समेट्न खोजिएको यो समालोचनाले त्यसको व्यापकतालाई समेट्न नसके पनि संक्षिप्तमा महत्त्वपूर्ण कृति र प्रवृत्तिको रेखाङ्कन एवम् विश्लेषण भने अवश्यै गरेको छ ।

तीन खण्ड र १४ ओटा समालोचनात्मक लेखहरूद्वारा संरचित यो ग्रन्थ प्रधानको उपन्यास विधाकेन्द्रित महत्त्वपूर्ण ग्रन्थ हो । नेपाली उपन्यास र उपन्यास सिद्धान्तमा केन्द्रित समालोचना ग्रन्थहरूमा यो पनि एक महत्त्वपूर्ण ग्रन्थ हो । उपन्यासको सैद्धान्तिक र ऐतिहासिक अध्ययनमा केन्द्रित यस कृतिमा प्रधानको अनुसन्धानात्मक, वस्तुपरक, ऐतिहासिक र सन्तुलित किसिमको समालोचकीयता प्रकट भएको छ । 'नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि' शीर्षक दिइए पनि यस ग्रन्थको एउटा खण्ड मात्र उक्त विषयमा केन्द्रित भएको र अन्य दुई खण्ड सिङ्गो उपन्यास विधाको पृष्ठभूमि, विकास र सिद्धान्तमा केन्द्रित भएकाले उपन्यास विधाको समग्रतालाई समेट्न खोज्ने ग्रन्थ बनेको छ । यसैमा नै यस ग्रन्थको महत्त्व रहेको छ ।

### ४.४ 'नेपाली कथावलोकन' को विश्लेषणात्मक अध्ययन

दिपा प्रकाशनबाट वि.सं. २०४० मा प्रकाशित यो कृति प्रधानका सुरुदेखि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित कथा विधा र उक्त विधाका कृतिहरूमा केन्द्रित बाह्रओटा

समालोचनाहरूको सङ्ग्रह हो । यीमध्ये 'कथा परम्परा : थालनी र विकास', 'नेपाली कथाका पूर्वपीठिका र उठान', 'आधुनिक नेपाली कथाको थालनी' र 'आधुनिक नेपाली कथाको विकासक्रम गरी चारओटा समालोचनाहरू कथा-सिद्धान्त र उक्त विधाको ऐतिहासिक विकास प्रक्रिया तथा नेपाली कथाको थालनी एवम् विकास प्रक्रियाको अध्ययनमा केन्द्रित भएका छन् । पहिलो समालोचनामा 'कथा' शब्दको व्युत्पत्ति, कथाको पृष्ठभूमिका रूपमा रहेका लोकसाहित्य र पूर्वीय-पाश्चात्य गद्याख्यान परम्परा एवम् ऐतिहासिक विकासक्रममा देखापरेका कथाका विभिन्न रूप र पहिचान प्रस्तुत गर्दै नेपालका प्रारम्भिक गद्याख्यानको सर्वेक्षण पनि प्रस्तुत गरिएको छ ।

दोस्रो लेख 'नेपाली कथाका पूर्वपीठिका र उठान' मा विश्व कथासाहित्यको मूल पृष्ठभूमिमा लोककथा देखापरे झैं सिङ्गो लिखित नेपाली कथा मौखिक स्वरूपका अलिखित लोककथा परम्पराकै मूल पृष्ठभूमिमा हुर्केको लिखित गद्य रूप हो र कालान्तरमा तिनै अलिखित वा मौखिक लोककथाबाट विकसित हुँदै नेपाली कथाले पनि निश्चित लिखित रूप प्राप्त गरेको हो भन्ने दृष्टिकोण व्यक्त भएको छ (प्रधान, २०४०, पृ.९) । यसरी यहाँ प्रधानले नेपाली लोक कथाबाट नेपाली कथा विकसित बनेको धारणा राख्दै प्राथमिककालीन गद्याख्यान र अनुदित कथालाई पूर्वपीठिका वा उठानका रूपमा प्रस्तुत गरिएको छ । पूर्वआधुनिक नेपाली कथाबाट नै नेपाली कथाको उठान भएको हो भन्ने विश्लेषण यहाँ प्रस्तुत गरिएको छ । 'आधुनिक नेपाली कथाको थालनी' शीर्षकको तेस्रो समालोचनामा आधुनिक नेपाली कथाको थालनीका बारेमा मौलिक किसिमको विश्लेषण प्रस्तुत गर्दै प्रधानले गुरूप्रसाद मैनालीको 'नासो' (१९९१ साल) भन्दा अगाडि नै यसै पत्रिका र 'गोरखा संसार' मा प्रकाशित सूर्यविक्रम ज्ञवालीको 'देवीको वली', रूपनारायण सिंहको 'अन्नपूर्णा' लगायतका कथामा आधुनिकताको प्रस्फुटन भएको हो भन्ने धारणा प्रस्तुत गरेका छन् । आधुनिक काललाई प्रतिष्ठापन गर्ने काम चाहिँ गुरूप्रसाद मैनालीका 'नासो' लगायतका कथा र १९९५ सालमा प्रकाशित 'कथाकुसुम' कथासङ्ग्रहले गरे भन्ने उनको मत छ ।

यस पुस्तकको चौथो समालोचना 'आधुनिक नेपाली कथाको विकासक्रम' मा आधुनिक नेपाली कथाको थालनी र प्रतिष्ठापन गर्ने कथा र कथाकारको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्दै कालगत प्रवृत्तिको निर्धारण समेत गरिएको छ । प्रधानका अनुसार 'गोरखा संसार' (१९८३) र 'शारदा' (१९९१) मा प्रकाशित सामाजिक स्वरूपका कथाहरूबाट नेपाली कथामा आधुनिक कालको प्रवर्तन भएको हो र त्यो विभिन्न कथाहरूबाट क्रमशः विकसित हुँदै अगाडि बढेको हो (पूर्ववत्, पृ. १८) । यहाँ युगजीवन र परिवेशको प्रतिबिम्बतर्फ पनि दृष्टि पुर्‍याउँदै नयाँ मोड र खुड्किला प्रदान गर्ने कथाको महत्त्वका साथ विश्लेषण गरिएको छ । प्रधानले यहाँ प्रतिनिधि कथा, कथाकार, पत्रिका एवम् कथासङ्ग्रहको चर्चा गर्दै वि.सं. १९८३ देखि १९९१ (नासो आदि) र १९९५ (कथाकुसुम) हुँदै

२०३५ सालसम्मको नेपाली कथाको विकासप्रक्रिया प्रस्तुत गरेका छन् । यही ६ दशकभित्रका नेपाली कथाको विकासक्रमको मोटामोटी चर्चा गर्ने, समालोचकको प्रस्तावनामा यो लेख सफल रहेको छ (ऐजन, पृ. १९) ।

प्रधानले कथाको ऐतिहासिक विश्लेषण प्रस्तुत गरिसकेपछि व्यक्तिप्रतिभा र कथाहरूको विश्लेषण प्रस्तुत गरेका छन् । यस क्रममा सर्वप्रथम 'कथाकार रूपनारायण सिंह र उनका विशेषता' भन्ने समालोचनामा रूपनारायणको संक्षिप्त परिचय, साहित्यिक व्यक्तिवृत्त र कृतित्त्वको विवरण प्रस्तुत गर्दै उनको 'कथा नवरत्न' सङ्ग्रहको विश्लेषण गरिएको छ । सिंह आदर्शोन्मुख सामाजिक चेतना प्रस्तुत गर्ने स्वच्छनदतावादी गद्यासाहित्यका प्रवर्तक नै हुन् भन्ने प्रधानको मूल्याङ्कन रहेको छ (ऐजन, पृ. ३९) । यसरी प्रधानले संक्षिप्तमा भए पनि यस लेखमा रूपनारायण सिंहको थालनी, व्यक्तित्व, कृतित्त्व र 'कथा नवरत्न' कथा सङ्ग्रहको विश्लेषण गर्दै उनको ऐतिहासिक नेपाली कथा परम्पराका सापेक्षतामा मूल्याङ्कन पनि प्रस्तुत गरेका छन् । उनको यो मूल्याङ्कन वस्तुवादी नै छ ।

अर्को समालोचना 'कथाकार मैनालीको 'नासो' समाजको चित्रावली' मा आधुनिक नेपाली कथाका प्रवर्तक गुरूप्रसुाद मैनालीको कथाकारिताको विश्लेषण गर्दै उनको 'नासो' कथा सङ्ग्रहमा सङ्गृहीत एघारओटा कथाहरूको समीक्षा गरिएको छ । प्रधानले 'नासो' लाई नेपाली कथाको क्रमिक विकास यात्रामा एउटा नयाँ मोडको स्थापना गर्ने कथा सङ्ग्रहका रूपमा मूल्याङ्कन गरेका छन् । उनका अनुसार आधुनिक नेपाली कथाको झुल्के बिहानीमा देखापरेका कथाकर मैनालीको मूल्याङ्कनको निचोडमा भन्न खोज्दा उनलाई नेपाली समाजकै एक कुशल चित्राकार भन्न सकिन्छ र उनको 'नासो' कथा सङ्ग्रहलाई चाहिँ नेपाली समाजकै एक चित्रावली भन्न आपत्ति मान्नु पर्दैन (ऐजन, पृ. ४८) । 'नासो' का कथाहरूको विश्लेषण गर्दै प्रधान मुख्यतः तिनको वस्तु र स्वर पक्षमा केन्द्रित भई उक्त कथा सङ्ग्रहमा समाजको चित्राङन कसरी गरिएको छ भन्ने कुराको विश्लेषण प्रस्तुत गर्न तर्फ लागेका छन् ।

'दोषी चस्माको परिधिभित्र औंल्याइएका यौनमूलक कथाहरू : एक विवेचना' मा प्रधानले प्रथमतः यौनमनोवैज्ञानिक सिद्धान्तको संक्षिप्त चिनारी दिँदै विश्वेश्वरप्रसाद कोइरालालाई यौनमनोवैज्ञानिक कथाकार भनी किटानी गरेका छन् । त्यसपछि उनी 'दोषी चस्मा' कथा सङ्ग्रका कथाहरूको विश्लेषणमा केन्द्रित भएका छन् । उनका अनुसार प्रस्तुत कथा सङ्ग्रहभित्रका एकाध कथाहरू बाहेक प्रायः सबैजसो कथाहरू तरिरागात्मक छन् र अतृप्त काम-वासना वा कामेच्छाले मान्छेलाई कस्तो अवस्थामा पुऱ्याउँछ भन्ने कुराको प्रत्यक्ष उदाहरण यी कथाहरूबाटै प्राप्त हुन्छ (ऐजन, पृ. ५१) । यहाँ प्रधानले 'दोषी चस्मा' का 'बिहा', 'कर्नेलको घोडा', 'पवित्रा', 'कथा', 'सखी', 'स्वेटर', 'मधेसटिर' र 'रिक्सा तान्ने' कथाको संक्षिप्त विवेचना गर्दै तिनलाई रतिराग केन्द्रित कथाका रूपमा मूल्याङ्कन गरिएको छ भने 'दोषी चस्मा', 'शत्रु', 'सिपाही' जस्ता कथालाई उत्कृष्ट मनोवैज्ञानिक कथाका

श्रेणीमा पर्ने कथा भनिएको छ (ऐजन, पृ. ५६) । प्रधानका अनुसार उनका रतिरागकेन्द्री कथाहरूमा प्रायः पात्रहरू यौनवासनाका भोक्ता हुन्, ती यौन तृप्तिका चाहनामा छटपटाउँछन् । यस्तै पात्रका यौनकेन्द्री मनको सूक्ष्म विश्लेषण गर्नु नै उनका कथाको मुख्य ध्ययेे रहेको हुन्छ । प्रधानका अनुसार यस्तै मनोवैज्ञानिक कथा लेख्ने कथाकार कोइरालाले नेपाली साहित्यमा एउटा नयाँ साहित्यिक प्रयोगका साथ नेपाली कथाको क्रमिक विकास यात्रामा एउटा नयाँ घुम्ती र मोडको समेत स्थापना गरेका हुनाले उनी उक युगान्तकारी कथाकारका रूपमा देखापर्छन् (ऐजन, पृ. ५८) । यसरी कथाकार विश्वेश्वर र उनको 'दोषी चस्मा' का यौन केन्द्री कथाहरूको विश्लेषणबाट नै यो समालोचना तयार भएको छ ।

यस सङ्ग्रहको अर्को समालोचना 'कथाकार भिक्षुको कथागत प्रवृत्ति र यसको विश्लेषण' मा सुरुमा भिक्षुको परिचयात्मक जीवनी प्रस्तुत गरी कथाकारका रूपमा उनको विश्लेषणात्मक अध्यनय गरिएको छ । प्रधानले नेपाली कथा परम्परामा भिक्षुको आगमन र उनको योगदानको मूल्याङ्कन गर्दै उनको कथा-यात्रालाई निम्न चरणमा वर्गीकरण गरेका छन् :

क) पहिलो चरण : सन् १९३८ देखि लगभग सन् १९४९ सम्म

ख) दोस्रो चरण : सन् १९५० देखि सन् १९६० सम्म

ग) तेस्रो चरण : सन् १९६१ देखि 'आवर्त' कथासङ्ग्रहको प्रकाशन काल (सन् १९६७) सम्म । (ऐजन, पृ. ६४)

यहाँ प्रधानले 'गुनकेसरी' कथासङ्ग्रहलाई पहिलो चरणको प्रतिनिधित्व गर्ने कथासङ्ग्रह, दोस्रो चरणको प्रतिनिधित्व गर्ने कथासङ्ग्रंहका रूपमा 'मैयाँ साहेब' र तेस्रो चरणको प्रतिनिधित्व गर्ने कथा सङ्ग्रका रूपमा 'आवत'को चर्चा गरेका छन् । उनका दृष्टिमा भिक्षुको कथा यात्राले प्रत्येक चरणमा नवीन परिवर्तनका साथ विभिन्न प्रयोग र प्रवृत्तिलाई अँगाल्दै नेपाली कथा साहित्यलाई एउटा उर्वर भूमि प्रदान गरेको छ (ऐजन, पृ. ६५) ।

त्यसपछि कथाकार भिक्षुका मूल प्रवृत्ति र विशेषताहरूलाई विश्लेषणात्मक ढङ्गले केलाउने काम भएको छ । मान्छेका मनस्तात्त्विक पक्षको उद्घाटन गर्नु नै मूल विशेषता देखापर्ने भिक्षु पात्रको मानसिक द्वन्द्वलाई केलाउँदै त्यसको विश्लेषण गर्नामा र त्यही स्थितिमा पात्रको, चारित्रिक विशेषताको उद्घाटन गर्नामा निकै सफल कथाकारका रूपमा देखापर्छन (ऐजन, पृ. ६६) । प्रधानका अनुसार भिक्षु नेपाली परम्पराका एक यौनमनोवैज्ञानिक कथाकार हुन् र विश्वेश्वरप्रंसाद कोइरालाले अँगालेको कथाकारितालाई अझ व्यापकता प्रदान गर्दै नेपाली कथालाई नौलो दिशातर्फ मार्गदर्शन गर्नामा कथाकार भिक्षुको भूमिका अविस्मरणीय छ (ऐजन, पृ. ६८) । यसरी प्रधानले संक्षिप्त वस्तुपरक ढङ्गले भिक्षुको कथाकारिताको विश्लेषण र मूल्याङ्कन गरेका छन् ।

'कथाकार शिवकुमार राई र उनको खहरे' मा शिवकुमार राईको परिचय दिँदै उनको कथाकारितामाथि प्रकाश पार्नुका साथै 'खहरे' कथासङ्ग्रहको विवेचना गरिएको छ । यस

क्रममा उक्त सङ्ग्रहका प्रत्येक कथाहरूको संक्षिप्तमा व्याख्या गरिएको छ । यहाँ विषयलाई विभिन्न उपशीर्षकमा व्यवस्थित ढङ्गले प्रस्तुत गरिएको छ र त्यो विषय व्याख्यात्मक रूपमा प्रकट भएको छ ।

यस ग्रन्थको दसौँ समालोचनाका रूपमा रहेको 'कथाकार गोठाले र उनको कथाकारिताको विश्लेषण' मा गोठालेको परिचय, उनका कृति विवरण कथायात्रा, कथागत प्रवृत्ति एवम् विशेषता केलाउँदै नेपाली कथा परम्परामा उनको योगदान र स्थानको पनि निरूपण गर्ने प्रयत्न गरिएको छ । यहाँ प्रधानले गोठालेको कथाकारितालाई उनका कथामा व्यक्त विषय एवम् प्रवृत्तिका आधारमा विश्लेषण गरेका छन् । कथाको संक्षिप्त विश्लेषणले गोठालेको कथाकारितालाई बुझ्न मद्दत पुऱ्याएको छ । यहाँ प्रधानले गोठालेलाई नेपाली मनोवैज्ञानिक कथा धाराको परम्परा विश्वेश्वरप्रसाद र भिक्षुको लगत्तै पछि देखापरेका 'तेस्रो कोशे ढुङ्गा' का रूपमा र पात्रको मनस्तात्त्विक पक्षको उद्घाटन गर्ने सशक्त कथाकारका रूपमा मूल्याङ्कन गरेका छन् (पूर्ववत्, पृ. ८५) ।

यसै सङ्ग्रहको 'तेस्रो आयामको सन्दर्भमा कथाकार इन्द्रबहादुर राई र उनको कथास्था' शीर्षक समालोचनामा प्रधानले प्रथमतः वि.सं. २०२० तिर प्रवर्तन भएको नेपाली साहित्यको एउटा महत्त्वपूर्ण आन्दोलन 'तेस्रो आयाम' को पहिचान, विशेषता र सैद्धान्तिक मान्यताहरू प्रस्तुत गरेका छन् । विषय वा वस्तुको वस्तुता, सम्पूर्णता, घनत्व र बौद्धिकता वा गहिराइको तेस्रो आयाममा जोड दिनु र अमूर्तता एवम् चित्रात्मकतालाई अवलम्बन गर्नु तेस्रो आयामको सैद्धान्तिक पहिचान हो । त्यसपछि राईलाई पहिलो चरणका, दोस्रो चरणका र तेस्रो चरणका कथाकारका रूपमा विश्लेषण गरिएको छ । अन्त्यमा 'कथास्था' कथासङ्ग्रहको विवेचना गर्दै 'कथास्था' अव्यावहारिक कलालको एउटा त्यस्तो प्रतीकात्मक अभिव्यक्ति हो, जसमा जीवनलाई हेर्ने दृष्टिकोण नयाँ छ भन्ने मूल्याङ्कन प्रस्तुत गरिएको छ (ऐजन, पृ. १०६) ।

यस सङ्ग्रहको बाह्रौं अर्थात् अन्तिम समालोचनाका रूपमा रहेको 'कथाकार विकलका कथागत प्रवृत्ति र उनको नयाँ सडकको गीत' मा विकलको कथा लेखनको पृष्ठभूमि, कथाकार विकलको संक्षिप्त परिचय र कथाकार विकलका कथागत प्रवृत्ति जस्ता शीर्षकअन्तर्गत तिनै शीर्षकले सङ्केत गरेअनुसारको विषयवस्तु र विश्लेषण प्रस्तुत गरिएको छ । विकलका कथागत प्रवृत्तिलाई उनका कथाहरूका आधारमा विश्लेषण गरिएको छ र त्यस क्रममा 'नयाँ सडकको गीत' कथासङ्ग्रह र 'फेरि अर्को तन्ना फेरिन्छ' कथासङ्ग्रहलाई बढी आधार बनाइएको छ । विकलका कथागत प्रवृत्तिमा नै यो लेख मूलतः केन्द्रित भएको छ र यहाँ 'नयाँ सडकको गीत' को खास विश्लेषण हुन सकेको छैन ।

यो समालोचना सङ्ग्रह प्रधानको नेपाली कथा विधामा केन्द्रित एक महत्त्वपूर्ण समालोचना ग्रन्थका रूपमा रहेको छ । यसमा एकातिर कथाको सैद्धान्तिक र ऐतिहासिक पक्षका साथै नेपाली कथाको ऐतिहासिक विकास प्रक्रिया प्रस्तुत गरिएको छ भने अर्कातिर

विभिन्न कथाकार र तिनका कृतिको समालोचना प्रस्तुत गरिएको छ । बाह्रओटा समालोचना सङ्गृहीत यो ग्रन्थ समग्रमा उत्कृष्ट समालोचना सङ्ग्रहका रूपमा रही प्रधानका कथात्मक दृष्टिलाई प्रकट गर्न सक्षम बनेको छ ।

### ४.५ 'आयामिक कथाकार इन्द्रबहादुर राई' को अध्ययन

यो समालोचनाकृति मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालयको २०३८-२०३९ को आर्थिक वर्षअन्तर्गत सञ्चालित 'लघु अनुसन्धान परियोजना' को प्रयोजनका निम्ति तयार पारिएको शोध-प्रतिवेदनको संशोधित प्रस्तुतिका रूपमा रहेको र दीपा प्रकाशनबाट प्रकाशित व्यक्तिप्रतिभा केन्द्रित समालोचना ग्रन्थ हो (राई, २०५७, आमुख पृष्ठ) । दुई खण्डमा संरचित यस ग्रन्थको पहिलो खण्डमा आयामाकि चिन्तन र तेस्रो आयामको सैद्धान्तिक विमर्श, त्यसका स्रोत आयामिक कथा लेखन र यसका विशेषता, नेपाली साहित्यमा आयामिक कथालेखनको पृष्ठभूमि, थालनी र विकास प्रक्रिया जस्ता पक्षको विवेचना प्रस्तुत गरिएको छ । दोस्रो खण्ड चाहिँ इन्द्रबहादुर राईको जीवनी, व्यक्तित्व, कृतित्त्व, उनको कथायात्रा र कथाकारिता तथा आयमिक कथाकार इन्द्रबहादुर राई र उनका आयमिक कथाहरूको समालोचनामा केन्द्रित छ । यसरी हेर्दा तेस्रो आयाम र आयमिक चिन्तनको सैद्धान्तिक-ऐतिहासिक परिचय प्रस्तुत गर्दै आयमिक कथाकार इन्द्रबहादुर राई र उनका आयमिक कथाहरूको विवेचना गर्नु यस ग्रन्थको महत्त्वपूर्ण प्राप्ति हो ।

प्रधानको व्यक्तिप्रतिभा केन्द्रित समालोचकीयताको प्रतिनिधित्व गर्ने यस ग्रन्थले उनको व्यक्तिप्रतिभाको सम्यक विश्लेषण गर्ने क्षमतालाई मात्र देखाउँदैन उनमा रहेको आयामिक चिन्तन र त्यससँग सम्बन्धित पूर्वीय पाश्चात्य सिद्धान्तको ज्ञानलाई पनि उजागर गर्दछ । शोधग्रन्थका रूपमा रहेको यस कृतिमा शोधपरकता र समालोचकीयताको प्रायः सन्तुलित संयोजन भएको देखिन्छ । आवश्यक तथ्य र सन्दर्भ दिएर विषयवस्तुलाई वस्तुपरक तुल्याइएको छ भने विषयवस्तुलाई आवश्यक अनुसार व्याख्या-विश्लेषण पनि गरिएको छ ।

यसमा सर्वप्रथम नेपाली साहित्यको इतिहासमा २०२० सालतिर चलेको तेस्रो आयाम अभियानको सैद्धान्तिक पक्ष र सामान्य परिचय प्रस्तुत गरिएको छ । तेस्रो आयामलाई प्रधान (२०५७ : १) ले वस्तुका लम्बाई, चौडाइ र गहिराइ/मोटाइमध्ये तेस्रो अर्थात गहिराईको आयामको अर्थात बौद्धिक पक्ष सहितको जीवनको समग्रताको अभिव्यक्ति हुनुपर्छ भन्ने साहित्यिक आन्दोलनका रूपमा चिनाएका छन् । उनका अनुसार साहित्य पनि भौतिक वस्तुजगत वा जीवन-जगत्सँग सम्बद्ध भएकोले यसलाई पनि भौतिक वस्तुकै समानान्तर ठानी वस्तुमा अन्तर्निहित तीनै आयामको परिधिभित्र साहित्यलाई राखेर हेर्नुपर्छ भन्ने आग्रहका साथ नेपाली साहित्यमा आयमिक चिन्तनको जन्म भएको हो । वस्तु-जगत्का तीन आयामहरूमध्येको अन्तिम आयाम (मोटाइ/गहिराइ) को साहित्यमा व्यक्त बौद्धिक अभिव्यक्ति नै आयामकि चिन्तनयुक्त साहित्य हो (ऐजन, पृ. १) । यसरी जीवनका

सबै पारापक्ष वा सम्पूर्णतालाई साहित्यमा उतार्नुपर्छ भन्ने मान्यताका रूपमा यसलाई चिनाइएको छ ।

प्रधान (ऐजन, पृ. ६-२०) ले आयमिक चिन्तनका स्रोतहरू खोतल्दै धनत्वलाई, पूर्णाकार मनोविज्ञान, होलियोग्राफ र आद्यवृत्तिको सिद्धान्त आदिबाट अनुप्राणित भएर नै आयामिक चिन्तनको प्रतिपादन भएको तथ्य प्रस्तुत गरेका छन् । उनका अनुसार आयामिक चिन्तन घनत्ववादी दर्शनको धरातलमा उभिएको एउटा नौलो चिन्तन हो र घनत्ववादी स्वर तथा शैलीको कलासँग सम्बन्धित साहित्य नै आयामिक साहित्य हो (ऐजन, पृ. १०) त्यस्तै पूर्णाकारवादी मनोविज्ञानका विभिन्न विशेषताहरूलाई नेपाली साहित्यमा तेस्रो आयामका प्रवर्तकहरूले आफ्नो विचार-अभिव्यक्तिको मूल मन्त्र बनाएका छन् भन्ने उनको विश्लेषण रहेको छ । त्यस्तै कला क्षेत्रको हेलियोग्राफिक पद्धति र मनोविज्ञानको आद्यावृत्तिसम्बन्धी सिद्धान्तलाई पनि आयमिक चिन्तनलाई आफ्नो मुख प्रभाव स्रोतका रूपमा ग्रहण गरेको देखिन्छ । त्यस्तै चित्रकला र सङ्गीतको अभिव्यक्तिबाट पनि यो प्रभावित छ ।

समालोचकले परिच्छेद तीनमा आयामिक कथा लेखनका विशेषताको चर्चा गर्दै यसको भाषा, अभिव्यक्ति कला, त्यस क्रममा देखिने सम्पूर्णता, वस्तुता, घनत्व आद्यबिम्ब, अभिव्यक्तिको चित्रात्मक शैली, चिद्वैषम्यको प्रयोग, कथनपद्धति जस्ता विभिन्न पक्षहरूको विश्लेषण गरेका छन् । यहाँ प्रधान संक्षेपमा आयामिक कथाको विशेषताहरू केलाउन सफल रहेका छन् । परिच्छेद चारमा चाहिँ नेपाली साहित्यमा आयामिक कथा लेखनको पृष्ठभूमि, थालनी र विकासप्रक्रियाको बारेमा प्रकाश पारिएको छ । प्रधानले २०१७ सालमा प्रकाशित 'फूल पात-पतकर' पत्रिकामा आयामिक लेखनको प्रारूप पाइने हुँदा त्यसबाटै यसको पृष्ठभूमि निर्माण भएको र २०२० मा वैरागी काँइला, ईश्वर बल्लभ र इन्द्रबहादुर राईको पहलमा प्रकाशित 'तेस्रो आयाम' पत्रिकाबाट थालनी भई क्रमशः विकसित हुँदै अगाडि बढेको उल्लेख गरेका छन् । यहाँ उनले संक्षिप्तमा आयामिक लेखनको विकास प्रक्रियाको रूपरेखा प्रस्तुत गरेको देखिन्छ । यसरी पहिलो खण्डमा प्रधानले आयामिक चिन्तनको सैद्धान्तिक पक्ष त्यसको स्रोत, आयामिक कथाको विकास प्रक्रिया र विशेषताको प्रस्तुति गरेका छन् ।

यस ग्रन्थको दोस्रो खण्ड आयामिक कथाकार इन्द्रबहादुर राईको कथाकारिता र उनका आयामिक कथाहरूको विवेचनामा केन्द्रित भएको छ । दोस्रो खण्डको परिच्छेद एकमा राईको जीवनी, व्यक्तित्व र कृतित्त्वको रूपरेखा प्रस्तुत गरिएको छ । जीवनीलाई प्रधानले जन्म, बाल्यकाल र पारिवारिक पृष्ठभूमि, शिक्षा दीक्षा, पेसा र व्यवसाय जस्ता शीर्षक अन्तर्गत प्रस्तुत गरेका छन् भने कृतित्त्वलाई 'लेखनको प्रारम्भ र प्रथम प्रकाशित रचना' तथा 'साहित्यिक कृतित्त्वको विकास र कृति विवरण' गरी दुईओटा शीर्षकमा विन्यास गरिएको छ । व्यक्तित्वअन्तर्गत चाहिँ राईका कथाकार व्यक्तित्व उपन्यासकार व्यक्तित्व,

निबन्धकार व्यक्तित्व, समालोचक व्यक्तित्व, चिन्तक व्यत्तित्व सम्पादक व्यक्तित्व जस्ता व्यत्तित्वका अनेक पक्षमाथि प्रकाश पारिएको छ (ऐजन, पृ. ५३-६१) । यस खण्डको निचोडस्वरूप प्रधानले बहुचर्चित साहित्यकार बहुआयमिक चिन्तन र बहुविधागत स्रष्टा-द्रष्टाका रूपमा प्रतिष्ठित इन्द्रबहादुर राईका सामाजिक-राजनीतिक व्यक्तित्वदेखि बेग्लै अमर व्यक्तित्वका रूपमा बाँचिरहने उनको एउटै व्यक्तित्व छ- त्यो हो साहित्यिक व्यक्तित्व भन्ने मत प्रस्तुत गरेका छन् (ऐजन, पृ. ६५) । यसै खण्डको दोस्रो परिच्छेदमा कथाकार इन्द्रबहादुर राईको कथायात्रा र कथाकारिताको विवेचना गरिएको छ । यहाँ प्रधानले सुरुदेखि २०२० सम्मको राईको कथायात्रालाई पहिलो चरणअन्तर्गत राखेका छन् । जसअन्तर्गत यथार्थवादी कथाहरू रचिएका छन् र तिनको सङ्ग्रह 'विपना कतिपय' (२०१७) प्रकाशित भएको छ । दोस्रो चरण आयामिक लेखनको चरण हो जुन २०२० सालदेखि सुरु भएर २०२९ सालसम्म प्रवाहित हुन्छ । यस चरणको प्रतिनिधित्व 'कथास्था' (२०२९) ले गर्दछ । राईका अनुसार २०२९ सालपछिको चरण तेस्रो चरण हो, जुन लीलालेखनको चरणका रूपमा रहेको छ र जसको प्रतिनिधित्व 'कठपुतलीको मन' ले गर्दछ । उनका आयामिक कथाहरूको मात्र मूल्याङ्कन र विश्लेषण गर्नु यस शोधकार्यको उद्देश्य रहेकाले यहाँ चरण विशेषका खासखास कथागत प्रवृत्ति, प्राप्ति र विशेषताको विवेचना गरिएको छैन (पूर्ववत्, पृ. ७८) । तथापि यात्रागत चरण विभाजन र मूल प्रवृत्तिको उल्लेख चाहिँ प्रस्टसँग गरिएकै छ । त्यसैले समग्रमा यो परिच्छेद राईको कथायात्रालाई चिनाउन सक्षम छ ।

परिच्छेद-३ 'आयामिक कथाकार इन्द्रबहादुर राई र उनका आयामिक कथाहरूको विवेचना' शीर्षकमा आबद्ध छ (ऐजन, पृ. ७९) । यो शीर्षक दिइए पनि राईका आयामिक कथाहरूको विवेचनामा नै यो खण्ड केन्द्रित भएको छ । प्रधानले राईको आयामिक कथाकारिताको प्रतिनिधित्व गर्ने कथा सङ्ग्रहका रूपमा 'कथास्था' (२०२९) लाई लिँदै उक्त सङ्ग्रहका 'एउटा दिनको सामान्यता', 'खीर', 'एउटा विचारको यात्रापथ', 'ब्लाक आउट, काजु बदाम, छोरा', 'त्यसरी बाँचेको छ त्यसरी नै', 'हामी जस्तै मैनाकी आमा', 'खाडल', 'टाढामा' र 'आकारहरू, छायाँहरू' गरी नौओटा कथाहरूको विवेचना गरेका छन् । उनका अनुसार यस सङ्ग्रहमा सङ्कलित कथाहरू नेपाली कथासाहित्यमा देखापरेका नौलानौला प्रयोग र प्रवृत्तिका कथाहरू हुन् (ऐजन, पृ. ७९) । प्रधानका दृष्टिमा कथागत नवीनतम् धारणा, विषयवस्तु, लेखनशिल्प र प्रविधि, भाषा आदिका कारणले गर्दा यस सङ्कलनका आयामिक कथाहरूले नेपाली कथाको फाँटमा आफ्नो छुट्टै अस्तित्त्व र मान्यता कायम गरेका छन् । यो कथाप्रतिका परम्परागत धारणा र मान्यतालाई अतिक्रमण गर्दै वस्तुतासहितको जीवनमुखी कथा लेख्ने नयाँ शैलकि कथाहरूको सङ्कलन हो भन्ने उनको दृष्टिकोण रहेको छ ।

प्रधानले यस सङ्ग्रहका प्रत्येक कथामा केन्द्रित भएर ती कथामा आयामिक चिन्तनको अभिव्यक्ति के कसरी भएको छ भन्ने कुराको उद्घाटन गरेका छन् । उनका

अनुसार 'एउटा दिनको सामान्यता' कथामा एउटा दम्पत्तिको जीवनका सामान्य-अतिसामान्य कुराहरूका माध्यमबाट सांसारिक जीवनको निख्खरता, गहिराइ र समग्रता प्रस्तुत गरिएको छ (ऐजन, पृ. ८१) । 'खीर' कथामा जीवनलाई अर्थ्याउने विभिन्न अर्थ र मूल्यहरू खीर पकाउँछ । यसमा जीवन पनि यथार्थमा टिष्टा जस्तै स्वतन्त्र छ र यो जहाँ जसरी भए पनि बग्न सक्नु यसको आफ्नै स्वतन्त्र वस्तुत हो, अनि यथार्थमा जीवन जस्तो छ त्यसलाई त्यस्तै हुन दिनु र त्यसरी अनुभूत गर्नु 'खीर' कथाको केन्द्रीय आस्था हो भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ (ऐजन, पृ. ८३) । 'एउटा विचारको यात्रापथ' कथाको समीक्षा गर्दै प्रधानले उक्त कथामा आदर्शलाई जीवनका बाधा-बन्धनका रूपमा लिँदै ती प्रति आक्रोश व्यक्त गर्नुका साथै आदर्शलाई तोडेर जीवनको निख्खरतालाई हेर्ने आग्रह प्रस्तुत गरिएको छ भन्ने निचोड प्रस्तुत गरेका छन् 'ब्ल्याक आउट, काजु बदाम, छोरा' लाई दार्जिलिङका निम्नमध्यम वर्गीय नेपालीहरूको नाजुक आर्थिक स्थिति, दायित्व र विवशताको चित्रकलात्मक अभिव्यक्ति हो भन्ने उनको मूल्याङ्कन रहेका छ (ऐजन, पृ. ८५) । उनका अनुसार घनत्ववादी प्रविधिमा संरचित 'त्यसरी बाँचेको छ, त्यसरी नै' कथाले चित्रात्मक ढङ्गले जीवनको सम्पूर्णतालाई प्रस्तुत गरेको छ भने 'हामी जस्तै मैनाकी आमा' ले आयामिक दृष्टिबाट दार्जिलिङको सामूहिक सामाजिक नेपाली जिन्दगीको एउटा आशा, सपना र सङ्कल्पलाई चित्रात्मक अभिव्यक्ति दिएको छ । पम्परागत च्याप्टो लेखनका विपरीत आयामिक रचना विधानअन्तर्गन अमूर्त कलाको निकटमा सिर्जित संरचनाविहीन संरचना प्रक्रियाको एउटा नयाँ परिपाटीको कथा हो भन्ने उनको दृष्टिकोण रहेको छ (ऐजन, पृ. ९१) । उनका दृष्टिमा 'टाढा' कथाले सङ्केतात्मक अमूर्त प्रयोगवादी शैलीशिल्पमा पुराकथा बन्दै आएको मानव विकासको कथा विगत (टाढा) देखि वर्तमान हुँदै भविष्य (टाढा) सम्म लम्बिएको छ भन्ने भाव प्रस्तुत गरेको छ । 'आकारहरू, छायाँहरू' कथा मानिसकै पुराकथाहरू र अभिव्यक्ति हो भन्ने उनको मूल्याङ्कन रहेको छ ।

परिच्छेद-चार निष्कर्ष वा उपसंहार खण्डका रूपमा रहेको छ । यसमा प्रधानले अघिल्ला खण्डहरूको मूल निचोडलाई संक्षिप्तमा प्रस्तुत गर्दै आयामिक चिन्तन र आयामिक कथाकार इन्द्रबहादुर राई बारेको आफ्नो वस्तुनिष्ठ मूल्याङ्कन प्रस्तुत गरेका छन् । उनका अनुसार जीवनको गहनतम् सत्यलाई वस्तुताको रूपमा कथामा प्रस्तुत गर्नु आयामिक कथाको आग्रह हो र तत्क्षणिक अनुभव एवम् प्रत्यक्ष हेराइमा घनत्ववादी प्रविधिले जीवनको सम्पूर्णतालाई हेर्नु आयामिक कथा लेखनको मौलिक विशेषता हो (ऐजन, पृ.९७) । प्रधान (ऐजन, पृ. ९६) ले कथागत नवीन प्रयोग र प्रविधिका साथै जीवनप्रतिका नयाँ दृष्टि र धारणाका माध्यमबकाट नेपाली कथालाई आधुनिक दिशातिर मोड्नमा कथाकार राईको भूमिका उल्लेखनीय रहेको मूल्याङ्कन प्रस्तुत गर्दै राईका आयमकि तथा र कथाकारिताको विश्लेषणको निष्कर्षमा रूपमा निम्न बुँदा प्रस्तुत गरेका छन्-

- मिथक, प्रतीक र बिम्बकै प्रयोगद्वारा भावको तत्क्षणता र प्रत्यक्षणतालाई साकार तुल्याउनु,
- भाषामा, भाव वा विचारको व्याख्याको अतिरिक्त सङ्केत प्राप्त हुनु,
- व्यावहारिकताको प्रचलित भाषालाई त्यागी चित्रकलाको भाषालाई अँगाल्नु,
- वस्तुता नै कथागत विषयवस्तुको मूल हुनु (ऐजन, पृ. ९७)

अन्त्यमा प्रधानले आयामिक चिन्तन र आयामिक कथा लेखनको पृष्ठभूमि, पहिचान, समस्या र प्राप्तिको सटीक मूल्याङ्कन गर्दै यो खण्डको समापन गरेका छन् ।

यो खण्ड आयामिक चिन्तनका स्रोत, नेपाली साहित्यमा देखापरेको तेस्रो आयामको सैद्धान्तिक परिचय, आयामिक कथा लेखनका विशेषता, नेपाली साहित्यमा आयामिक कथा लेखनको समग्र विकास प्रक्रिया, इन्द्रबहादुर राईको जीवनी, व्यक्तितव र कृतित्त्वको संक्षिप्त रूपरेखा राईको समग्र कथायात्रा र कथाकारिताका साथै आयामिक कथाकार इन्द्रबहादुर राईको कथाकारिता र उनका आयामिक कथाहरूको विवेचनामा केन्द्रित भएको छ । ग्रन्थले समावेश गरेका यी विषयमाथि प्रकाश पार्न समालोचक सक्षम नै रहेका छन् । राईको आयामिक कथाकारिता, आयामिक चिन्तन र उनका आयामिक कथाहरूको विवेचनामा यो सङ्ग्रह मूल रूपमा केन्द्रित भएकाले उनका जीवनी, व्यक्तित्व र कृतित्त्वको पक्ष अति संक्षिप्त हुनु स्वाभाविक देखिन्छ । प्रस्तुत ग्रन्थले आयामिक चिन्तन, राईको कथायात्रा र उनका आयामिक कथाको विवेचनालाई गहन र प्रभावकारी ढङ्गले प्रस्तुत गरेको छ । आयामिक चिन्तनका स्रोतको चर्चामा राईको विद्वता र ज्ञानको गहनता प्रकट भएको छ । राईका आयामिक कथालाई आयामिक चिन्तनकै सापेक्षतामा हेरिएको छ भने कथायात्राको विवेचना पनि प्रायः उपयुक्त नै छ । कथाको विवेचनामा प्रधानको वस्तुगत मर्मबोधी समालोचकीयता व्यक्तिएको देखिन्छ भने आयामिक चिन्तनको मीमोसामा उनको सैद्धान्तिक ज्ञान एवम् समालोचकीयतामा अभिव्यक्ति भएको छ । समग्रमा यो ग्रन्थ प्रधानको सैद्धान्तिक, व्यक्तिप्रतिभा केन्द्रित र कृतिकेन्द्रित परिपक्क समालोचकीयताको संवहन गर्ने ग्रन्थका रूपमा रहेको छ ।

### ४.६ ‘उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला’ को विश्लेषण

यो प्रधानको आदि प्रकाशनबाट वि.सं. २०५८ मा प्रकाशित उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला र उनका कृतिमा केन्द्रित समालोचना ग्रन्थ हो । यस ग्रन्थलाई छुटाछुट्टै समालोचना जस्ता देखिने चारओटा परिच्छेदमा विन्यास गरिएको छ र आवश्यकता अनुसार ती परिच्छेदहरूलाई विभिन्न शीर्षक-उपशीर्षकहरूमा विभाजन गरिएको छ । यीमध्ये पहिलो परिच्छेद ‘उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला : संक्षिप्त परिचय’ शीर्षकमा आबद्ध छ । यसमा विश्वेश्वरप्रसादका जन्म र पारिवारिक पृष्ठभूमि, शिक्षा-दीक्षा, विवाह र दाम्पत्य जीवन, लेखनको थालनी, परिवेश, प्रेरणा, प्रभाव, प्रथम प्रकाशित रचना र कृतित्त्वको

विकास, साहित्यिक व्यक्तित्व लगायतका विषयमा प्रकाशन पारिएको छ (प्रधान : २०५८ पृ. १-१९) । यो परिच्छेद कोइरालाको जीवनी र व्यक्तित्वको संक्षिप्त प्रस्तुतिका रूपमा रहेको छ ।

दोस्रो परिच्छेदमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालापूर्वको आधुनिक नेपाली उपन्यास परम्पराको रेखाङ्कन गरिएको छ । त्यस क्रममा प्राथमिक र माध्यमिक कालीन साजुसी, तिलस्मी र ऐयारी आख्यान परम्परालाई समापन गर्दै सामाजिक यथार्थ घटना, पात्र र सहज भाषाशैलीलाई अवलम्बन गरेर लेखिएका 'रूपमती', 'सुमती', 'भ्रमर', 'मुलुकबाहिर' लगायतका उपन्यासले नेपाली उपन्यासमा आधुनिक कालको प्रवर्तन-प्रतिष्ठापन गरेको निष्कर्ष प्रस्तुत गरिएको छ । पूर्वपरम्पराको चर्चा गरी २०२५ सालमा नयाँ मूल्ययुक्त 'तीनघुम्ती' उपन्याससँगै कोइरालाको आगमन भएको जनाई यो परिच्छेद टुङ्ग्याइएको छ ।

'उपन्यासकार कोइरालाका औपन्यासिक कृतिहरूको विश्लेषण' शीर्षक दिइएको तेस्रो खण्डमा कोइरालाका 'तीनघुम्ती', 'नरेन्द्र दाइ', 'सुम्निमा', 'मोदि आइन', हिटलर र यहुदी' र 'बाबु, आमा र छोरा' उपन्यासको विवेचना गरिएको छ । प्रधानले प्रथमतः तीनघुम्ती उपन्यासको विश्लेषण गर्दै इन्द्रमायाले लिएका तीन निर्णयलाई अस्तित्त्वलाई दृष्टिकोणबाट विश्लेषण गरेका छन् । त्यसपछि यहाँ 'नरेन्द्रदाइ' उपन्यासको सामन्य परिचय र कथासार दिइएको छ । नरेन्द्रदाईलाई यौनमनोविश्लेषणवादी र विसङ्गतिवादोन्मुख अस्तित्त्ववादी उपन्यासका रूपमा विश्लेषण गरिएको छ । प्रधानले मनोविश्लेषणवादी उपन्यासका रूपमा यसको विश्लेषण गर्दा खासगरी व्याख्यात्मक शैलीमा पात्रको मनोविज्ञानको विश्लेषणमा आफूलाई बढी केन्द्रित गरेका छन् र पात्रका कार्य-व्यवहारहरूको वर्णन गरेका छन् । प्रधानले 'नरेन्द्रदाइ' लाई विसङ्गतिवादी कोणबाट विश्लेषण गर्दै औपन्यासिक मूल पात्रहरू नरेन्द्र दाइ गौरी भाउज्यू र मुनरियाका बीचको त्रिकोणात्मक प्रेमबाट उब्जिएको विसङ्गति नै 'नरेन्द्र दाइ' उपन्यासको खास भित्री मर्म हो भन्ने धारणा प्रस्तुत गरेका छन् (२०५८ : पृ. ७५) । उनका अनुसार यो उपन्यास यौनमनोवैज्ञानिक धरातलमा अस्तित्त्ववादी प्रवृत्तिको उपन्यास बन्न सकेको छ र यही नै प्रस्तुत उपन्यासको सफलता पनि हो (ऐजन, पृ. ६७)

समालोचकले सुम्निमा उपन्यासको समीक्षा गर्दै आर्य र अनार्य, आध्यात्मिक र भौतिक, आत्मा र शरीर यिनै कुराहरूको संयोजनबाट निर्मित औपन्यासिक जीवनदर्शनलाई 'सुम्निमा' ले बोकेको छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् (ऐजन, पृ. ९२) । यहाँ पनि समालोचक उपन्यासको मनोवैज्ञानिक विश्लेषण र चरित्रचित्रणमा केन्द्रित भएको देखिन्छ । प्रधानले सुम्निमाको मर्म उद्घाटन गर्न त्यसलाई फ्रान्सेली उपन्यासकार आनातोले फ्राँसको 'व्याया' र हिन्दी उपन्यासकार भगवतीचरण बर्माको 'चित्रलेखा' उपन्याससँग तुलना गरेका छन् । यो समालोचना गहन र उपन्यासको वास्तविक मूल्य ठम्याउन सफल रहेको छ । यसै खण्डअन्तर्गत प्रधानले 'मोदिआइन' परिचय र कथावस्तु प्रस्तुत गर्दै मनोवैज्ञानिक दृष्टिबाट

उक्त उपन्यासको समीक्षा गरेका छन् । 'महाभारत' को एउटा खण्डका दुई ध्रुवीय नारीहरूका बीचको सम्बन्धको औपन्यासीकरण नै 'मोदिआइन' हो भन्ने उनको ठम्याइ छ ।

'हिटलर र यहुदी' यस खण्डको आलोच्य अर्को उपन्यास हो । प्रधानले यस उपन्यासलाई मूलतः मनोवैज्ञानिक दृष्टिबाट विश्लेषण गर्दै आफ्नै दर्शन प्रस्तुत गर्ने आदर्शोन्मुख यौनमनोविश्लेषणवादी उपन्यासका रूपमा त्यसको मूल्याङ्कन गरेका छन् ( २०५८, पृ. १०६) । विश्वेश्वरप्रसाद कोइरालाको विदेश भ्रमण र त्यस क्रममा सङ्कलित भावानुभूतिलाई पूर्वीय दर्शनले परिपोषित तुल्याउँदै प्रस्तुत गरेको उक्त उपन्यासले श्रीमद्भागवत गीताको दार्शनिक पूर्वाधारलाई स्वीकार्दै वर्तमानलाई हेरेको छ भन्ने प्रधानको निचोड रहेको छ (ऐजन, पृ. १२३) । विश्वेश्वरप्रसादको अर्को उपन्यास 'बाबु, आमा र छोरा' लाई पनि यस खण्डले आफ्नो विवेच्य विषयवस्तु बनाएको छ । यसका चरित्रचित्रण र कथानकमा केन्द्रित भएर प्रधानले यसलाई एक मनोवैज्ञानिक उपन्यास सिद्ध गरेका छन् ।

यसप्रकार विश्वेश्वरप्रसाद कोइरालाका छ ओटा उपन्यासको समालोचनाबाट यो तेस्रो खण्ड निर्माण भएको छ । कृतिको विश्लेषण गर्दा समालोचना मूलत चरित्रचित्रण र कथानकमा केन्द्रित भएका छन् । मनोवैज्ञानिक धाराका उपन्यास भएकाले त्यसै दृष्टिकोणबाट कृतिको विशलेषण गर्नुका साथै गुणग्राही किसिमको निर्णय प्रस्तुत गरिएको छ । सरल सहज प्रस्तुति देखिने समालोचनामा वर्णन व्याख्यायुक्त विश्लेषण ढाँचा प्रबल छ । सन्तुलित र वस्तुपरक समालोचकीयता नै प्रकट भएको छ ।

चौथो परिच्छेदमा कोइरालाको औपन्यासिक योगदान विश्लेषण र मनोविश्लेषणवादी गरिएको छ । यहाँ उनले कोइरालालाई मनोविश्लेषणवादी आत्मकथात्मक शैलीको प्रस्तुति अँगाल्ने, यौनमनोविश्लेषणलाई नैतिक दायराभित्रै राखेर मर्यादित रूपमा प्रस्तुत गर्ने र सम्झौतावादी उपन्यासका रूपमा चित्रण गर्दै उनलाई एक महान प्रतिभाका रूपमा मूल्याङ्कन गरिएको छ (ऐजन, पृ. १४४) । योगदानको विविधतापूर्ण निरूपणमा त्यति सशक्त नदेखिए पनि सामान्यतः गुणात्मक मूल्याङ्कनको निरूपणका दृष्टिले यो खण्ड महत्त्वपूर्ण रहेको छ ।

यो ग्रन्थ उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला र उनका उपन्यासमा केन्द्रित समालोचना हो । सिङ्गो ग्रन्थ वि.पी. कोइरालमा केन्द्रित भएकाले यो एकातिर व्यक्ति प्रतिभाकेन्द्रित समालोचना बनेको छ भने कोइरालाका कृतिहरूबाट यसको ठूलो खण्ड बनेकाले कृतिकेन्द्रित समालोचकीयता पनि यसको महत्त्वपूर्ण वैशिष्ट्य बनेको छ । उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला र उनका सम्पूर्ण उपन्यासहरूको आधिकारिक समीक्षा गरिएको सिङ्गो ग्रन्थका रूपमा रहनु यसको महत्त्वपूर्ण प्राप्ति हो । त्यस्तै प्रतापचन्द्र प्रधानको व्यक्तिप्रतिभा केन्द्रित समालोचनाको नमुना प्राप्तिका रूपमा रहनु यसको अर्को महत्त्वपूर्ण पक्ष हो । सममा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको

औपन्यासिकताको दिग्दर्शन गराउन सफल नै रहेको छ । विश्वेश्वर र उनका उपन्यासको गहन एवं बहुमुखी अध्ययन मूल्याङ्कनका दृष्टिले चाहिँ यो ग्रन्थ सीमित नै देखिन्छ । एउटै कृतिमा व्यापक विषयलाई समेट्न खोजेकाले पनि यसो भएको हो ।

## ४.७ 'प्रतिनिधि आधुनिक नेपाली लामा कविता' को अध्ययन

वि.सं. २०५९ मा ने.रा.प्र.प्र.बाट प्रकाशनमा आएको यो ग्रन्थमा आधुनिक नेपाली लामा कविताहरूको प्रतिनिधिमूलक ढङ्गले समालोचना गरिएको छ । 'सैद्धान्तिक' र 'कवि र कविता खण्ड' गरी दुई खण्डमा विभक्त यस पुस्तकको पहिलो खण्ड छ ओटा परिच्छेदमा संरचित छ भने दोस्रो खण्डलाई दुईओटा परिच्छेदमा विन्यास गरिएको छ । ३८७ पृष्ठको विस्तार प्राप्त यस ग्रन्थले प्रधानको सैद्धान्तिक र व्यवहारिक दुवै समालोचनात्मक प्रवृत्तिहरूलाई अभिव्यक्त गरेको छ ।

पहिलो खण्डमा प्रधानले लामा कविताको परिचय, पहिचान, कविताका अन्य मझौला रूपसँग लामा कविताको तुलना, लामा कविताको प्रारूप, थालनी तथा विकास, लामा कविताका संरचनात्मक आधारहरू, यसका विशेषताहरू एवम् विधागत प्राप्ति र प्रवृत्तिहरूको व्याख्या-विश्लेषण गर्दै लामा कविताको सैद्धान्तिक अध्ययन प्रस्तुत गरेका छन् । प्रधान (२०५९ : २) ले लामो कवितालाई आधुनिक/समसामयिक चिन्तनयुक्त काव्य रूप भन्दै प्रयोगधर्म गद्यात्मक लामा कविता नै आधुनिक लामा कविता हुन् भन्ने धारणा प्रकट गरेका छन् । प्रधानले लामा कविताको ऐतिहासिक विकासको रूपरेखा प्रस्तुत गर्दै, शीर्षक, विषयवस्तु, पात्रधान, आख्यान विकल्पी संरचना, भाव विधान, लय विधान, दृष्टिविन्दु, मिथक, बिम्ब र प्रतीक विधान, भाषाशैली र जीवनदर्शनलाई लामा कविताका संरचनात्मक आधारहरूका रूपमा चर्चा गरेका छन् । लामा कविताका उपकरणहरूको यो विश्लेषणले प्रधानको लामा कविताबोधी मर्मज्ञ द्रष्टाचेत र सैद्धान्तिक ज्ञानलाई प्रकट गर्दछ । यसमा संरचनात्मक आधारहरूलाई प्रधानले सरल भाषाशैली र उदाहरणका माध्यमबाट प्रस्तुत गरिएका छ । आधुनिक लामा कताका विशेषता, प्राप्ति र प्रवृत्तिलाई संक्षेपमा अनुच्छेदगत ढङ्गले प्रस्तुत गरिएको छ । खण्डका निष्कर्षलाई चाहिँ प्रधानले राम्ररी समेट्न सकेको देखिँदैन ।

दोस्रो अर्थात् 'कवि र कविता खण्ड' चाहिँ आधुनिक नेपाली लामा कविताहरूको प्रतिनिधिमूलक विश्लेषण केन्द्रित छ । यहाँ प्रतिनिधि नेपाली लामा कविता र तिनका स्रष्टाहरूको विवेचना गरिएको छ । यस क्रममा सर्वप्रथम कवि वैरागी काइँला र उनको 'अस्तित्त्वको दावीमा साबातको बैला उत्सव' लामो कतिवाको विश्लेषण गर्दै कविलाई जीवनको सम्पूर्णता एवम् दोस्रो आयाम प्रस्तुत गर्ने कवि र उक्त कवितालाई नेपाली काव्यविधाको विश्वस्तरीय मिथकीय कविताको नमुनाका रूपमा मूल्याङ्कन गरेका छन् (ऐजन, पृ. ५७) यहाँ उक्त कवितालाई मिथकीय दृष्टिबाट समीक्षा गरिएको छ । त्यसपछि

कवि जगदीशशम्बेर राणा र उनको 'कान्छी सहर जान्छे' कविताको संक्षिप्त समीक्षा गरिएको छ । त्यसपछि क्रमशः रत्नशमशेर थापा र उनको 'कुहिरोले आँखा उघार्छ-हुस्सुभित्र', मोहन कोइराला र उनको 'हिमाल आरोहण मान्छ', गुमानसिंह चाम्लिङ र उनको 'कारागारभित्र प्रतीक्षा त्यो अन्तिम फैसलाको', ईश्वर बल्लभ र उनको 'अग्निदीप' लामो कविता, असित राई र उनको 'अक्टोपोस', नरेशचन्द खाती र उनको 'हस्ताक्षर', मदन रेग्मी र उनको 'आजाजुजे, पहाड र घाउको आँखा', युद्धवीर राणा र उनका 'चिहान नपाएका तक्माहरू' कवियित्री वानिरा गिरी र उनको 'मेरो आविष्कार' तथा लोया गुरुङ र उनको 'सूर्यदह' लामो कविताको विश्लेषण गरिएको छ ।

यस खण्डमा कवि र लामा कविताको विश्लेषण मात्र गरिएको छैन । ती लामा कविताको सम्पूर्ण पाठ पनि प्रस्तुत गरिएको छ । त्यस्तै आवश्यक ठाउँमा कवितांश प्रयोग गरेर समीक्षालाई वस्तुपरक पनि बनाइएको छ । अत्यन्तै संक्षिप्त आयामका भए पनि ती समालोचनामा कतिवाको मर्म उद्घाटन गर्ने प्रयत्न गरिएको छ । यस ग्रन्थले नेपाली प्रतिनिधि लामा कविताहरूलाई छनौट गरेर अध्ययन गरी सम्पूर्ण नेपाली लामा कविताको समग्रतालाई समेट्ने प्रयत्न गरेको छ । यो नेपाली लामा कवितामा केन्द्रित एक उल्लेखनीय ग्रन्थ बन्नुका साथै प्रधानका समालोचनात्मक वैशिष्ट्यलाई पनि उद्घाटन गर्न सक्षम रहेको छ ।

लामा कविताको सैद्धान्तिक र व्यवहारिक समीक्षामा केन्द्रित यस ग्रन्थमा विधातेच, लामा कविता बोधी द्रष्टाचेत, सरल-सहज एवम् समासमय समालोचकीयता र आधुनिक प्रयोगधर्मी लामा कतिवाका वास्तविक मर्म उद्घाटन गर्न सक्ने क्षमता प्रकट भएको छ । विधागत सैद्धान्तिक मापदण्डका आधारमा प्रतिनिधि आधुनिक नेपाली लामा कविताको समालोचना गरिएकाले यो ग्रन्थ शोधपरक बन्न पुगेको छ भने कविताका सम्पूर्ण अंशको प्रस्तुति गरिएको र तिनको संक्षिप्त विवेचना गरिएकाले लामा कविताको सङ्कलनको रूपमा पनि यसलाई देख्न सकिन्छ । विवेच्य कविताहरूको सम्पूर्ण पाठलाई पनि प्रस्तुत गरिएकाले पनि यो विशाल ग्रन्थ बन्न पुगेको देखिन्छ । नेपाल राजकीय प्रतिष्ठानको विशेष योजना अन्तर्गत तयार गरिएको र त्रि.वि.को पाठ्यक्रमको अपेक्षालाई परिपूर्ति गर्ने उद्देश्य रहेकाले त्यसो हुन गएको बुझिन्छ । यहाँ प्रधानको समालोचक र सम्पादक दुवै व्यक्तित्वको प्रकटीकरण भएको छ । प्रधानको लामा कविताको सैद्धान्तिक ज्ञान वा विधाचेत समालोचकीय क्षमता र सम्पादन कलाको प्रदर्शन गर्ने आधुनिक नेपाली लामा कविताको अध्ययनमा केन्द्रित महत्त्वपूर्ण समालोचना ग्रन्थका रूपमा रहनु यस कृतिको महत्त्वपूर्ण प्राप्ति हो । आधुनिक नेपाली लामा कविताको प्रतिनिधिमूलक समीक्षाले सो प्राप्तिलाई प्रतिष्ठापित तुल्याएको छ ।

## ४.८ 'सन्दर्भ उपन्यासको' को विश्लेषण

वि.सं. २०६२ मा प्रकाशित यो कृति प्रधानको सबैभन्दा पछिल्लो समालोचना सङ्ग्रह हो । यसमा प्रधानका २०३३ सालदेखि विभिन्न पत्रपत्रिकामा प्रकाशित उपन्यास विधासँग सम्बन्धित समालोचनाहरूमध्ये बाह्रओटा समालोचना सङ्गृहीत गरिएको छ । आफ्ना विभिन्न फुटकर समालोचनाहरूमध्ये उचित लागेका केहीलाई समालोचना मात्र छनौट गरेर सङ्गृहीत गरिएकाले यो सङ्ग्रह आफैमा ओजपूर्ण र गहकिलो रहेको छ ।

यस सङ्ग्रहको पहिलो समालोचना 'आधुनिक नेपाली उपन्यासको प्रतिष्ठापनपूर्व नेपाली उपन्यासको स्थिति' हो । यस समालोचनामा प्रधानले आधुनिक नेपाली उपन्यासको प्रतिष्ठापन विन्दुको रेखाङ्कन गर्दै सर्वप्रथम उपन्यासको पूर्वीय-पाश्चात्य सैद्धान्तिक स्वरूपको विवेचना गरेका छन् । प्रधानले उपन्यासलाई गद्याख्यान साहित्यअन्तर्गतको एक नवीन साहित्यिक उपविधाका रूपमा चिनाउँदै यसको पाश्चात्य-पूर्वी विकास परम्पराको संक्षिप्त रूपरेखा प्रस्तुत गरेका छन् (प्रधान, २०६२, पृ. १-१५) । यसका लागि उनले प्रंशस्त ग्रन्थहरू अर्थात् पूर्वकार्यको गहन अध्ययन गरेको कुरा उनले प्रस्तुत गरेका पादटिप्पणीहरूले दिग्दर्शन गराउँछन् ।

त्यसपछि प्रधान आधुनिक नेपाली उपन्यासको पूर्वस्थितिको विमर्शतिर लागेका छन् । यसको पृष्ठभूमिको रूपमा नेपाली भाषाको उठान नेपाली आख्यानेतर गद्यको उठान एवं विस्तार र नेपाली गद्याख्यान साहित्यको उठानको रूपरेखा प्रस्तुत गरिएको छ । त्यसपछि मात्र प्रधानले आधुनिक नेपाल उपन्यासको पूर्वरूपको कालक्रमिक चरण विभाजन गरी आधुनिक नेपाली उपन्यासको प्रतिष्ठानपूर्वको नेपाली उपन्यासको स्थितिको गहन अध्ययन प्रस्तुत गरेका छन् । यसमा पनि प्राथमिककालीन नेपाली गद्याख्यान परम्परा र माध्यमिककालीन नेपाली गद्याख्यान परम्पराको सूक्ष्म विश्लेषण गरिएको छ । यस क्रममा प्रधानले प्राथमिक र माध्यमिक कालका गद्याख्यानको व्यवस्थित विवरण पनि प्रस्तुत गरेका छन् । उनले १८२७ सालदेखि १९४२ सालसम्मलाई प्राथमिक काल र १९५४ सालदेखि १९९० सम्म पूर्वआधुनिक कालअन्तर्गत राखेर अध्ययन गरेका छन् भने वि.सं. १९९१ देखि १९९३ सम्मको समयावधिलाई आधुनिक नेपाली उपन्यासको प्रतिष्ठापनको समयविन्दु मानेका छन् (ऐजन, पृ. १)

यसै सिलसिलामा प्रधानले नेपाली उपन्यासमा आधुनिक काल थालिनुभन्दा अगाडिका 'वीरचरित्र', 'महेन्दप्रभा', 'डा. सूर्यप्रसाद', 'शर्मिष्ठा', 'राजपूत रमणी' जस्ता उपन्यासको सङ्क्षिप्त विश्लेषण गरेका छन् । उनले 'रूपमती' बाट आधुनिक नेपाली उपन्यासको प्रारम्भ भएको मानी त्यसको बहुमुखी विवेचना प्रस्तुत गरेका छन् । यसको आधुनिक नेपाली उपन्यासको प्रतिष्ठापनको सन्दर्भमै विश्लेषण गर्दै (ऐजन, पृ. ८३) संरचना, औपन्यासिक कथावस्तु, पात्र र तिनको चरित्र, औपन्यासिक देशकाल तथा वातावरण

भाषाशैली र संवाद, औपन्यासिक उद्देश्य, औपन्यासिक प्रवृत्ति जस्ता विभिन्न पक्षबाट विवेचना गर्दै आदर्शोन्मुख यथार्थवादी धाराको 'रूपमती' बाटै आधुनिक नेपाली उपन्यासको थालनी भएको हो भन्ने मत प्रस्तुत गरिएको छ (ऐजन, पृ. ९४) । विष्णुचरण श्रेष्ठको 'सुमती' लाई चाहिँ यहाँ आधुनिक कालको प्रतिष्ठापनको एउटा महत्त्वपूर्ण कडीका रूपमा विश्लेषण गरिएको छ ।

गहन र व्यापक किसिमको अध्ययन प्रस्तुत भएको यस समालोचनामा मूल्यनिर्णयात्मक ऐतिहासिक र सैद्धान्तिक खालको दृष्टिकोणको प्रयोग भएको छ । यहाँ प्रधानले एकातिर सैद्धान्तिक विमर्शका क्रममा सैद्धान्तिक-बौद्धिक किसिमको प्रस्तुति अँगालेका छन् भने अर्कातिर ऐतिहासिक रूपरेखा प्रस्तुत गर्न क्रममा कालक्रमिक र विवरणत्मक किसिमको प्रस्तुति ढाँचाको प्रयोग गरेका छन् । ऐतिहासिक सामग्रीको मूल्याङ्कन र विभिन्न कृतिको समीक्षामा उनको मूल्यनिर्णयात्मक दृष्टिकोण र विवेचनात्मक प्रस्तुति प्रकट भएको छ । आधुनिक नेपाली उपन्यासको प्रतिष्ठापन विन्दु र सङ्क्रमणको अवधिमाथि राम्रो प्रकाश पारिएको यो समालोचना आफूले लिएको लक्ष्य 'आधुनिक नेपाली उपन्यासको प्रतिष्ठानपूर्वको नेपाली उपन्यासको स्थिति' को विवेचना गर्न कार्यमा सशक्त र सफल रहेको देखिन्छ ।

यस सङ्ग्रहको दोस्रो समालोचना 'आधुनिक नेपाली उपन्यासको प्रतिष्ठापन र यसको पूवार्द्ध चरण (सन् १९५० सम्म)' हो । यस समालोचनामा उनले रुद्रराज पाण्डेको रूपमती (१९९१) र विष्णुचरण श्रेष्ठको 'सुमती' बाट नेपाली उपन्यासमा आधुनिक कालको प्रारम्भ भए पनि रूपनारायण सिंहको 'भ्रमर' ले आधुनिक संरचनागत कौशलसहित त्यसलाई थप प्रतिष्ठापन गरेको हो भन्ने धारणा प्रस्तुत गरेका छन् । यिनले अँगालेको आदर्शोन्मुख यथार्थवाद र स्वच्छन्दतावादबाट थप अगाडि बढेर लैनसिंह वाङ्देलको 'मुलुकबाहिर' ( २००४) ले आधुनिक औपन्यासिक संरचनात्मक सौष्ठव र यथार्थवादको सफल प्रयोगका माध्यमबाट आधुनिक नेपाली उपन्यासको प्रतिष्ठापन गर्न महत्त्वपूर्ण भूमिका खेल्यो भन्ने प्रधानको मत छ । 'मुलुकबाहिर' लाई त्यस कालसम्मको मूल औपन्यासिक प्रवाह मान्ने प्रधान (ऐजन : पृ. १०२) ले 'रूपमती', 'सुमती', 'भ्रमर', 'मुलुकबाहिर' लगायतका उपन्यासले नै आधुनिक नेपाली उपन्यासको प्रवर्तन र प्रतिष्ठापन भन्ने विश्लेषण प्रस्तुत गरेका छन् ।

यस सङ्ग्रहको अर्को समालोचना 'औपन्यासिक कथावस्तुको विश्लेषण : सन्दर्भ **भ्रमर** उपन्यास' हो । यहाँ कथावस्तुलाई उपन्यासको एक महत्त्वपूर्ण तत्त्वका रूपमा लिँदै 'कथावस्तुसम्बन्धी सिद्धान्तका प्रस्थापनका आधारमा 'भ्रमर' उपन्यासको कथावस्तुको सूक्ष्म विश्लेषण गरिएको छ । सैद्धान्तिक प्रस्तुति भएको र प्रधानको बौद्धिक ज्ञानको प्रकटीकरण गर्ने यस समालोचनामा औपन्यासिक कथावस्तुलाई मूल विवेच्य विषयवस्तु बनाइएको छ र

त्यसलाई 'भ्रमर' लगायतका उपन्यासका उदाहरण एवम् सन्दर्भद्वारा प्रस्ट पार्ने काम गरिएको छ (ऐजन पृ. १०३-१२२) ।

'मनोवैज्ञानिक सन्दर्भमा औपन्यासिक पात्रको चरित्रविश्लेषणका आधार' यस सङ्ग्रहको अर्को समालोचना हो । यहाँ प्रधान (ऐजन : पृ. १२३-१२८) मनोविज्ञानका आधारमा औपन्यासिक पात्रको चरित्रचित्रण के-कसरी गर्न सकिन्छ त्यसको विश्लेषण कसरी गर्नुपर्छ र त्यस क्रममा कुन कुन कुरा ख्याल गर्नुपर्छ भन्ने सन्दर्भमा आफ्ना धारणा प्रस्तुत गरेका छन् । सन्दर्भवस केही नेपाली मनोवैज्ञानिक उपन्यासबारे टिप्पणी गरिएको यो लेख संक्षिप्त र टिप्पणीमूलक किसिमकै रहेको छ ।

'मुलुकबाहिर उपन्यासको औपन्यासिक कथानक' यस सङ्ग्रहको एक महत्त्वपूर्ण समालोचना हो । यसमा समालोचकले 'मुलुकबाहिर' लाई प्रकृतवादोन्मुख यथार्थवादी औपन्यासिक धारामा प्रवाहित प्रवृत्तिगत रूपले सर्वदा नौलो प्राप्तिका रूपमा मूल्याङ्कन गर्दै (ऐजन, पृ. १३०) शीर्षक प्रयोग, विषयवस्तु, कथानकको संरचना, कथानकको सार, कथानकको विकास प्रक्रिया, रस, द्वन्द्व र कुतूहल र औपन्यासिक प्रवृत्ति जस्ता विभिन्न पक्षबाट विवेचना गरेका छन् । यी विभिन्न पक्षलाई यहाँ छुट्टाछुट्टै शीर्षकअन्तर्गत व्यवस्थित ढङ्गले विन्यास गरिएको छ । निम्नवर्गीय प्रवासी नेपालीहरूको यथार्थ झाँकी प्रस्तुत गर्ने यो उपन्यास एक उत्कृष्ट घटनाप्रधान उपन्यासको नमुना हो भन्ने उनको मूल्याङ्कन छ ( ऐजन, पृ. १६४) । कृतिको विधागत तत्त्वकेन्द्रित बहुपक्षीय अध्ययनमा केन्द्रित यो समालोचना प्रधानको एक उत्कृष्ट कोटिको कृतिपरक समालोचनाका रूपमा रहेको छ ।

यस ग्रन्थमा सङ्गृहीत अर्को समालोचनात्मक लेख 'प्रयोगधर्मी उपन्यासको रूपमा 'आज रमिता छ' हो । यसमा 'आज रमिता छ' उपन्यासलाई प्रयोगधर्मी उपन्यासका रूपमा विश्लेषण गरिएको छ । यहाँ प्रधानले 'आज रमिता छ' का प्रयोगशील पक्षको संक्षिप्त चर्चा गर्दै यसलाई औपन्यासिक संरचनामा क्रान्ति ल्याउने प्रयोगधर्मी नेपाली उपनयास परम्पराको एक उत्कृष्ट नमुनाका रूपमा मूल्याङ्कन गरेका छन् (ऐजन, पृ. १७०)

यस सङ्ग्रहको अर्को समालोचना 'स्वतन्त्र अस्तित्त्वको दाबी तीन घुम्ती उपन्यास' मा 'तीनघुम्ती' लाई मानवीय स्वतन्त्र अस्तित्त्वको खोजी गरिएको अस्तित्त्ववादबाट प्रेरित उपन्यासका रूपमा चित्रण गरिएको छ (ऐजन, पृ. १७१) । प्रधानले यसमा इन्द्रमायाले लिएका साहसिक तीन निर्णयलाई नारी अस्तित्त्वको वरणका रूपमा लिँदै उसका अस्तित्त्ववादी क्रियाकलापलाई विश्लेषण गरिएका छन् । आवश्यक उपन्यासका अंशको प्रयोग गरिएको यो उपन्यास वस्तुवादी र व्याख्यात्मक प्रकृतिको छ ।

यसै सङ्ग्रहभित्र सङ्गृहीत 'थाया, चित्रलेखा र सुम्निमा उपन्यासलाई एकै ठाउँमा राखेर हेर्दा' लेखमा पूर्वोक्त तीन उपन्यासलाई तुलनात्मक ढङ्गले सामान्य रूपमा हेर्ने काम भएको छ । 'साँझ घर फर्केको मान्छे : इतिवृत्तात्मक उपन्यासको रूपमा' मा चाहिँ

केशवराज पिँडालीको 'साँझ घर फर्केको मान्छे' उपन्यासलाई विश्लेषण गर्दै इतिवृत्तात्मक उपन्यासका रूपमा मूल्याङ्कन गरिएको छ । डा.सूर्यप्रसादको वंशगत इतिवृत्तमा आधारित यो उपन्यास संयोगहरूको तारतम्यमा निर्मित छ र पाश्चात्य सभ्यताको दुष्प्रभावले निम्त्याएका खराब परिणामप्रति सचेत गराउँदै समयानुकूल युगबोधमा उपन्यासको सफलता निहित छ भन्ने प्रधानको मूल्याङ्कन रहेको छ (ऐजन, पृ. २०५) ।

'उपन्यासकार विनोदप्रंसाद धितालका उपन्यासका कथानक र पात्रविधान' यस सङ्ग्रहको एक अर्को समालोचना हो । समालोचकले यहाँ विनोदप्रसाद धितालका साहित्यिक कृतित्त्व र व्यत्तित्वको संक्षिप्त रूपरेखा प्रस्तुत गर्दै नेपाली उपन्यासको फाँटमा धितालको आगमनबारे प्रकाश पारिसकेपछि उनका 'योजनगन्धा' र 'उज्यालो हुनु अघि' दुईवटा उपन्यासको कथानक एवम् पात्रविधानको विश्लेषण गरेका छन् ।

'मिथक निरूपणका सन्दर्भमा माधवी' मा 'माधवी' उपन्यासमा पौराणिक पुराकथालाई के कसरी पुनर्लेखन गरी औपन्यासिक रूप प्रदान गरिएको छ भन्ने कुराको सामान्य विश्लेषण गरिएको छ । यस सङ्ग्रहको अन्तिम समालोचना 'यथार्थवादी परिपेक्ष्यमा प्रत्येक ठाउँ प्रत्येक मान्छे' मा पिटर जे. कार्थकको 'प्रत्येक ठाउँ प्रत्येक मान्छे' लाई यथार्थवादी दृष्टिकोणबाट हेर्दै त्यसका विभिन्न पक्षको विश्लेषण गर्नुका साथै पिटर जे. कार्थकको साहित्य यात्राका एक महत्त्वपूर्ण प्राप्तिका रूपमा यसको मूल्याङ्कन गरिएको छ ( ऐजन : पृ. २४०) ।

प्रधान आफैले उचित ठहऱ्याएका विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका उपन्यास विधासँग सम्बन्धित बाह्रओटा फुटकर समालोचनाहरूको सङ्ग्रह 'सन्दर्भ : उपन्यासको' नामक समालोचना ग्रन्थ हो । यसमा केही सैद्धान्तिक र ऐतिहासिक प्रकृतिका समालोचना भए पनि यो मूलतः उपन्यास विधाका विभिन्न कृतिहरूको समीक्षा गरिएका कृतिकेन्द्रित समालोचनाहरूको सङ्ग्रहका रूपमा रहेको छ । प्रधानले भनेजस्तै यो कृति उनका कथा विधासँग सम्बन्धित समालोचनाहरूको सङ्गालो 'कथावलोकन' कै थप विकसित क्रम हो (ऐजन : पृ. लेखकीय कथन) । यहाँ प्रधानको उपन्यास विधाको गहन सैद्धान्तिक ज्ञान, व्याख्याविश्लेषणात्मक एवं मूल्यनिर्णयात्मक समालोचकीयता, व्यवस्थित र वस्तुपरक प्रस्तुति, निगमनात्मक समीक्षण शैली, सामान्य, विश्लेषण, सरलसहज भाषाशैली, लामा शीर्षकको चयन विधा सिद्धान्तमा आधारित दृष्टिकोणको प्रयोग जस्ता समालोचनात्मक प्रवृत्तिहरू प्रकट भएका छन् । उपन्यास विधामा मात्र केन्द्रित सिङ्गो समालोचना ग्रन्थका रूपमा रहनु यसको एक विशिष्टता हो भने एउटा वैचारिक ध्रुवको प्रतिनिधित्व गर्ने प्रगतिवादी धाराका उपन्यासतर्फ दृष्टि नपुऱ्याई गैरप्रगतिवादी धाराका यथार्थवादी रचना मात्र बढी केन्द्रित हुनु यसको सीमा हो ।

## परिच्छेद पाँच

# pk ;xf/

प्रतापचन्द्र प्रधान वि.सं. २०१० जेठ ४ गते दार्जीलिङ सौरेनीमा पिता स्व. कर्ण व. प्रधान तथा माता जङ्गीमाया प्रधानका सात सन्तानमध्ये माइलो छोरा वा पाँचौ सन्तानका रुपमा जन्म भएको हो । अर्ध शिक्षित पिता र पूर्ण अशिक्षित आमा भए तापनि बाल्यकाल अत्यन्त स्नेहमय वातावरणमा निरक्षर आमाको हौसला र प्रेरणाबाट नै शिक्षा आर्जनतर्फ अगाडि बढेको हो भन्ने कुरा शोधनायकको अभिव्यक्तिले बुझाउँछ । दार्जीलिङका विद्यालयमा विद्यालयीय शिक्षा र त्रि.वि.वि. कीर्तिपुरबाट स्नातकोत्तर र पिएच.डी. (नेपाली) उपाधि प्राप्त गरेका हुन् । प्रधान २०३९ मंसिरमा वैवाहिक जीवनमा प्रवेश गरी सकेपछि दुवै दम्पती प्राध्यापन पेशामा आवद्ध भएको देखिन्छ । सङ्घर्षपूर्ण जीवनलाई अगाडि बढाउँदै आर्थिक, सामाजिक, लेखन यात्रा तथा शिक्षण पेशा सबैलाई एक साथ अघि बढाउन सफल भएका छन् जुन दुवै दम्पतीको समान विचारबाट सम्भव भएको हो भन्न सकिन्छ । अंग्रेजी वातावरणमा हुर्किएका प्रधान दार्जीलिङका सहपाठी निर शाह, मनिकुमार प्रधान हरि श्रेष्ठ आदि र गुरुहरु डा. वासुदेव त्रिपाठी, डा. हिमांशु थापा, डा. दयाराम श्रेष्ठ, डा. वल्लभमणि दाहाललाई बराबर सम्झिरहेको पाइयो जसबाट गुरु र मित्रप्रति अगाध आस्था रहेछ भन्ने बुझ्न सकिन्छ ।

प्रधान बहुआयामिक व्यक्तित्व हुन् । उनी “व्यक्ति एक प्रतिभा अनेक” भनेझैं धेरै क्षेत्र (गीतकार, लेखक, अनुसन्धाता, सिनेकथाकार पटकथासंवाद लेखक समालोचक, निबन्धकार, जीवनीलेखक, प्राध्यापक व्यक्तित्व आदि) को समष्टि रुप हुन् भन्ने कुरा उनका कार्यहरुले उजागर गरेको देखिन्छ । तत्कालीन दार्जीलिङका साहित्यिक व्यक्तित्व ईश्वर वल्लभ, इन्द्र बहादुर राई, रामलाल अधिकारी, कुमार प्रधान, नन्द हाङखिम आदिबाट साहित्यिक क्षेत्रमा लाग्ने हौसला र प्रेरणा पाएका थिए भन्ने कुरा उनका अभिव्यक्तिले प्रस्ट पारेको छ । वि.सं. २०२९ सालमा “मृत आत्माको अधुरो सपना” बाट साहित्य लेखनमा अगाडि बढेका प्रधान “कथाकार मैनालीको नासो समाजको चित्रावली” (२०३०) बाट सार्वजनिक रुपमा प्रकट भएका देखिन्छन् ।

प्रतापचन्द्र प्रधान नेपाली समालोचना जगतका एक सुदीर्घ साधक र अग्रणी समालोचक हुन् । साहित्यिक क्षेत्रमा पहिल्यैदेखि सक्रिय रहे पनि समालोचनामा वि.सं. २०३० देखि हालसम्म निरन्तर क्रियाशील लेखनीले उनको उक्त दीर्घ साधनालाई देखाउँछ । यस दीर्घसाधनाका क्रममा उनले नेपाली समालोचनालाई ‘माध्यमिककालीन नेपाली कतिमा शृङ्गार’, ‘नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि’, ‘नेपाली कथावलोकन’, ‘आयामिक कथाकार इन्द्रबहादर राई’, ‘उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला’, ‘प्रतिनिधि आधुनिक नेपाली लामा कविता’ र ‘सन्दर्भ : उपन्यासको’ गरी सातओटा ग्रन्थाकारका समालोचना र

तिनमा सङ्गृहीत एवम् अन्यत्र छरिएका गरी सात दर्जन जति फुटकर समालोचनाहरू प्रदान गरेका छन् । यी समालोचनाहरूले परिमाणात्मक योगदान त दिएकै छन्, तयसका साथै गुणात्मक मूल्य पनि प्रदान गरेका छन् । त्यही परिमाणात्मक र गुणात्मक योगदानले निश्चय नै नेपाली समालोचनालाई थप समृद्धि र उचाइ प्राप्त गर्न सहयोग पुऱ्याएको छ ।

प्रतापचन्द्र प्रधानले साहित्यका मूल्य विधा र जीवनी, इतिहास जस्ता गैरसाहित्यिक विधामा कलम चलाए पनि आफ्नो साधनाको मुख्य क्षेत्र समालोचनालाई नै बनाएको देखिन्छ । त्यसै कारण गीत, कथा जस्ता विधाबाट आरम्भ भएको उनको लेखन क्रमशः समालोचनातिर केन्द्रित भएर मूलतः त्यसैमा एकोहोरिएको छ । त्यसैले समालोचक व्यक्तित्व नै उनको जीवनको सबैभन्दा महत्त्वपूर्ण पाटो बनेको छ । समालोचनामा पनि विविध प्रकारका सैद्धान्तिक व्यवहारिक समालोचना उनले लेखे पनि अन्वेषणात्मक र कृतिपरक समालोचना नै उनको समालोचकीय लेखनको मुख्य धार बनेको छ । विषयलाई गम्भीर ढङ्गले उठान गरी विश्लेषणात्मक ढङ्गले प्रस्तुत गर्नु र प्रायः निर्णयात्मक निष्कर्ष प्रस्तुत गर्नु उनको मुख्य वैशिष्ट्य हो ।

प्रधानले सैद्धान्तिक, व्यवहारिक, कृतिपरक, इतिहासपरक, विधाकेन्द्रित, व्यक्तिप्रतिभा केन्द्रित र प्रवृत्तिकेन्द्रित प्रकारका समालोचनाहरू लेखेका छन् । यस क्रममा सैद्धान्तिक तर्फ कविता, कथा, उपन्यासजस्ता विधाका सैद्धान्तिक पक्ष र उत्तरआधुनिक आयामिक चिन्तन जस्ता नवीनतम् धाराहरूको सैद्धान्तिक प्रतिपादनतर्फ उनको द्रष्टाचेत आकर्षित भएको छ । सैद्धान्तिक समालोचनामा उनको द्रष्टाचेत पूर्वीय-पाश्चात्य दुवै समालोचना सिद्धान्तबाट आलोकित एवम् परिपोषित देखिन्छ भने त्यहाँ प्रधानको मौलिक दृष्टिकोणहरू पनि सापेक्ष रूपमा प्रकट भएका छन् । प्रधानको सैद्धान्तिक प्रस्तुति गम्भीर र मानक किसिमको छ भने आफ्नो धारणाहरू पनि सन्तुलित नै छन् । यस्ता पाश्चात्य समालोचना साहित्य सिद्धान्तको गहन ज्ञान, उनको मर्मबोधी चेतना र सहज प्रस्तुतिको क्षमता पनि प्रकट भएको छ । यस्तो ज्ञान आयामिक चिन्तनको विश्लेषणका क्रममा निकै गम्भीर ढङ्गले प्रकट भएको देखिन्छ ।

व्यवहारिक समालोचनामा इतिहासपरक भेदतर्फ उनको अन्वेषणात्मक क्षमता, सन्तुलित इतिहास दृष्टि र मार्मिक विश्लेषणको क्षमता प्रकट भएको छ भने विधा केन्द्रित समालोचनामा विधागत र विधा सिद्धान्तको ज्ञान गहन रूपमा प्रस्तुत भएको छ ।

कृतिपरक समालोचनामा कृतिको गम्भीर ढङ्गले विधा सिद्धान्तका आधारमा विश्लेषण गरी निर्णयात्मक निष्कर्ष प्रस्तुत गर्ने र गुणग्राही खालको निर्णय दिने प्रवृत्ति देखापर्छ । प्रधानले कृतिको विश्लेषण विधा सिद्धान्तका आधारमा गरेका छन् । कृतिको मूल्यलाई स्थापित गर्ने ढङ्गले नै आफ्नो मूल्याङ्कन प्रस्तुत गरेका छन् । उनका कृतिपरक समालोचनामा पूर्वीय पाश्चात्य समालोचना सिद्धान्तको समन्वित प्रयोग पाइन्छ भने प्रस्तुतिमा स्पष्टता र निर्भीकता जस्ता गुण पाइन्छन् । उनले कृतिका दोष पक्षलाई

खुइल्याउने भन्दा गुण पक्षलाई प्रतिष्ठापन गर्ने तिरै आफ्नो द्रष्टाचेतलाई प्रयोग गरेका छन् । दोष पक्षलाई केलाउँदै सुधारात्मक सुझाव दिने स्वस्थ किसिमको आलोचना पनि उनको समालोचनामा पाइन्छ । उनका कतिपय समालोचनामा आंशिक प्रभावपरकता झल्किए पनि त्यसले उनलाई प्रभाववादी समालोचकका रूपमा मूल्याङ्कन गर्न सकिँदैन । निर्भिक निर्णयात्मकता नै मुख्य पक्षका रूपमा प्रकट भएको छ ।

भाषाशैलीगत दृष्टिले हेर्दा सहज सम्प्रेष्य किसिमको नेपाली भाषा र व्यवस्थित किसिमको प्रस्तुति नै समग्रमा उनका समालोचनाको भाषाशैलीगत वैशिष्ठ्य बनेको देखिन्छ । विषयलाई विभिन्न शीर्षक उपशीर्षक अन्तर्गत विन्यास गरी विषयप्रवेश वा पृष्ठभूमि अध्ययन विश्लेषण र निष्कर्ष वा मूल्याङ्कनको क्रमिक ढाँचाको प्रस्तुतिमा उनका प्रायः समालोचना आबद्ध भएका छन् । समग्रमा सो प्रस्तुति सन्तुलित र स्पष्ट नै छ ।

विभिन्न समालोचनामा प्रकट भएको प्रकारगत विविधता, परिमाणगत व्यापकता, गुणात्मक मूल्यवता र प्रधानको ३७ वर्षको सुदीर्घ साधनबाट उनी नेपाली समालोचना परम्पराका एक वरिष्ठ समालोचकका रूपमा स्थापित भएका छन् । उनका समालोचनाहरू उनको समालोचकीय जीवनका मात्र नभएर नेपाली समालोचना परम्पराकै महत्तम प्राप्तिका रूपमा रहेका छन् । प्रधानले आफ्ना समालोचनाहरूमा मानक किसिमको समालोचकीयता प्रकट गर्न सक्षम भएका छन् । उनको समालोचकीयताको महत्तालाई उनको सुदीर्घ साधना, त्यस क्रमा उनले प्राप्त गरेका रत्नश्री सुवर्ण पदक, महेन्द्र वृत्ति, विद्वत् वृत्ति लगायतका पुरस्कार र उनका समालोचनाहरूले पनि दिग्दर्शित गर्छन् । समग्रमा भन्दा वि.सं. भन्दा वि.सं. २०३० देखि हालसम्म निरन्तर क्रियाशील ३७ वर्षको प्रधानको समालोचकीय जीवन प्राप्तिपूर्ण छ । यस जीवनअन्तर्गत उनले प्रदान गरेका समालोचनाहरूद्वारा उनी नेपाली समालोचनाका एक अग्रणी समालोचकका रूपमा स्थापित भएका छन् । प्रकाशित पुस्तकका बाहिरी गाता र 'व्यक्तिवृत्त' का 'प्रकाशोन्मुख कृतिहरू' मा दिइएका सूचका आधारमा हेर्दा उनका समालोचना यात्रा अझै क्रियाशील रहेको र नेपाली समालोचनाले उनीबाट थप महत्त्वपूर्ण योगदान प्राप्त गर्ने सम्भावना बाँकी नै छ भन्ने बुझिन्छ । अतः उनको समालोचना यात्राको हालसम्मको अवधि जति समृद्ध छ त्यसको भविष्य पनि उत्तिकै समृद्ध हुनेछ भन्न सकिन्छ ।

**भावी अध्ययनका लागि सुझाव**

यस शोधकार्यसँग सम्बन्धित थप विशिष्टीकृत अध्ययनका लागि निम्न शीर्षकहरू उपयुक्त हुन सक्दछन्-

१) प्रतापचन्द्र प्रधानका सैद्धान्तिक समालोचनाहरूको अध्ययन ।

२) प्रतापचन्द्र प्रधानका व्यावहारिक समालोचनाहरूको अध्ययन ।

३) प्रतापचन्द्र प्रधानको नेपाली समालोचनामा योगदान र स्थान निर्धारण ।

# ;Gbe|;fdu|L;'rL


कँडेल, घनश्याम (२०५५) (सम्पा.), **नेपाली समालोचना**, ललितपुर : साझा प्रकाशन ।

खनाल, यदुनाथ (२०३३), **समालोचनाको सिद्धान्त**, दो.सं., ललितपुर : साझा प्रकाशन ।

गिरी, लिलु (२०६६), **समालोचक चैतन्य र उनका समालोचनाहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर, नेपाली विभाग ।

चौहान, सुरेन्द्र (२०५८), **प्रतापचन्द्र प्रधानको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौं ।

नेपाल, शैलेन्दुप्रकाश र अन्य (२०५५), **वाङ्मय समालोचना**, काठमाडौं : नेपाली वाङ्मय प्रतिष्ठान ।

प्रधान कृष्णचन्द्रसिंह (सम्पा.), (२०५२), **साझा समालोचना**, चौ.सं., ललितपुर : साझा प्रकाशन ।

प्रधान, देवमणि, **हिमालचुली दैनिक पत्रिका** (सिलिगुडी : हिमालचुली प्रकाशन, २०३९, कार्तिक ३ गते) ।

प्रधान, प्रतापचन्द्र (२०३७), **माध्यमिककालीन नेपाली कवितामा शृङ्गार**, बनारस : नाव्य पब्लिसिङ् हाउस ।

_______ (२०४०), **नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि**, दार्जिलिङ : दीपा प्रकाशन ।

_______ (२०४०), **नेपाली कथावलोकन**, दार्जिलिङ, दीपा प्रकाशन ।

_______ (२०४१), **पुरानो गोर्खा थुप दोर्लिङ**, दार्जिलिङ : दीपका प्रकाशन ।

_______ (२०४१), **मास्टर रत्नदास प्रकाश : एक व्यक्ति अनेक अभिव्यक्ति**, काठमाडौं : कुमारधर शर्मा ।

_______ (२०५७), **आयामिक कथाकार इन्द्रबहादुर राई**, दार्जिलिङ : दीपा प्रकाशन ।

_______ (२०५८), **उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला**, काठमाडौं : आदि प्रकाशन ।

_______ (२०५९), **प्रतिनिधि आधुनिक नेपाली लामा कविता**, काठमाडौं : ने.रा.प्र.प्र. ।

_______ (२०६२), **सन्दर्भ : उपन्यासको**, काठमाडौं : आदि प्रकाशन ।

प्रधान, राजनारायण (२०३९), **दार्जीलिङका कथा र कथाकार**, दार्जीलिङ ।

बन्धु, चूडामणि (२०४२), **कविता**, काठमाडौं : नेराप्रप्र ।

भट्टराइ, जयदेव (२०५४), **साहित्यकार परिचय र अभिव्यक्ति**, काठमाडौं ।

वराल, कृष्णहरि र नेत्र एटम (२०५५), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौं ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, ललितपुर : साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०५१), **नेपाली साहित्यको इतिहास**, ते.सं., काठमाडौं : नवीन प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल (२०५५), **शोधविधि**, दो.सं., ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०४९), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, चौ.सं., काठमाडौं : साझा प्रकाशन ।

**परिशिष्ट २**

**पुस्तकाकार कृतिहरू**

**तालिका नं. १**

| क.सं. | कृतिको नाम | प्रकार/विधा | प्रकाशन स्थान | प्रकाशक | मिति |
|---|---|---|---|---|---|
| १. | माध्यमिक नेपाली कवितामा शृङ्गार | अन्वेषण | बनारस | नाथ पब्लिसिङ हाउस | वि.सं. २०३७ |
| २. | नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि | सिद्धान्त र परम्परा | दार्जिलिङ | दीग प्रकाशन | वि.सं. २०४० |
| ३. | नेपाली कथावलोकन | समालोचना सङ्ग्रह | दार्जिलिङ | दीग प्रकाशन | वि.सं. २०४१ |
| ४. | पुरानो गोर्खा थुम दोर्लिङ | इतिहास | दार्जिलिङ | दीग प्रकाशन | वि.सं. २०४१ |
| ५. | मास्टर रत्नदाश प्रकाश : एक व्यक्ति अनेक अभिव्यक्ति | जीवनी | काठमाडौं | कुमारधर शर्मा | वि.सं. २०४१ |
| ६. | आयामिक कथाकार इन्द्रबहादुर राई | समालोचना | दार्जिलिङ | दीपा प्रकाशन | वि.सं. २०५७ |
| ७. | उपन्यासकार विश्वेश्वर प्रसाद कोइराला | समालोचना | काठमाडौं | आदि प्रकाशन | वि.सं. २०५८ |
| ८. | प्रतिनिधि आधुनिक नेपाली लामा कविता | समालोचना | काठमाडौं | ने.रा.प्र.प्र. | वि.सं. २०५९ |
| ९. | सन्दर्भ : उपन्यासको | समालोचना | काठमाडौं | आदि प्रकान | वि.सं. २०६२ |

**प्रतापचन्द्रसिंह प्रधानका फुटकर समालोचनाहरू**

**तालिका नं. २**

| क्रसं | समालोचना शीर्षक | समालोचना सङ्ग्रह पुस्तक | प्रकाशन स्थान | प्रकाशक | प्रकाशन मिति |
|---|---|---|---|---|---|
| १. | तत्त्वगत विवेचनामा उपन्यास | बृहत् समालोचना | गान्तोक, सिक्किम | गान्तोक प्रकाशन | वि.सं.२०४६ |
| २. | आयामिक चिन्तनको सन्दर्भमा घनत्वाद | विवेचना | दार्जिलिङ | नेपाली विभाग, सरकारी कलेज | वि.सं. २०४६ |
| ३. | जागरणकालीन, दार्जिलिङ र पण्डित धरणीधर कोइराला | धरणीधर स्मृतिग्रन्थ | काठमाडौं | ने.रा.प्र.प्र. | वि.सं. २०४९ |
| ४. | थापा, चित्रलेखा र सुम्निमालाई एकै ठाउँमा राखेर हेर्दा | विश्वेश्वरप्रसाद कोइरा : समालोचना र विवेचना | काठमाडौं | जीवनचन्द्र कोइराला | वि.सं. २०५३ |
| ५. | मुलुकबाहिर उपन्यासको कथानक | वाङ्मय समालोचना | काठमाडौं | नेपाली वाङ्मय प्रतिष्ठान | वि.सं. २०५५ |

राष्ट्रिय-अन्तर्राष्ट्रिय विभिन्न साहित्यिक पत्र-पत्रिकामा प्रकाशित विषयगत अनुसन्धनात्मक तथा साधारण लेखहरूको कालक्रमिकसूची

**तालिका नं. ३**

| क्र.सं. | लेखको शीर्षक | प्रकार | पत्रिकाको नाम वर्षर अङ्क | प्रकाशन वर्ष | प्रकाशनको नाम | एक्लै वा संयुक्त लेखन |
|---|---|---|---|---|---|---|
| १. | कथाकर मैनालीका नासो : समाजको चित्रावली | समालोचना | दियालो ( द्वैमासिक), वर्ष १३, हाँगो ७२।७३ | सन्१९७२ ( वि.सं. २०३०) | नेपाली साहित्य सम्मेलन, दार्जिलिङ,भारत | एक्लै |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | शृङ्गारपरम्पराको सापेक्षतामा सूक्तिसिन्धु | ” | रूपरेखा, शुभराज्य विशेषाङ्क, वर्ष १५, पूर्णाङ्क, ११६ | वि.सं. २०३१ | रूपायन प्रकाशन, काठमाडौं | ” |
| ३. | आयामिक साहित्यप्रति एक दृष्टि | ” | श्रीनगर ( सामयिक) वर्ष २, सङ्कलन ९ | वैशाख २०३१ | श्रीनगर प्रकाशन, पाल्पा, तानसेन | ” |
| ४. | कवि माधव घिमिरेका कविताको विकासक्रम | ” | हिमालोक ( नेपालीडाइजष्ट), | सन् १९७४ (वि.सं. २०३१) | हिमालोक प्रकाशन, दार्जिलिङ | ” |
| ५. | घामफूल उपन्यास : एक चिनारी | ” | हिमाली सन्देश | भाद्र ७ गते वि.सं. २०३२ | मदनदेव भट्टराई, काठमाडौं | ” |
| ६. | त्यो फेरि फर्कला ? नाटक : एक विवेचना | ” | गोरखापत्र (दैनिक शनिवारीय परिशिष्ट) | पुस ५ गते २०३२ साल | गोरखापत्र संस्थान प्रकाशन, काठमाडौं | ” |
| ७. | डाँक बङ्गला उपन्यास :एक अध्ययन | ” | ” | चैत्र २१ गते २०३२ साल | ” | ” |
| ८. | साहित्यमा उपन्यास | ” | रत्नश्री (द्वैमासिक) वर्ष १४, अङ्क ६ | वि.सं. २०३२ | मदनदेव भट्टराई, काठमाडौं | ” |
| ९. | फ्रायडवादी साहित्यकारका रूपमा रिमाल | | नौलो नेपाली, रिमाल एक व्यक्ति अनेक अभिव्यक्ति (रिमाल विशेषाङ्क), वर्ष ८, अङ्क २ | वि.सं. २०३२ | नौलो नेपाली प्रकाशन, काठमाडौं | ” |
| १०. | अनुवाद कला | ” | पश्चिमी बंगाल ( साप्ताहिक) | सन् १९७५ (वि.सं. २०३२) | पश्चिम बंगाल सरकार, दार्जिलिङ, भारत | ” |
| ११. | उपन्यासकार अच्छा राई रसिक र उनको लगत उपन्यास | | रूपरेखा (मासिक) वर्ष १७ पूर्णाङ्क १७६ | वि.सं. २०३३ | रूपायन प्रकाशन, काठमाडौं | ” |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२. | नेपालबाहिरका पहिलो नेपाली उपन्यासकार | अनुसन्धानात्मक समालोचना | गोरखापत्र (दैनिक) शनिवारीय परिशिष्ट | फाल्गुण १ गते २०३३ साल | गोरखापत्र संस्थान प्रकाशन, काठमाडौं | " |
| १३. | प्राथमिककालको नेपाल गद्य आख्यानपरम्परा | " | " | चैत्र ६ गते २०३३ साल | " | " |
| १४. | कवि चक्रपाणि चालिसे : व्यक्तित्व र कृतित्त्व | समालोचना | झन्कार (मासिक) | वि.सं. २०३३ साल | " | " |
| १५. | नेपाली साहित्यका केही कमजोरी पक्षहरू | " | रत्नश्री (द्वैमासिक) वर्ष १५, अङ्क ४ | वि.सं. २०३३ | मदनदेव भट्टराई, काठमाडौं | " |
| १६. | माध्यमिककाल र मध्यकालीन नेपाली गद्य आख्यानपरम्परा | अनुसन्धानात्मक समलोचना | गोरखापत्र ( दैनिक)शनिवारीय परिशिष्ट | वैशाख ११ गते, २०३४ साल | गोरखापत्र संस्थान प्रकाशन | " |
| १७. | एब्स्ट्रक्ट चिन्तनप्याज लामिछानेको कालरात्रीको उज्ज्वल तरिका | समलोचना | रूपरेखा (मासिक) लामिछाने विशेषाङ्क, वर्ष १७, पूर्णाङ्क, १८९ | वि.सं. २०३४ | रूपायन प्रकाशन, काठमाडौं | " |
| १८. | कथाकर अनिता तुलाधरको कथाकारिता : एक विवेचना | " | अभिव्यक्ति ( त्रैमासिक), वर्ष ७, अङ्क १ | वि.सं.२०३४ | आवर्त साहित्यिक प्रकाशन | " |
| १९. | फुलु : बान्किलाकथा सङ्ग्रह | " | अभिव्यक्ति वसन्त अङ्क, वर्ष ८, अङ्क १ | वि.सं.२०३४ | " | " |
| २०. | मान्छे किन मनरोगी हुन्छ ? | " | उनी, वर्ष १, अङ्क २ | वि.सं. २०३४ | गणेश श्रेष्ठ, दमक, झापा | " |
| २१. | नेपाली उपन्यासको क्रमिक विकास भाग-१ | | दियालो (मासिक) वर्ष १६, हाँगो ८१ | सन् १९७७ (वि.सं. २०३४) | नेपाली साहित्य सम्मेलन प्रकाशन, दार्जिलिङ, भारत | " |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२. | नेपाली उपन्यासको क्रमिक विकास भाग-२ | | दियालो (मासिक) वर्ष १६, हाँगो ८२ | " | " | " |
| २३. | दार्जिलिङको योगदान : नेपाली साहित्य | | बान्की (मासिक) अङ्क २८ | वि.सं. २०३४ | राम थापा, काठमाडौं | " |
| २४. | औपन्यासिक परिप्रेक्ष्यमा लघु उपन्यास | | श्रीनगर (त्रैमासिक) वर्ष ७, पूर्णाङ्क २१ | वि.सं. २०३५ | श्रीनगर प्रकाशन, तानसेन, पाल्पा | " |
| २५. | लघु उपन्यासको प्रसङ्गमा उपन्यासकार बमजनको शोकेशभित्रको जिन्दगी | | गोरखापत्र (दैनिक) शनिवारीय परिशिष्ट) | वि.सं. २०३५ | गोरखापत्र संस्थान प्रकाशन, काठमाडौं | " |
| २६. | लघु उपन्यासको सन्दर्भमा वाङ्देलको माइतघर उपन्यास | | शिलान्यास (मासिक) वर्ष ६, अङ्क ४, ५ | वि.स. २०३५ | उपेन्द्र श्रेष्ठ, काठमाडौं | " |
| २७. | कथाकर माया ठकुरी र उनको गमलाको फूल | | अभिव्यक्ति (द्विमासिक) वर्ष ८, अङ्क ५ | वि.सं. २०३५ | आवर्त साहित्यिक प्रकाशन, काठमाडौं | " |
| २८. | यथार्थवादी परिप्रेक्ष्यमा प्रत्येक ठाउँ प्रत्येक मान्छे | | अभिव्यक्ति (द्विमासिक) वर्ष ९, अङ्क ५ | वि.सं. २०३५ | " | " |
| २९. | पर्यावलोकन थाकेको आकाश | | अभिव्यक्ति (द्विमासिक) वर्ष ९, अङ्क ५ | वि.सं. २०३५ | " | " |
| ३०. | दोषी चश्माभित्र औंल्याएका यौन कथाहरू | | नवज्योति (त्रैमासिक) वर्ष ७ अङ्क १३ | सन् १९७८ (वि.सं. २०३५) | प्रदीपचन्द्र प्रधान, गान्तोक, सिक्किम | " |
| ३१. | कथाकार शिवकुमार राई र उनको खहरे | | श्रीनगर (त्रैमासिक) वर्ष ६, पूर्णाङ्क २२ | वि.सं. २०३५ | श्रीनगर प्रकाशन, तानसेन, पाल्पा | " |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२. | रूपरेखा र नेपालबाहिरका नेपाली | | रूपरेखा (मासिक) वर्ष १८, पूर्णाङ्क २०१ | वि.सं. २०३५ | रूपायन प्रकाशन, काठमाडौं | " |
| ३३. | दार्जिलिङ र दार्जिलिङ्गीय नेपालीसमाजका केही झझल्काहरू | | प्रज्ञा (त्रैमासिक) वर्ष ७, अङ्क ३३ | वि.सं. २०३५ | ने.रा.प्र.प्र., काठमाडौं | " |
| ३४. | मध्यकालीन नेपाली काव्यधकारा : पृष्ठभूमि, स्वरूप र प्रवृत्ति | | गान्तोक (साप्ताहिक) वर्ष १, अङ्क २३ | सन् १९७९ (वि.सं. २०३६) | गान्तोक प्रकाशन, सिक्किम | " |
| ३५. | साहित्यमा मनोविज्ञान र कामवासना | | जुरेली (त्रैमासिक) वर्ष १, अङ्क १ | वि.सं. २०३६ | अनिता तुलाधर, काठमाडौं | " |
| ३६. | निबन्धकार भैरव अर्याल : हास्यव्यङ्ग्यकारका रूपमा | | पश्चिम बंगाल (साप्ताहिक) | सन् १९७९ ( वि.सं. २०३६) | पश्चिम बंगाल सरकार, दार्जिलिङ, भारत | " |
| ३७. | लघुतम साहित्य लेखनबारे | | आँखीझ्याल (मासिक) वर्ष २, दृश्य ३ | वि.सं. २०३६ | आँखीझ्याल प्रकाशन, काठमाडौं | " |
| ३८. | आधुनिक उपन्यासको पृष्ठभूमि | | ज्योतिश्री, वर्ष १, अङ्क ३ | वि.सं. २०३६ | काठमाडौं | " |
| ३९. | शृङ्गार कविका रूपमा कवि मोतीराम भट्ट | | मधुपर्क (मासिक) वर्ष २, दृश्य १३, अङ्क ४ | वि.सं. २०३७ | गोरखापत्र संस्थान प्रकाशन, काठमाडौं | " |
| ४०. | दार्जिलिङे कथा साहित्यको प्रारम्भिक डोरेटोम हिरण्यमयी चरित्र | | जुरेली (त्रैमासिक वर्ष १, अङ्क ४) | वि.सं. २०३७ | अनिता तुलाधर,काठमाडौं | " |
| ४१. | पारिभाषिक तात्पर्यका दृष्टिले उपन्यास | | रत्नश्री (द्विमासिक) वर्ष १७, अङ्क १ | वि.सं. २०३७ | मदनदेव भट्टराई, काठमाडौं | " |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४२. | आधुनिक नेपाली उपन्यासको प्रतिष्ठापन र यसको पूर्वार्द्ध चरण | | प्रज्ञा (त्रैमासिक) वर्ष ९, पूर्णाङ्क ३१ | वि.सं. २०३७ | ने.रा.प्र.प्र.(, काठमाडौं | " |
| ४३. | प्राथमिककालको नेपाली कवितामा शृङ्गार | | रूपरेखा (मासिक) वर्ष २१, पूर्णाङ्क २३५ | वि.सं. २०३७ | रूपायन प्रकाशन, काठमाडौं | " |
| ४४. | दार्जिलिङे-सुखिमे नेपाली भाषाको सन्दर्भमा भानुभक्त | | गानेक (साप्ताहिक) भानुभक्त स्मरिका अङ्क | (सन् १९८०) वि.सं. २०३७ | गान्तोक प्रकाशन, गान्तोक, सिक्किम | " |
| ४५. | नेपाली उपन्यासका प्रारूप र विकास प्रक्रियामा विभिन्न मोडहरू | | कस्तुरी (अनुसन्धानात्मक पत्रिका) वर्ष १०, अङ्क ३ | वि.सं. २०३७ | पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं | " |
| ४६. | स्व. अच्छा रसिक राई रसिक, साहित्यिक व्यक्तित्व र कृतित्त्व | | मन्थन (मासिक) वर्ष १, अङ्क ३ | वि.सं. २०३७ | प्रेमकृष्ण थापा मगर, काठमाडौं | " |
| ४७. | प्रकृतवादी उपन्यासकार गोठाले र उनको पल्लोघरको झ्याल | | रत्नश्री (द्विमासिक) वर्ष १८, अङ्क २ | वि.सं. २०३७ | मदनदेव भट्टराई, काठमाडौं | " |
| ४८. | नेपाली कथाको गोरेटोमा तेस्रो आयाम र कथास्था | | जुरेली (त्रैमासिक) वर्ष ३, अङ्क ८ | वि.सं. २०३८ | अनिता तुलाधर, काठमाडौं | " |
| ४९. | दार्जीलिङ जिल्लामा भाषिक संघर्ष र मान्याको रेखाङ्कन | अनुसन्धानात्मक समालोचना | रूपरेखा (मासिक) वर्ष २२, अङ्क ६ | वि.सं. २०३८ | रूपायन, राष्ट्र बैंक, काठमाडौं | " |
| ५०. | कथापरम्परा, थालनी र विकास | " | मिर्मिरे (सामयिक) वर्ष १, अङ्क १ | वि.सं. २०३८ | नेपाल राष्ट्र बैंक, काठमाडौं | " |
| ५१. | आधुनिक नेपाली कथाको थालनीबारे प्रसङ्गवत चर्चा | समालोचना | मन्थन (मासिक) वर्ष२, अङ्क १ | वि.सं. २०३८ | प्रेमकृष्ण थापा मगर, काठमाडौं | " |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५२. | दार्जिलिङको नेपाली उपन्यासको पूर्वपठिका र पारसमणि प्रधानको हिरण्यमयी चरित्र | अनुसन्धानात्मक समालोना | प्रकाशपीण्ड वर्ष १२, पारममणि विशेषाङ्क | वि.सं. २०३८ | अच्युत मल्ल तारा, काठमाडौं | " |
| ५३. | प्रयोजनपरक नेपाली भाषा र यसको उपयोगिता | समालोचना | हिमालचुली (दैनिक) वर्ष १, संख्य ११२ | ५ जुलाई, १९८२ (२१ आषाढ २०३९) | सिलिगुढी, भारत | " |
| ५४. | आधुनिक नेपाली उपन्यासको प्रतिष्ठापन र रूपमती उपन्यास | " | वाङ्मय (अनुसन्धानात्मक अर्धवार्षिक पत्रिका) वर्ष ३, अङ्क ३ | वि.सं. २०३९-४० | नेपाल शिक्षण समिति, कीर्तिपुर | " |
| ५५. | नेपाली साहित्यमा आयामिक लेखन र हलोग्राफिकपद्धति : तुलनात्मक विवेचना | अनुसन्धानात्मक समलोचना | श्रीपेच शुभजन्मोत्सव विशेषाङ्क | वि.सं. २०४० | शुभजन्मोत्सव समिति, काठमाडौं | " |
| ५६. | नेपाली साहित्यमा तेस्रो आयामको सैद्धान्तिक परिचय | " | मिर्मिरे (सामयिक) वर्ष ३, अङ्क १ | " | नेपाल राष्ट्र बैंक, काठमाडौं | " |
| ५७. | पूर्वीय साहित्यमा उपन्यास | " | गरिमा (मासिक) वर्ष १, अङ्क ८ | " | साझा प्रकाशन, ललितपुर | " |
| ५८. | आधुनिक नेपाली उपन्यासको प्रारूप र प्रारम्भिक चेष्टा | " | मधुपक (मासिक) वर्ष १६, अङ्क ३ | " | गोरखापत्र संस्थान, काठमाडौं | " |
| ५९. | आयामिक चिन्तनको सन्दर्भमा घनत्ववाद | " | गरिमा (मासिक) वर्ष ३, अङ्क ३ | वि.सं. २०४१ | साझा प्रकाशन, ललितपुर | " |
| ६०. | नेपालीमा आयामिक कविताको भाषिक विशेषता | " | कविता ( त्रैमासिक)अङ्क १७ | वि.सं. २०४२ | ने.रा.प्र.प्र., काठमाडौं | " |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६१. | औपन्यासिक कथावस्तुको विश्लेषण : सन्दर्भ भ्रमर उपन्यास | ” | प्रज्ञा (त्रैमासिक) वर्ष १४, अङ्क ४, पूर्णाङ्क ५४ | वि.सं. २०४३१ | ” | ” |
| ६२. | उपन्यासको ऐतिहासिक परम्परा | समालोचना | पासा (सामयिक) | ” | पुष्कर माथेमा, काठमाडौं | ” |
| ६३. | नेपाली साङ्गितिक, सांस्कृतिक अध्येता: रामशरण दर्नाल | ” | गरिमा (मासिक) वर्ष ६, अङ्क ३, पूर्णाङ्क ६३ | वि.सं. २०४४,, फाल्गुण | साझा प्रकाशन, ललितपुर | ” |
| ६४. | नेपाली साहित्यमा आयामिक लेखन र यसका विशेषताहरू | ” | हाम्रो ध्वनि, वर्ष १२, अङ्क २ | सन् १९८८ | नवध्वनि सङ्गठन, आसाम, भारत | ” |
| ६५. | देवकोटापूर्वका नेपाली प्रकृति कविता | ” | कविता (त्रैमासिक) संयुक्तअंक २९-३० | वि.सं. २०४६ | ने.रा.प्र.प्र., काठमाडौं | ” |
| ६६. | अपरिमित भाव साधनाका निबन्धकार देवकोटा | ” | उपहार (त्रैमासिक) वर्ष १३, पूर्णाङ्क ३८ | वि.सं. २०४८ | राष्ट्रिय वाणिज्य बैंक, काठमाडौं | ” |
| ६७. | मनोवैज्ञानिक सन्दर्भमा औपन्यासिक पात्रको चरित्र विश्लेषणको आधार | ” | सशोम वर्ष १, अङ्क १ | वि.सं. २०५० | हरिभक्त, नवपानीय, पाटन | ” |
| ६८. | गीतकार हाजिरमान राईका मीठामीठा नेपाली गीत दार्जिलिङको नेपाली कविताको वीजरूप | अनुसन्धानात्मक समालोचना | प्रज्ञा (त्रैमासक) वर्ष २२, पूर्णाङ्क ७७ | वि.सं. २०५० | ने.रा.प्र.प्र., काठमाडौं | ” |
| ६९. | थापा, चित्रलेखा र सुम्निमालाई एकै ठाउँमा राखेर हेर्दा | समालोचना | गोरखापत्र (दैनिक), वर्ष ९३,अङ्क ३२४, शनिवारीय परिशिष्ट | चैत्र २० गते, वि.सं. २०५० | गोरखापत्र संस्थान, काठमाडौं | ” |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७०. | साँझ घर फर्केको मान्छे इतिवृत्तात्मक उपन्यासको रूपमा | ” | उनन्यन (त्रैमासिक), अङ्क १२, पिंडाली विशेषाङ्क | वि.सं. २०५० | उन्नयन प्रकाशन, काठमाडौं | ” |
| ७१. | मिथक निरूपणका सन्दर्भमा माधवी | ” | उनन्यन (त्रैमासिक),अङ्क १६, मदनमणि विशेषाङ्क | वि.सं. २०५१ | ” | ” |
| ७२. | अस्तित्त्वको दावी तीन घुम्ती उपन्यास | ” | गरिमा (मासिक) वर्ष १५, अङ्क ८, पूर्णाङ्क १७६ | वि.सं. २०५३ | साझा प्रकाशन, ललितपुर | ” |
| ७३. | नेपालीमा पौराणिक कहानी, सन्दर्भ शर्मिष्टा | ” | उनन्यन (त्रैमासिक), अङ्क १३, ऋद्धिबहादुर मल्ल विशेषताङ्क | वि.सं. २०५४ | उन्नयन प्रकाशन, काठमाडौं | ” |
| ७४. | नरेन्द्र दाइ उपन्यासको विश्लेषण | ” | मधुपर्क (मासिक), वर्ष अङ्क | वि.सं. २०५५ | गोरखापत्र संस्थान, काठमाडौं | ” |
| ७५. | नेपाली साहित्यमा आयामिक चिन्तन र पूर्णाकार मनोविज्ञान | अनुसन्धानात्मक समालोचना | घुँयत्रो (द्वैमासिक), वर्ष २, अङ्क २ | असार, साउन, २०५७ | घुँयत्रो प्रकान, काठमाडौं | ” |
| ७६. | सहस्राब्दी पूर्वसन्ध्या कविता गोष्ठी र आजका कविता | समालोचना | गुञ्जन (द्वैमासिक) वर्ष ३, अङ्क २ | वैशाख, २०५७ | गुञ्जन प्रकान, काठमाडौं | ” |
| ७७. | नेपाली नारी साहित्यकारहरू : उहिले र अहिले | ” | नारी साहित्यकारहरूको विधागत इतिहास | वि.सं. २०५९ | गुञ्जन प्रकाशन, काठमाडौं | ” |
| ७८. | साहित्यकार हरिभक्त कटुवाल : लघुवृत्त | ” | भानु, कवि हरिभक्त कटुवाल विशेषाङ्क, वर्ष ४४, अङ्क १०० | वैशाख, २०६२ | भानु प्रकाशन, चावहिन, काठमाडौं | ” |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७९. | कथाकार इन्द्रबहादुर राईको कथायात्रा र उनको कथाकारिताको विवेचना | " | भृकुटी, समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक त्रैमासिक,वर्ष १, अङ्क १ | पुस, माघ, फागुन २०६४ | भृकुटी प्रकाशन, काठमाडौं | " |

**प्रतापचन्द्रका विभिन्न कथा र सिनेकथाहरू**

**तालिका नं. ४**

| क.सं. | कथा शीर्षक | पत्रिका | प्रकाशन मिति | प्रकाशक | प्रकाशन स्थान |
|---|---|---|---|---|---|
| १. | प्रेतात्माको अधुरो सपना | नर्थ पोइन्टर वार्षिक | वि.सं. २०२९ | सन्त जोसेफ कलेज | दार्जिलिङ |
| २. | त्याग | सिन्दुर (त्रैमासिक) वर्ष ४, अङ्क ३ | वि.सं. २०२९ | सिन्दुर प्रकाशन | काठमाडौं |
| ३. | दिनभरिको कथा | बान्कि मासिक, अङ्क १७ | वि.सं. २०३१ | राम थापा | " |
| ४. | अतिक्रमण | बान्कि मासिक, अङ्क २१ | वि.सं. २०३२ | " | " |
| ५. | विवशताको घेराभित्र | रत्नश्री (द्विमासिक) वर्ष १३, अङ्क २ | वि.सं. २०३२ | रत्नश्री प्रकाशन | " |
| ६. | मेरो जीवनका मोडहरू | कल्पना (त्रैमासिक कथा विशेषाङ्क) | वि.सं. २०३६ | कल्पना प्रकाशन | धरान |
| ७. | अनि फेरि एउटा कथा दोहोरिन्छ | मधुपर्क वर्ष १०, अङ्क ११ | वि.सं. २०३५ | गोरखापत्र संस्थान | काठमाडौं |
| ८. | त्यो पसकलकी साहुनी | मधुपर्क वर्ष १२, अङ्क २ | वि.सं. २०३६ | गोरखापत्र संस्थान | " |
| ९. | बत्ती मुनिको अध्यारो | मधुपर्क वर्ष १२, अङ्क ९ | वि.सं. २०३३ | रूपायन प्रकाशन | " |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | सुशिका तीन परिच्छेद जीवन | रूपरेखा (मासिक) वर्ष २०, अङ्क ८, पूर्णाङ्क २२४ | वि.सं. २०३६ | गगन विरही | ” |
| ११. | मृत्युबोध | सुसेली (त्रैमासिक) वर्ष १, अङ्क २ | वि.सं. २०३६ | उपेन्द्र श्रेष्ठ | सिन्धुपलान्चोक बाह्रबिसे |
| १२. | भविता | शिलान्यास (द्विमासिक) वर्ष ११, अङ्क ७-८ | वि.सं. २०३६ | गगन विरही | काठमाडौं |
| १३. | निः सारतामा बाँचेको जिन्दगी | सुसेली (त्रैमासिक) वर्ष १, अङ्क ३ | वि.सं. २०३७ | रूपायन प्रकाशन | सिन्धुपलान्चोक बाह्रबिसे |
| १४. | अफिसदेखि घरसम्म | रूपरेखा (मासिक) वर्ष २२, अङ्क १, पूर्णाङ्क २४१ | वि.सं. २०३८ | रत्नकुमार कोजू | काठमाडौं |
| १५. | अकथा | आरोहण (कथा प्रधान साहित्यिक त्रैमासिक) वर्ष १, शिविर ३ | वि.सं. २०३८ | सयपत्री फिल्म प्रा. | भक्तपुर |

| क.सं. | कथा शीर्षक | पत्रिका | प्रकाशन मिति | प्रकाशक | निर्माता | प्रकाशन स्थान |
|---|---|---|---|---|---|---|
| १६. | तिलहरी कथा पटकथा | रूपरेखा ( मासिक) वर्ष २६, अङ्क ८, पूर्णाङ्क २४८ | वि.सं. २०४१ | रूपायन प्रकाशन | सयपत्री फिल्म प्रा.ली.द्वारा निर्मित चलचित्रको कथा (२०४५) | काठमाडौं |
| १७. | बासुरी चलचित्रको संवाद | | सन् १९८० | साइनाथ प्रोडक्सन प्रा.लि. | साइनाथ प्रोडक्सन प्रा. लि. (१९८०) | बम्बई |
| १८. | ‘गोधुली’ भिडियो कथा, पटकथा र संवाद | | वि.सं. २०४२ | के.के. फिल्म प्रोडक्सन प्रा.लि. | के.के. फिल्म प्रा.लि. काठमाडौंद्वारा निर्मित (वि.सं. २०४३) | काठमाडौं |
| १९. | ‘पछ्यौरी’ चलचित्रको कथा, पटकथा र संवाद | | वि.सं. २०५३ | अमृत सिने प्रा.लि. | अमृत सिने प्रोडक्सन प्रा.लि. पोखराद्वारा निर्मित चलचित्र (वि.सं. २०५३) | पोखरा |

**प्रतापचन्द्र प्रधानका निबन्धहरूको विवरण**

**तालिका नं. ५**

| क्र.सं. | निबन्ध शीर्षक | पत्रिकाको नाम | प्रकाशन मिति | प्रकाशक | प्रकाशन स्थान |
|---|---|---|---|---|---|
| १. | अनुवाद कला | पश्चिम बंगाल (साप्ताहिक) | वि.सं. २०३२ | पश्चिम बंगाल सरकार | दार्जिलिङ |
| २. | नेपाली साहित्यका केही कमजोरी पक्षहरू | रत्नश्री (द्वैमासिक) वर्ष १५, अङ्क ४ | वि.सं. २०३३ | रत्नश्री प्रकाशन | काठमाडौं |
| ३. | मान्छे किन मनरोगी हुन्छ ? | उर्नी वर्ष १, अङ्क २ | वि.सं. २०३४ | गणेश श्रेष्ठ | दमक, झापा |
| ४. | दार्जिलिङको योगदान नेपाली साहित्यमा | बान्कि (मासिक) अङ्क २८ | वि.सं. २०३४ | राम थापा | काठमाडौं |
| ५. | औपन्यासिक परिप्रेक्ष्यमा लघु उपन्यास | श्रीनगर (त्रैमासिक) वर्ष ७, पूर्णाङ्क २१ | वि.सं. २०३५ | श्रीनगर प्रकाशन | तानसेन पाल्पा |
| ६. | 'रूपरेखा' र नेपाल बाहिरका नेपाली | रूपरेखा (मासिक) वर्ष १८, पूर्णाङ्क २०१ | वि.सं. २०३५ | रूपायन प्रकाशन | काठमाडौं |
| ७. | दार्जिलिङ र दार्जिलिङीय नेपाली समाजका केही झझल्काहरू | प्रज्ञा (त्रैमासिक), वर्ष ७, पूर्णाङ्क २४ | वि.सं. २०३५ | नेपाल राजकीय प्रज्ञा प्रंतिष्ठान | काठमाडौं |
| ८. | दार्जिलिङ जिल्लामा भाषिक संघर्ष र मान्यताको रेखाङ्कन | हिमाल चुली (दैनिकी) वर्ष १, संख्या ११२ | ५ जुलाइ १९९२ (२१ आषाढ २०३९) | सुदास तालुकदार | सिलिगुडी |